# फेयरवाइल्ड मापदण्ड
# (FairWild Standard)

## संस्करण २.० (Version 2.0)

# कार्यसम्पादनका सूचकहरु
# (Performance Indicators)

अगष्ट २६, २०१० मा फेयरवाइल्ड सञ्चालक समितिद्वारा अनुमोदित

फेयरवाइल्ड प्रमाणीकरणका लागि स्व-निरीक्षण/परीक्षण गर्ने
प्रमाणहरु/सत्यापनहरु र नियन्त्रण अंकहरु
यो दस्तावेज फेयरवाइल्ड मापदण्ड: संस्करण २.० सँगसँगै उपयोग गरिन्छ ।









फेयरवाइल्ड मापदण्डको संस्करण २.० र अन्य सम्बन्धित दस्तावेजहरू फेयरवाइल्डको वेबसाइट (www.FairWild.org) मा उपलब्ध छन् ।

थप जानकारीका लागि सम्पर्क

फेयरवाइल्ड मापदण्डको संस्करण २.० र यसका कार्यसम्पादन सूचकहरूमा यहाँहरूको सुझावलाई स्वागत गरिन्छ । यसका लागि कृपया info@FairWild.org मा सिधा सम्पर्क गर्न वा जिज्ञासा राख्न सक्नु हुनेछ ।

उद्धरणः FairWild Foundation. 2010. FairWild Standard: Version 2.0 / Performance Indicators. FairWild Foundation, Weinfelden, Switzerland.

फेयरवाइल्ड प्रतिष्ठान, स्वीजरल्याण्ड

शैक्षिक प्रयोजन वा अन्य गैरमुनाफाको प्रयोजनका लागि वा फेयरवाइल्ड मापदण्डको आन्तरिक उपयोगका लागि यसका उपभोक्ताहरूद्वारा यस दस्तावेजको प्रतिलिपि अधिकारवालाको लिखित अनुमति नलिई पुन-प्रकाशन गर्न अनुमति रहेको छ, यद्यपि सोको स्रोतको बारेमा स्पष्ट रूपमा खुलाईएको हुनुपर्नेछ ।

पुनः विक्रिवितरण वा अन्य व्यापारिक उद्धेश्यका लागि यस दस्तावेजको प्रतिलिपि अधिकार वालाको पूर्वलिखित अनुमति नलिई पुन-प्रकाशन गर्न निषेध गरिएको छ ।

यस दस्तावेजको तयारीका लागि आर्थिक सहयोग र उल्लेखनीय योगदानका लागि हामी निम्न संस्थाहरू प्रति कृतज्ञ छौंः

Federal Agency for Nature Conservation (BfN), Government of Germany
WWF Germany
Institute for Marketcology (IMO)
International Academy for Nature Conservation, Isle of Vilm, Germany
German Federal Ministry for Economic Co-operation and Development (BMZ)
Communities, collector co-operatives, research institutions, government agencies, and companies involved in collecting, processing and trading wild-harvested products.

**Disclaimer:** *The English-Nepali translation of this document was undertaken by ANSAB with the financial assistance of the Darwin Initiative through the UK Government. While every effort is made to ensure accuracy of translation, in case of any errors or difference in meaning, the original English version of the document must be taken as the reference point.*

## विषयसूची


| | |
|---|---|
| **परिचय : फेयरवाइल्ड कार्यसम्पादन सूचकहरूको उपयोग विधि** | **३** |
| फेयरवाइल्ड प्रमाणीकरणका लागि आवश्यक मूल्यांकन प्रणालीको अवलम्बन | ३ |
| लक्षित प्राकृतिक प्रजातिको दिगो नहुने गरी संकलन गर्दा हुने जोखिमको मूल्यांकन | ५ |
| **भाग १ : वन जंगलमा प्राकृतिक रूपमा रहेका सबै वनस्पतिहरूको संकलन कार्यका लागि फेयरवाइल्ड सूचकहरू** | **९** |
| ०.१ आधारभूत नियन्त्रण अंकहरू | ९ |
| **सिद्वान्त १. वन जंगलमा रहेका वनस्पति स्रोतहरू कायम राख्ने ।** | **१०** |
| १.१ लक्षित प्रजातिहरूको संरक्षण अवस्था | १० |
| १.२ ज्ञानमा आधारित संकलन अभ्यासहरू | १० |
| १.३ संकलन दरको दिगोपना | १५ |
| **सिद्वान्त २ : नकारात्मक वातावरणीय प्रभावको रोकथाम** | **२०** |
| २.१ संबेदनशील वनस्पति, जीवजन्तुहरूको समूह र यिनीहरूको बासस्थान | २० |
| २.२ भूदृष्य तहमा रहेका वनस्पतिहरूको बासस्थानको व्यवस्थापन | २१ |
| **सिद्वान्त ३ : प्रचलित कानून, नियम र सम्झौताहरूको परिपालना** | **२३** |
| ३.१ स्रोतमाथिको पूर्णअधिकार, व्यवस्थापकीय अधिकार र उपयोगको अधिकार | २३ |
| ३.२ कानून, नियम र प्रशासकीय आवश्यकताहरू | २६ |
| **सिद्वान्त ४ : प्रथाजनित अधिकारको सम्मान र लाभको बाँडफाँड** | **२६** |
| ४.१ परम्परागत उपयोग र अभ्यास, पहुँचको अधिकार र सांस्कृतिक सम्पदा | २७ |
| ४.२ लाभको बाँडफाँड | २९ |
| **सिद्वान्त ५ : संकलकहरू र खरिदकर्ताहरू बीच स्वच्छ सम्झौताजन्य सम्बन्ध विकासका लागि प्रवर्द्धन** | **३२** |
| ५.१ स्वच्छ सम्झौतामा आधारित सम्बन्ध | ३२ |
| ५.२ संकलकहरू विरुद्ध भेदभाव गर्न निषेध | ३४ |
| **सिद्वान्त ६ : जंगली वनस्पति संकलनसम्बन्धी क्रियाकलापमा बालवालिकाको सहभागिता न्यूनीकरण** | **३६** |
| ६.१ बालबालिका र युवा संकलक | ३६ |
| ६.२ संकलन कार्यका लागि बालवालिकासँग संकलन सम्झौता | ३७ |
| ६.३ संकलनका लागि बालवालिकाद्वारा अभिभावकलाई सहयोग | ३८ |
| **सिद्वान्त ७ : संकलक र उनीहरूको समुदायका लागि लाभको सुनिश्चितता** | **४०** |

| | |
|---|---|
| ७.१ संकलककलाई न्यायोचित मूल्य र भुक्तानी | ४० |
| ७.२ फेयरवाइल्ड प्रिमियमको उपयोग र प्रशासन | ४३ |
| **सिद्धान्त ८ : वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनमा संलग्न सबै श्रमिकहरूका लागि न्यायोचित किसिमको काम गर्ने वातावरणको सुनिश्चितता** | **४६** |
| ८.१ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको आधारभूत श्रम अधिकार | ४६ |
| ८.२ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको लागि सुरक्षित कार्यस्थल र वातावरण | ४९ |
| ८.३ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीलाई न्यायोचित किसिमको रोजगारीको अवस्था | ५२ |
| **सिद्दान्त ९ : जिम्मेवारपूर्ण व्यवस्थापन अभ्यासहरूको अवलम्वन** | **५८** |
| ९.१ वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना | ५८ |
| ९.२ स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन | ६० |
| ९.३ संकलकहरूद्वारा दिगो संकलनका उपायहरूको कार्यान्वयन | ६२ |
| ९.४ तालिम र क्षमता विकास | ६६ |
| ९.५ पारदर्शिता र सहभागिता | ६९ |
| **सिद्दान्त १० : जिम्मेवारपूर्ण व्यवसायजन्य अभ्यासहरूको अवलम्बन** | **७०** |
| १०.१ बजार/क्रेताको विशिष्टीकरण (Specifications) | ७० |
| १०.२ अभिलेखिकरण तथा सहज खोज प्रक्रिया | ७३ |
| १०.३ वित्तीय सम्भाव्यता र जवाफदेहीपूर्ण व्यापार सम्बन्ध | ७६ |
| **सिद्दान्त ११ : क्रेताको प्रतिवद्धताका निमित्त बढवा दिने वा प्रवर्द्धन गर्ने** | **७८** |
| **भाग २ : उच्च जोखिममा रहेका प्रजातीहरूको लागि अतिरिक्त फेयरवाइल्ड सूचकहरू** | **७८** |
| १.१ लक्षित प्रजातिको संरक्षणको वर्तमान अवस्था | ७८ |
| १.२ ज्ञानमा आधारित संकलन अभ्यासहरू | ७९ |
| १.३ संकलन दरको दिगोपना | ८० |
| ९.१ वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना | ८२ |
| ९.२ स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन | ८३ |
| ९.३ संकलकहरूद्वारा दिगो संकलनका उपायहरूको कार्यान्वयन | ८३ |
| **सन्दर्भ सामग्रीहरू** | **८५** |
| अनुसूची १ : शब्दको वर्णन र संक्षिप्त शब्द | ८८ |
| अनुसूची २ : शब्दावलीहरू | ८९ |

## परिचयः फेयरवाइल्ड कार्यसम्पादन सूचकहरूको उपयोग विधि

यस दस्तावेजमा फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणका सिद्धान्तहरू र आधारहरूलाई समावेश गरिएको छ साथै स्व-मूल्यांकन र फेयरवाइल्ड प्रमाणीकरणका लागि कार्यसम्पादन सूचकहरूलाई परिभाषित (स्पष्ट) गरिएको छ । यी कार्यसम्पादन सूचकहरूलाई प्रमाणीकरण गर्न चाहने आवेदकले फेयरवाइल्ड मापदण्डका आवश्यकताहरू परिपालना गरेको कुरा मूल्यांकन गर्न उपयोग गर्नेगरी नियन्त्रण अंकहरूको रूपमा विकास गरिएको छ । प्रमाणीकरण गर्ने अपेक्षित परिणाम नराखिएको भएपनि फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणका सिद्धान्त र आधारहरू बमोजिम प्राकृतिक वस्पतिहरूको दिगो रूपमा संकलन गर्ने कार्य गरिएको छ भने स्वमूल्यांकन गर्न यी कार्य सम्पादन सूचकहरूलाई प्रमाणको रूपमा उपयोग गर्न सकिन्छ । यी कार्य सम्पादन सूचकहरूले वन जंगलका वनस्पतिहरूको दिगो संकलनलाई योगदान पुग्नेगरी पारिस्थितिकीय, सामाजिक र आर्थिक अभ्यासहरूको विकास र कार्यान्वयनका लागि फेयरवाइल्ड मापदण्डका सिद्दान्त र आधारहरूको व्यावहारिक अभ्यास बुझ्नमा इच्छुक सरोकारवाला संस्थाहरूलाई सघाउन सक्दछ ।

यो दस्तावेज फेयरवाइल्ड मापदण्डको मुख्य प्रकाशनको रूपमा रहेको दोस्रो संस्करणको एउटा भागको रूपमा रहेको छ, जसले फेयरवाइल्ड मापदण्डको प्रयोजन र उद्देश्य, क्षेत्र, विकास, व्यवस्थापन र प्रारूपको बारेमा वर्णन गर्दछ । दुबै दस्तावेजमा प्रयोग भएका शब्दावली र शब्दहरूलाई अनुसूचीमा परिभाषित गरिएका छन्, जुन शब्दहरू मापदण्डको मुख्य दस्तावेजमा पनि प्रयोग गरिएका छन् । दुवै दस्तावेजहरू फेयरवाइल्ड प्रतिष्ठानको वेबसाइट (www.FairWild.org) मा उपलब्ध रहेका छन् ।

यस दस्तावेजमा "लक्षित वनस्पतिहरू" र "लक्षित स्रोतहरू"का सन्दर्भमा थप सन्दर्भ सामग्रीहरू दिइएको छ, जसलाई फेयरवाइल्ड मापदण्डको उपयोग गरी मूल्यांकनका लागि छनौट गरिएका सबै वनस्पतिहरू, ढुसीजन्य (फंगी) वनस्पतिहरू र झ्याउ प्रजातिहरू समावेश गरिएका छन् भनी बुझ्नु पर्ने हुन्छ ।

## फेयरवाइल्ड प्रमाणीकरणका लागि आवश्यक मूल्यांकन प्रणालीको अवलम्बन

फेयरवाइल्ड प्रमाणीकरण मूल्यांकन प्रणाली खासगरी वन जंगलका वनस्पतिको दिगो संकलनमा योगदान गर्नेगरी पारिस्थितिकीय, समाजिक र आर्थिक अभ्यासको पर्याप्त स्तर हासिल गर्ने र यसको कार्यान्वयनमा निरन्तर सुधारका लागि सहजीकरण गर्नका लागि विकास गरिएको थियो, जसले न्यूनतम कार्यसम्पादन भन्दा अझ अगाडी बढ्ने प्रतिवद्वता प्रदर्शन गर्दछ । फेयर वाइल्ड मापदण्डमा ११ वटा सिद्धान्तहरू र २९ वटा आधारहरू रहेका छन् । प्रथम १० वटा

[1]फेयरवाइल्ड प्रतिष्ठान, २०१०, फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करण, फेयरवाइल्ड प्रतिष्ठान, स्वीट्जरल्याण्ड

[2]SSC-MAP को पहिलो संस्करणको सिद्दान्त नं. १ को कार्यान्वयनका लागि बनाइएको मार्गदर्शनमा रहेको सिद्धान्त १ नै फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणको सिद्दान्त नं १ हो, जुन दस्तावेज www.FairWild.org मा उपलब्ध छ ।

[3]CUNNINGHAM (2001) and PETERS (1994) मा अधारित

[4]प्रतिवस्तु उत्पादनका आधारमा भुक्तानी दिइएको भएमा अतिरिक्त समयमा काम गरेको अवस्थामा बाहेक औसत दैनिक उत्पादनलाई अधार मानी आम्दानी गणना गर्न सकिने ।

सिद्धान्तहरू र सोसँग सम्बन्धित आधारहरू वन जंगलबाट प्राकृतिक वनस्पतिहरू संकलन गर्ने कार्यसँग सम्बन्धित छन् भने गुणात्मक र मात्रात्मक मापदण्डहरूको रूपमा सूचकहरू र नियन्त्रण अंकहरू परिभाषित गरिएका छन् जसले यस मापदण्डका आधारहरूसँग मिल्नेगरी संकलकले पालना गर्नुपर्ने कार्यहरूको मूल्यांकन गरिएको प्रमाणित गर्दछ । फेयरवाइल्ड मूल्यांकन प्रणालीमा प्रत्येक सूचक र नियन्त्रण अंकले आफै वा तेस्रो पक्षले गर्ने मूल्यांकन प्रक्रियाको सहजीकरणका लागि परिपालना गर्नुपर्ने कुराहरूको प्रगतीशील तहहरूको व्याख्या गर्नुका साथै प्रगतिहरूको प्रदर्शन गर्ने अवशर प्रदान गर्दछ ।

मूल्यांकन प्रणालीले विशेष परिस्थिती अनुसार फेयरवाइल्ड मापदण्डका आधारहरू पूरा गर्नका लागि प्रमाणीकरण निवेदकलाई केही लचकता प्रदान गर्दछ, जसले गर्दा प्रमाणीकरणका लागि स्पष्ट रूपमा परिभाषित गरिएका न्यूनतम आवश्यकताहरूको परिपालनाद्वारा एउटा उच्च स्तरको समग्र कार्यसम्पादन तहको सुनिश्चितता हुन्छ ।

## न्यूनतम सामान्य आवश्यकताहरू र नियन्त्रण अंकहरूको प्राप्ताङ्क

० - न्यून कार्य सम्पादन/पालना गर्नुपर्ने मापदण्ड पालना नगरेको ।

१ - हाललाई सन्तोषजनक काम नगरेको भएपनि फेयरवाइल्ड मापदण्डका आवश्यकताहरू पुरा गर्नेतर्फ सकारात्मक पहलहरू शुरू गरिसकेको ।

२ - फेयरवाइल्ड मापदण्डका आधारहरू प्रयाप्त मात्रामा पुरा गरेको र दिगो संकलनसम्बन्धी प्रत्येक सूचकहरूका आधारभूत नियमहरु पालना गरेको ।

३ - उत्तम कार्यसम्पादन गरी आधारभूत नियमहरु भन्दा विशिष्टता (उच्चता) प्रदर्शन गरेको ।

M (न्यूनतम - न्यू.)= यसले न्यूनतम रूपमा पुरा गर्नुपर्ने आवश्यकतालाई जनाउँछ (जस्तैः प्रमाणीकरणका लागि न्यूनतम आवश्यकता सधै पुरा गर्नेपर्ने हुन्छ)

MAX (अधिकतम -)= सम्बन्धित सूचक र नियन्त्रण अंकका लागि अधिकतम प्राप्तयोग्य नम्बर

Total Norm Points (TNP) (पूर्णाङ्क-पू.) यदी सबै न्यूनतम आवश्यकताहरू पूर्णरूपमा पालना गरिएको भए सो वापत दिइने पूर्णाङ्क (सबै अंक प्राप्त गरेमा मूल्यांकन गर्दा दिइने नम्बर - २)

**स्कोर**ः संकलनका कार्यहरू गर्दा सम्बन्धित नियन्त्रण अंक पुरा गरेमा परीक्षकले स्कोर दिने कार्य गर्दछन भने स्वमूल्यांकनकर्ताले पनि स्कोर प्रयोग गर्न सक्दछन् ।

## न्यूनतम आवश्यकताहरू

प्रमाणीकरणका लागि संकलन गर्ने कार्य गर्दा तल उल्लेखित दुई किसिमका न्यूनतम आवश्यकताहरू पुरा गर्नै पर्दछ :

१. सबै न्यूनतम (न्यू.) आवश्यताहरू पुरा गरेको हुनु पर्दछ । त्यसैले केही सिमित सूचकहरू र नियन्त्रण अंकहरू मात्र न्यूनतम आवश्यकताहरूमा समावेश गरिएको छ । केही सूचक तथा नियन्त्रण अंकहरूलाई प्रमाणीकरणको दोस्रो वा तेस्रो वर्षका लागि न्यूनतम आवश्यकताको

रूपमा राखिएको छ, किनकी वन जंगलमा प्राकृतिक वनस्पतिको संकलनका अधिकांश कार्यहरू गर्ने क्रममा आवश्यक पर्ने सूचना र जानकारीहरू संकलन गर्नका लागि अतिरिक्त समय आवश्यक पर्दछ वा तोकिएका विशेष कार्यहरू गर्नको लागि एउटा निश्चित स्तर कायम गर्न पनि समय लाग्दछ । (तालिका १ हेर्नुहोस्) ।

## तालिका १: फेयरवाइल्ड प्रमाणीकरणका लागि पुरा गर्नुपर्ने न्यूनतम कार्यसम्पादन आवश्यकताहरू

| प्रमाणीकरण वर्ष | न्यूनतम आवश्यकताहरू |
|---|---|
| "१=न्यू." वा "२=न्यू." | न्यूनतम कार्यसम्पादन तहलाई पहिलो पटक प्रमाणीकरण गर्दा नै पूरा गर्नुपर्दछ । |
| दोस्रो वर्षदेखि लागु हुने न्यूनतम आवश्यकता | न्यूनतम कार्यसम्पादन तह प्राप्तीका लागि गर्नुपर्ने कार्यहरू प्रमाणीकरणको पहिलो वर्षमा कार्यान्वयन गरिएको हुनु पर्दछ र दोस्रो प्रमाणीकरण गर्दा आवश्यक रूपमा पूरा गर्नुपर्ने कार्यसम्पादन तह पार गरेको हुनु पर्दछ । |
| तेस्रो वर्षदेखि लागु हुने न्यूनतम आवश्यकता | न्यूनतम कार्यसम्पादन तह प्राप्तीका लागि गर्नुपर्ने कार्यहरू प्रमाणीकरणको पहिलो दुई वर्षहरूमा कार्यान्वयन गरिएको हुनु पर्दछ र तेस्रो प्रमाणीकरण गर्दा आवश्यक रूपमा पूरा गर्नुपर्ने कार्यसम्पादन तह पार गरेको हुनु पर्दछ । |

यसका अतिरिक्त, फेयरवाइल्ड प्रमाणीकरणका लागि क्रमशः वृद्धि हुँदै जाने पूर्णाङ्कको न्यूनतम प्रतिशत आवश्यक पर्दछ । प्रमाणीकरणको पहिलो वर्ष प्राप्त गर्नुपर्ने पूर्णाङ्कको न्यूनतम प्रतिशत ६० प्रतिशत रहेको छ भने पाँच वर्षको अवधीमा यो प्रतिशतलाई क्रमशः वृद्धि गर्दै १०० प्रतिशतमा पुऱ्याउने गरी कार्यसम्पादन गरिएको हुनु पर्दछ ।

## लक्षित प्राकृतिक प्रजातिको दिगो नहुने गरी संकलन गर्दा हुने जोखिमको मूल्यांकन

वन जंगलबाट प्राकृतिक वनस्पतिको संकलनबाट पर्ने प्रभाव वा दवावप्रति प्रत्येक प्रजातीहरूले अलग अलग प्रतिक्रिया जनाउँदछन् । कुनै प्रजातिमा दिगो नहुने गरी संकलन गरिने कार्यबाट हुने जोखिम तुलनात्मक रूपमा कम हुन्छ । यस्ता प्रजातीका सन्दर्भमा वन जंगलमा संकलन व्यवस्थापनका कार्यहरू (जस्तैः जानकारी संकलन, स्रोतको मूल्यांकन र संकलन कार्यको प्रभाव अनुगमन आदि) का लागि कम गहन किसिमको विधिहरू मात्र आवश्यक पर्न सक्दछन् र यसका लागि तुलनात्मक रूपमा कम विशेषज्ञता, कम समय, कम यकिनता र कम खर्च लाग्न सक्छ । त्यस्ता प्रजातिहरू, जसमा दिगो नहुने गरी संकलन गरिने कार्यबाट हुने जोखिम तुलनात्मक रूपमा उच्च हुन्छ, सोको सन्दर्भमा संकलनका कार्यहरू

गर्दा र संकलक एवं स्रोत व्यवस्थापकहरूले कार्य गर्दा निकै गहन किसिमका विधिहरू (गहन विशेषज्ञता, धेरै समय, निकै यकिनता र धेरै खर्चिलो) को उपयोग गर्नुपर्ने हुन्छ र संकलनको परिमाण र अभ्यासहरू वास्तवमा नै दिगो रहेको छ भन्ने कुराको प्रदर्शन र प्रमाणित गरेको हुनु पर्दछ ।

यस दस्तावेजमा दुई तहका कार्यसम्पादन सूचकहरू समावेश गरिएका छन् : तह एक (भाग १ मा सूचिकृत गरिएका) जसलाई समान्यतया सबै लक्षित प्रजातिहरू र सोको संकलन कार्यहरूमा अवलम्बन गरिन्छ भने तह दुई (भाग २ मा सूचीकृत गरिएका) त्यस्ता प्रजातीहरूका सन्दर्भमा अतिरिक्त रूपमा लागु गरिन्छ, जसलाई फेयरवाइल्ड प्रतिष्ठानले दिगो नहुनेगरी संकलन गरिएको अवस्थामा उच्च जोखिममा रहन सक्छन् भनी विचार गरिरहेको हुन्छ ।

वन जंगलमा रहेका लक्षित प्रजातिहरूको दिगो नहुने गरी संकलन गर्दा जोखिम सृजना हुनमा धेरै तत्वहरूले भूमिका खेलेको हुन्छ । वन जंगलमा रहेका लक्षित प्रजातिहरूको दिगो नहुने गरी संकलन गर्दा जोखिम सृजना गर्ने यस्ता केही तत्वहरू र त्यसका प्रभावहरू तालिका २ मा सूचीकृत गरिएको छ । वन जंगलबाट नियमित रूपमा संकलन गरिने धेरैजसो प्रजातिहरूको लागि प्रकाशित स्रोतहरूबाट प्राप्त जानकारीहरूका आधारमा र वनस्पति संकलनसम्बन्धी विद्यमान अभ्यासहरूका आधारमा कस्तो किसिमको जोखिम सृजना भएको हो भन्ने बारेमा उपयुक्त निश्कर्ष निकाल्न सकिन्छ । यद्यपि, धेरैजसो वन जंगलबाट संकलित वनस्पति, ढुसीजन्य (फंगी) वनस्पतिहरू र झ्याउ प्रजातिहरूमा कस्तो किसिमको जोखिम सृजना भएको हो भन्ने बारेमा उपयुक्त निश्कर्ष निकाल्ने क्रममा पर्याप्त सान्दर्भिक जानकारीहरू संकलनका लागि उपयुक्त किसिमको विज्ञहरूको संलग्नताका साथै अन्य विभिन्न अतिरिक्त प्रयासहरू गर्नुपर्ने आवश्यकता हुन्छ ।[२]

वन जंगलबाट वनस्पति संकलन गर्ने कार्य र यस क्रममा प्रत्येक प्रजातीमा पर्ने सान्दर्भिक जोखिमको वर्गीकरण निर्धारणमा सहयोग लिनका लागि फेयरवाइल्ड प्रमाणीकरण गर्न इच्छुक निवेदकहरूले फेयरवाइल्ड प्रतिष्ठान (info@FairWild.org) मा सम्पर्क गर्नु पर्दछ ।

## तालिका २: वन जंगलमा रहेका लक्षित प्रजातीहरूको दिगो नहुनेगरी संकलन गर्दा सिर्जना हुने जोखिमका लागि प्रभाव पार्ने तत्वहरू

| प्रभाव पार्ने तत्वहरू | न्यून जोखिम (लागत, समय, विशेषज्ञता र जानकारी संकलनका लागि न्यून् कुराहरू आवश्यक हुने) | मध्यम जोखिम (लागत, समय, विशेषज्ञता र जानकारी संकलनका लागि मध्यमस्तरका कुराहरू आवश्यक हुने) | उच्च जोखिम (लागत, समय, विशेषज्ञता र जानकारी संकलनका लागि उच्चस्तरको कुराहरू आवश्यक हुने) |
|---|---|---|---|
| **संरक्षणको अवस्था** | खतरामा नरहेको (मूल्यांकन भएको) वनस्पतिको संख्या र स्रोतको गुणस्तरको अवस्था स्थिर रहेको (घट्दो अवस्थामा नरहेको) | अज्ञात (मूल्यांकन नगरिएको)<br><br>वनस्पतिको संख्या र स्रोतको गुणस्तर को अवस्था घट्दो स्थितीमा छ भन्ने कुरा अज्ञात रहेको । | खतरामा रहेको (मूल्यांकन गरी पहिचान भएको) वनस्पतिको संख्या र स्रोतको गुणस्तरको अवस्था घट्दो स्थितीमा रहेको । |
| **प्रजाती टेक्सोनोमी (वर्गीकरण)/ स्थलगत पहिचान** | - अन्य प्रजातीसँग अन्योलता नरहेको<br>- संकलकद्वारा सजिलै पहिचान गर्न सकिने | - अन्य प्रजातीसँग अन्यौलता रहेको<br>- संकलन दिग्दर्शन र तालिमका प्रावधान सहित राम्रोगरी व्यवस्था गरिएको । | - प्रजाति टेक्सोनोमी (वर्गीकरण) स्पष्ट नरहेको<br>- संकलन क्षेत्रमा अन्य प्रजातिहरूसँग सजिलै किसिमले अन्यौलता रहेको । |
| **प्रजातिको भौगोलिक वितरण** | व्यापक | सिमित | प्रतिबन्धित |
| **प्रजाति स्थल (बासस्थान)**<br>**» विशिष्टता**<br>**» जटिलता**<br>**» संकटासन्नता** | - व्यापक (एकैनाशले वितरण भएको)<br>- केही प्रजातीहरूको प्रभुत्व रहेको<br>- वनस्पतिको बासस्थानमा रहेका चुनौतिहरू अज्ञात रहेको । | - विशेष प्रजाति तर निश्चित वासस्थानमा मात्र पाइने ।<br>- कम विविधता रहेको<br>- चुनौतिहरूलाई व्यवस्थापन र नियन्त्रण गर्न सकिने । | - खास विशेष (साना संख्यामा फरक फरक स्थानमा छरिएर रहने)<br>- उच्च विविधतायुक्त प्रणाली<br>- संकलन कार्यका चुनौतिहरू बाह्य रूपमा रहेका छन र नियन्त्रण गर्न कठिन छ (जस्तै वासस्थानको विनाश, जलवायु परिवर्तन आदि) |

[2]SSC-MAP को पहिलो संस्करणको सिद्दान्त नं. १ को कार्यान्वयनका लागि बनाइएको मार्गदर्शनमा रहेको सिद्दान्त १ नै फेयरवाइल्ड मापदण्डको दोस्रो संस्करणको सिद्दान्त नं १ हो, जुन दस्तावेज धधधँबष्चधष्मि।यचन मा उपलब्ध छ ।

[3]CUNNINGHAM (2001) and PETERS (1994) मा अधारित

| | | | |
|---|---|---|---|
| **प्रजातीहरूको स्थानीय उपलब्धताको परिमाण** | ठुलो संख्यामा पाईने र प्रयाप्त मात्रामा रहेका | मध्यम देखि ठुलो संख्यामा उपलब्ध | सधै सानो संख्यामा उपलब्ध |
| **वनस्पतिको उपयोग हुँदै आएको भागहरू** | पात, फूलहरू, फलफूल | सुकेको काठ, चोप | वनस्पतिको पुरै भाग, बोक्रा, जरा, जराबाट पलाएको टुसाहरू |
| **उत्पादन/ पुनरूत्पादन दर** | तिब्र | कम ब्यापक | कम (विस्तारै) |
| **पुनरूत्पादन जीव विज्ञान :**<br>**» परागसेचन**<br>**» फैलन सक्ने** | - हावाबाट, अजैविक र अलैंगिक<br>- हावाबाट र पानीबाट | - सामान्य प्राणीबाट (चराहरूबाट र किराहरूबाट)<br>- सामान्य रूपमा फैलाउन सक्नेबाट (चराहरू, साना घस्रने प्राणीहरू) | - अति विशिष्ट (गोब्रे कीराहरू, मौरीहरू, चमेराहरू)<br>- ठूला घस्रिने प्राणीहरू र ठूला चराहरू |
| **व्यापारिक माग** | प्रयाप्त मात्रामा उपलब्ध (व्यापार का लागि संकलित वनस्पतिहरूको कमी नरहेको) | व्यावसायिक माग स्थिर रहेको । | - व्यापारका लागि संकलित वनस्पतिहरूको अभाव रहेको<br>- व्यावसायिक माग बढीरहेको । |
| **एकल उपयोग विरूद्ध बहुपक्षीय उपयोग** | एउटा मात्र प्रयोजनका लागि उपयोग हुँदै आएको र प्रतिस्पर्धा नरहेको । | उपयोगहरूका बीच केही तथा न्यून विवाद | प्रजातीहरूको बहुपक्षीय उपयोग |
| **उपभोक्ताहरूको समूह (एकल विरूद्ध बहुपक्षीय)** | एउटा मात्र कम्पनी वा संकलकहरूको एउटा मात्र समूह रहेका | एक भन्दा बढी कम्पनी वा संकलकहरूको समूहहरू रहेका तर उनीहरू बीच स्पष्ट व्यवस्थापन सम्झौता भएको । | एक भन्दा बढी कम्पनी वा संकलकहरूको समूहहरू रहेका तर उनीहरू बीच स्पष्ट व्यवस्थापन सम्झौता नभएको । |

## भाग १: वन जंगलमा प्राकृतिक रूपमा रहेका सबै वनस्पतिहरूको संकलन कार्यका लागि फेयरवाइल्ड सूचकहरू

फेयरवाइल्ड प्रमाणीकरण अन्तर्गतका सबै कार्यहरू गर्दा र सबै लक्षित प्रजातिहरूका सन्दर्भमा तल उल्लेखित कार्यसम्पादन सूचकहरू लागु हुन्छन् । वन जंगलमा भएका वनस्पतिहरूको दिगो किसिमले संकलन नगरिएको कारण उच्च जोखिमपूर्ण अवस्थामा रहेको छ भनी किटान गरिएको कुनै लक्षित प्रजातिको हकमा केही अतिरिक्त कार्यसम्पादन सूचकहरू र उच्चस्तर का न्यूनतम शर्तहरू लागु हुन्छन्, जुन यस दस्तावेजको भाग २ मा सूचीकृत गरिएका छन् ।

### ०.१ आधारभूत नियन्त्रण अंकहरू

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक: ०.१ आधारभूत नियन्त्रण अंकहरू | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ०.१ क | परीक्षणको समयमा संकलन कार्य गराउने म्यानेजर (व्यावस्थापक) उपलब्ध रहेको; वन जंगलका वनस्पति संकलन गर्ने क्षेत्रहरू र थुपार्ने क्षेत्रहरूका साथै आवश्यक कागजातहरूमा पहुँच प्रदान गरिने व्यवस्था गरिएको : (०) पहुँचमा स्पष्ट रूपमा प्रतिबन्ध लगाइएको; (१) पहुँचमा प्रतिबन्ध नलगाइएको पाइएता पनि सबै कागजातहरू उपलब्ध नगराइएको र सम्बन्धित कर्मचारी/पदाधिकारी उपस्थित नरहेको; (२) परीक्षणको क्रममा कर्मचारी/पदाधिकारी उपस्थित रहेको र कागजात उपलब्ध गराइएको; (३) परीक्षणका क्रममा कर्मचारी/पदाधिकारीले सहजीकरण गरेको । | ३ | |
| ०.१ ख | प्रमाणीकरण गर्न आउनेलाई विभिन्न क्रियाकलापहरू र संकलन कार्यहरूमा गरिएको महत्वपूर्ण परिवर्तनहरूको बारेमा सूचित गरिएको (जस्तै : ठेगाना परिवर्तन, संकलन क्षेत्र परिवर्तन, थप गरिएका नयाँ क्रियाकलापहरू, योजना अनुसार संकलन गरिएको परिमाण र सोमा थप संकलन गरिएको अधिक परिमाण आदि) : (०) आधारभूत रूपमा परिवर्तन गरेका कुराहरूको बारेमा कुनै पनि सूचना उपलब्ध नगराइएको, (१) कतिपय स-साना कुरा परिवर्तन गरिएको तर सो बारेमा जानकारी नगराइएको, (२) परिवर्तन गरिएका र नगरिएका सबै कुरा जानकारी गराइएको, (३) प्रमाणीकरण गर्न आउनेलाई परिवर्तन भएका कुराहरूको बारेमा राम्रोसँग अग्रिम जानकारी गराइएको । | ३ | |

## सिद्दान्त १. वन जंगलमा रहेका वनस्पति स्रोतहरू कायम राख्ने ।

वन जंगलबाट संकलन गरिने वनस्पति स्रोतहरूको संकलन त्यसको तह, परिमाण र तरिकालाई मध्यनजर गरि गरिनुपर्दछ जस्ले ति वनस्पतिहरूको संख्या र प्रजातीहरूलाई दीर्घकालिन रूपमा कायम गर्दछ ।

### १.१ लक्षित प्रजातिहरूको संरक्षण अवस्था

लक्षित गरिएका प्रजातिहरूको संरक्षणको अवस्था र सोको संख्याको मूल्यांकन र नियमित पूनरावलोकन गरिएको हुनु पर्नेछ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : १.१ लक्षित प्रजातिको संरक्षणको वर्तमान अवस्था | | अधिक नं. | स्कोर |
|---|---|---|---|---|
| १.१ क | संकलित प्रजातिहरूको संरक्षणको विद्यमान अवस्था: (०) वर्तमान अवस्थाबारे थाहा नभएको वा जाँच नगरिएको, (१) केही जानकारीहरू अधुरा वा अपूर्ण रहेको र अद्यावधिक नगरिएको, (२ . न्यू.) प्रजातिहरूको बारेमा विश्वव्यापी/राष्ट्रिय/क्षेत्रीय (स्थानीय) अवस्थाका बारेमा जानकारी रहेको र स्रोतको मूल्यांकन गर्दा वा प्रजातिको जानकारी पुस्तिका (पार्श्वचित्र) मा सो विवरण समावेश गरिएको, (३) संकलनका कार्यहरूले संरक्षणको अवस्थाका बारेमा नियमित मूल्यांकन गर्न वा पुनरमुल्याङकन गर्न योगदान गर्दै आएको । | | ३<br>२=न्यू. | |
| | उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.१ ख (भाग २ हेर्नुहोस्) | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| अधिक अंकहरू (नम्बर)/पूर्णाङ्क/स्कोर | | ३ | २ | |

### १.२ ज्ञानमा आधारित संकलन अभ्यासहरू

संकलन र व्यवस्थापन अभ्यासहरू लक्षित वनस्पतिका प्रजातिहरू र संकलनको प्रभावहरूको पर्याप्त मात्रामा पहिचान, नक्शांकन, स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमनमा आधारित हुने छन् ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : १.२ ज्ञानमा आधारित संकलन अभ्यास | अधिक नं. | स्कोर |
|---|---|---|---|
| १.२ क | संकलन कार्य गर्दा मिश्रण भएको संकलित वस्तुहरूमा चिनिएको दुर्लभ वनस्पति समावेश भएको: (०) फेयरवाइल्ड व्यवस्थापनमा यस्ता दुर्लभ वनस्पतिहरू समावेश गर्ने योजना नै नभएको र फेयरवाइल्ड प्रमाणीकरण अन्तर्गत समावेश नै नभएको अवस्थामा संकलकले संकलन कार्य गर्दा दुर्लभ वनस्पति संकलन गरेको, (२) न त फेयरवाइल्ड लक्षित प्रजातिको रूपमा न त फेयरवाइल्ड प्रमाणीकरण बाहिर रहेर वनस्पति संकलनका क्रममा व्यापारिक प्रयोजनका लागि कुनैपनि दुर्लभ वनस्पतिहरू संकलन नगरेको अथवा संकलन गरिएको भए कम्तिमा २ वर्षभित्र यस्तो संकलन खारेज गर्ने योजना बनाएको, (३) सम्पूर्ण संकलन क्रियाकलापहरूलाई स्पष्ट रूपमा दिगो संकलन बनाउने प्रतिवद्धता गरिसकेको (जस्तै : सबै प्रजातिहरूलाई फेयरवाइल्ड व्यवस्थापन अन्तर्गत ल्याउनका लागि उल्लेखनीय रूपमा प्रयासहरू गरेको) | ३ | |
| १.२ ख | संकलनका लागि लक्षित गरिएका प्रजातीहरू स्पष्ट रूपमा पहिचान भएको : (०) आधिकारिक रूपमा पहिचान नगरिएको, बारम्बार अन्यौलता रहेको, (१) पहिचान भएका प्रजातिहरूको बारेमा पनि वास्तविक जानकारीको स्तर निकै न्यून रहेको, (२ . न्यू.) संकलन क्षेत्रबाट वनस्पतिको वर्गीकरण अनुसार को वास्तविक वानस्पतिक नाम सहित पूर्णविवरण उल्लेख गरिएको रसिद उपलब्ध गराउने गरेको र यस्तो प्रजातिको स्थानीय र व्यापारिक नामहरू स्पष्ट रूपमा थाहा भएको (३) संकलित प्रजातीको निकै राम्रो विवरण र जानकारी पुस्तिका उपलब्ध रहेको र यस्तो विवरण र प्रजातिको स्थानीय एवं व्यापारिक नामहरूसँग सामञ्जस्यता रहेको अथवा लक्षित प्रजातिका बारेमा वनस्पतिको आधिकारिक नाम र स्थानीय नामका बीचमा रहेको द्विविधा हटाउनका लागि प्रयाप्त प्रयास र उल्लेखनीय योगदान गरेको । | ३<br>२=न्यू. | |
| १.२ ग | संकलन क्षेत्रहरूमा लक्षित संख्याका वनस्पतिहरूको नक्शांकन भएको : (०) नक्शामा संकेत नगरिएको र लक्षित संख्याका वनस्पतिहरू रहेको स्थानको बारेमा राम्रो ज्ञान समेत नभएको, (१) लक्षित संख्याका वनस्पतिहरूलाई लगभग दुरूस्त रूपमा संकेत गरिएको, संकलन क्षेत्रमा वास्तविक स्थानहरू बारे वास्तविक रूपमा थाहा नभएको अथवा समान्य नक्शा (हातले | ३<br>२=न्यू.<br>दोस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | कोरेको वा इन्टरनेटबाट निकालिएको) का आधामा थोरै जानकारी रहेको, यद्यपि संकलकहरू र संकलन गराउने म्यानेजरलाई संकलन क्षेत्रको बारेमा रामैसँग जानकारी रहेको, (२ = न्यू. दोस्रो वर्षदेखि) लक्षित प्रजातीहरू संकलन गर्ने क्षेत्र र खास स्थानहरूका बारेमा नक्शाका माध्यमबाट पत्ता लगाउन सक्ने अवस्था रहेको (यदी यस्तो अवस्था हो भने संकलन क्षेत्रको सम्पूर्ण भागको बारेमा थाहा भएको हुन सक्छ), (३) संकलन क्षेत्रभित्र रहेका लक्षित प्रजातिहरू र संकलन स्थानहरूको बारेमा धेरै राम्रो ज्ञान र अभिलेखीकरण भएको ।<br><br>उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.२ ग (भाग २ हेर्नुहोस्) | | |
| १.२ घ | सम्भावित प्रदूषणहरू (शहरी क्षेत्र, उद्योगहरू, बाढी पहिरो, व्यापक उत्पादन केन्द्रित कृषि क्षेत्रहरू) का सबै मूख्य स्रोतहरू नक्शामा देखाइएको : (०) जानकारी उपलब्ध भएर पनि नक्शामा नदेखाइएको, (१) कुनै कागजातमा विवरण लेखिएको वा नक्शामा मोटामोटी रूपमा संकेत गरिएको, (२) नक्शामा संकेत गरी आवश्यकता अनुसार व्यावस्थापन योजना वा संकलन सम्बन्धी नियमहरूमा व्याख्या गरिएको, (३) राम्रो किसिमले नक्शाहरू बनाइएको र संकलकहरूलाई मूख्य प्रदुषण क्षेत्रका भित्री सिमानाहरूका बारेमा जानकारी प्रवाह गर्ने प्रणाली विकास गरिएको । | ३ | |
| १.२ ङ | वन जंगलका वनस्पतिहरू संकलन गर्ने क्षेत्रहरू कृषि भूमीहरूसँग अलग्याइएको : (०) खेति गरिँदै आएका कृषि भूमीहरू (वा कृषि भूमीको नजिकै) बाट संकलन गरिएको, (१ . न्यू.) खेति नगरिएका क्षेत्रहरूबाट वा न्यून मात्रामा खेति गरिएका क्षेत्रमा रहेको रूखहरूबाट संकलन गरिएको, प्रदूषणको स्रोत नभएको र लक्षित प्रजातिहरू असामान्य रूपमा वृद्धि भएको भन्ने कुरा नदेखिएको, (२) संकलन क्षेत्रहरू कृषि भूमीबाट स्पष्ट रूपमा नै अलग रहेका, (३) संकलन क्षेत्रहरू कृषि क्षेत्रको रूपमा नरही प्राकृतिक र जंगल क्षेत्रको रूपमा रहेको । | ३<br>१=न्यू. | |
| १.२ च | संकलनका लागि आन्तरिक प्रशिक्षण/निर्देशन : (०) संकलनका लागि स्पष्ट रूपमा कुनै लिखित वा मौखिक प्रशिक्षण/निर्देशन नदिइएको (१) संकलन अभ्यासहरूमा निरन्तर एकरूपता रहेको तर उक्त कुरा लिखित रूपमा नरहेको, (२ . न्यू.दोस्रो वर्षदेखि) दिगो परम्परागत अभ्यासहरूको लिखित विवरणहरू सहित संकलनका लागि लिखित प्रशिक्षण/निर्देशन दिइएको, | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | प्रशिक्षण/निर्देशन दिदा सबै लक्षित प्रजातिहरूको लागि संकलन विधिहरू स्पष्ट गरिएको, (३) संकलकहरू र संकलन म्यानेजरहरूले संकलनसम्बन्धी लिखित (वा मौखिक) प्रशिक्षण/निर्देशनलाई नियमित रूपमा समीक्षा गरी परिमार्जन गर्ने गरेको । | | |
| १.२ छ | प्रशिक्षण/निर्देशन प्रदान गर्दा संकलन स्थानहरू र प्रत्येक लक्षित प्रजाति तथा प्रजातिका भागहरू संकलन गर्ने विधिहरू स्पष्ट गरिएको : (०) प्रशिक्षण/निर्देशनमा यी कुराहरू समावेश नगरिएको वा समावेश गरिएको भएपनि अपूर्ण रहेको, (१) आधारभूत प्रशिक्षण/निर्देशन मात्र प्रदान गरिएको, (२= न्यू.तेस्रो वर्षदेखि) संकलन क्षेत्रहरू र प्रजातिगत रूपमा गरिएको मूल्यांकन र अनुगमनबाट प्राप्त जानकारीका आधारमा प्रयाप्त मात्रामा प्रशिक्षण/निर्देशन प्रदान गरिएको र संकलन गर्न नहुने क्षेत्र भनी कुनै क्षेत्र तोकिएको भए सो समेत जानकारी गराइएको, (३) यसका अतिरिक्त संकलन सम्बन्धी प्रशिक्षण/निर्देशनलाई संकलकहरूले पर्याप्त मात्रामा कार्यान्वयन गरी व्यावहारिक कार्यान्वयनमा बढोत्तरी गरेको र स्थानीय तथा परम्परागत व्यवस्थापन अभ्यासलाई ध्यान दिइएको । | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| १.२ ज | संकलन सम्बन्धी निर्देशनमा संकलन गर्न पाइने अधिकतम सीमाहरू (परिमाणहरू, पटक, अवधीहरू) निश्चित् गरिएको : (०) यस विषयमा निर्देशन प्रदान नगरिएको र संकलन सिमाहरू बारेको जानकारी अपूर्ण रहेको, (१) संकलन सिमाहरूको बारेमा केही सामान्य जानकारीहरू प्रदान गरिएको, (२ . न्यू.तेस्रो वर्षदेखि) संकलन सिमाहरूको बारेमा स्पष्ट र पूर्ण जानकारीहरू समावेश गरेको, (३) यसका अतिरिक्त संकलन सम्बन्धी प्रशिक्षण/निर्देशनलाई संकलकहरूले पर्याप्त मात्रामा कार्यान्वयन गरी व्यावहारिक कार्यान्वयनमा बढोत्तरी गरेको ।<br>(यी अधिकतम परिमाणहरूको तथ्यांकीय गुणस्तर र दिगोपनाका बारेमा १.३ मा मूल्यांकन गरिएको छ ।) | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| १.२ झ | संकलन सम्बन्धी आन्तरिक निर्देशनमा संकलन स्थानहरू र लक्षित प्रजातिहरूको संकलनका निमित्त अनुमित प्रदान गरिएको न्यूनतम जैविक उमेर र आकार वर्गहरू परिभाषित (स्पष्ट पार्ने काम) गरिएको : (०) परिभाषित नगरिएको र जैविक उमेर र आकार वर्गहरू निर्धारण गर्नको लागि स्पष्ट प्रयासहरू नगरेको, (१) जैविक उमेर र आकार वर्गहरू निर्धारण गर्नको लागि स्पष्ट प्रयासहरू गरेको, (२.न्यू.), यदी | ३<br>२=न्यू., यदी सान्दर्भिक भएमा | |

| | | | | |
|---|---|---|---|---|
| | सान्दर्भिक भएमा, तल हेर्नुहोस्) संकलनका लागि व्यवाहारिक र विश्वसनीय रूपमा निश्चित् जैविक उमेर र आकार वर्गका प्रजातिहरूलाई लक्षित गर्ने कुरा स्पष्ट गरिएको र वनस्पतिहरूको संख्याको बनौट, पुनरूत्पादन र विस्थापन जस्ता कुराहरूमा परेको प्रभाव अनुगमन गरिएको । प्रत्यक्ष रूपमा उपयुक्त नहुने वस्तुहरू (वार्षिक वा चीरस्थानीय रूपमा उपलब्ध हुने फलफूलहरू, फूलहरू, पातहरू र कम जोखिम सिर्जना हुने प्रजातिहरू) को हकमा न्यूनतम आवश्यकताहरू लागु नहुने । असान्दर्भिक वा उपयुक्त नभएको अवस्थामा–(२) । | | | |
| १.२ ञ | संकलन नियमहरूमा संकलित स्रोतहरूबाट निस्किएको फोहरमैला व्यवस्थापन (रोक्ने) गरिएको : (०) फोहरलाई सामान्य रूपमा लिइने गरेको, (१) संकलन नियमहरूका कारण फोहरको सिर्जना हुने वा कमजोर अभ्यासहरू हुने सम्भावना रहेको, (२) संकलन नियमहरूमा फोहर न्यूनीकरणको लागि असल अभ्यासहरू समावेश गरिएको, (३) फोहर न्यूनीकरणको लागि उत्कृष्ट प्रयासहरू गरिएको । | | ३ | |
| १.२ ट | संकलनसम्बन्धी आन्तरिक नियमहरूको परिमार्जनः (०) परिमार्जन नगरिको वा परिमार्जन गरेको कुराको प्रमाण नभएको, (१) संकलनका कारण परेको प्रभावको स्थान विशेष वा प्रजाति विशेष अनुसार अनुगमनका आधारमा परिमार्जन र पूनरावलोकन नगरेको, (२ . न्यू.तेस्रो वर्षदेखि) संकलनका कारण परेको प्रभावको स्थान विशेष वा प्रजाति विशेष अनुसार अनुगमनका आधारमा परिमार्जन र पूनरावलोकन गरेको, (३) नियमित रूपमा परिमार्जन गर्न स्पष्ट प्रयास गरेको र संकलन क्षेत्रमा लक्षित प्रजातिहरूको आनुवंशिक विविधता र दिगो संरचना कायम गर्न वा पूनर्स्थापित गर्नको निमित्त संकलन अभ्यासहरू मिलाउने र नियमित समीक्षा गर्नेगरी स्पष्ट प्रयासहरू गरेको । | | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/पूर्णाङ्क/स्कोर** | | **३३** | **२२** | |

## १.३ संकलन दरको दिगोपना

लक्षित वनस्पति स्रोतको संकलन दर (तीव्रता र आवृत्ति) उक्त वनस्पतिको दीर्घकालिन रूपमा पुनरूत्पादन हुन सक्ने क्षमता भन्दा बढी नहुने गरी मात्र गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : १.३ संकलन दरको दिगोपना | अधिक नं. | स्कोर |
|---|---|---|---|
| १.३ क | प्रत्येक लक्षित प्रजातिहरूको आधारभूत तथ्यांकहरू लिखित रूपमा उपलब्ध भएको (प्रजातिगत विवरणका लागि तयार गरिएको निर्दिष्ट फारममा वा अन्य कुनै दस्तावेजहरूमा) : लेटिन र स्थानीय नामहरू, संकलित भागहरू, संकलन विधिहरू, संकलन समय : (०) तथ्यांक उपलब्ध नरहेको, (१) तथ्यांक अप्रयाप्त रहेको, (२ . न्यू.) आधारभूत तथ्यांक रहेको, (३) प्रत्येक प्रजातिको निमित्त आवश्यक तथ्यांकहरू सही रूपमा प्रस्तुत गरेको (जस्तै : वनस्पति प्रवन्ध (मोनोग्राफ) | ३<br>२=न्यू. | |
| १.३ ख | प्रत्येक लक्षित प्रजातिहरूको लागि उत्पादन प्रणाली र प्रतिस्थापन दर सम्बन्धी विवरण उपलब्ध रहेको (प्रजातिगत विवरणका लागि तयार गरिएको निर्दिष्ट फारममा वा अन्य कुनै दस्तावेजहरूमा) : (०) जानकारी उपलब्ध नरहेको (१ =न्यू.) अध्ययन अनुसन्धान नगरिएको तर संकलनसम्बन्धी दिगोपना बुझ्नको लागि पूनरूत्पादनसम्बन्धी आधारभूत ज्ञान भने प्रयाप्त मात्रामा रहेको, (२) प्रयाप्त जानकारीहरू विद्यमान रहेको, (३) राम्रो किसिमले अध्ययन अनुसन्धान गरेको । | ३<br>१.=न्यू. | |
| १.३ ग | संकलन क्षेत्रमा लक्षित प्रजातीसम्बन्धी स्रोत सर्वेक्षण भएको र बेसलाइन (आधारभूत) जानकारी उपलब्ध रहेको (वनस्पतीहरूको आकार, वितरण, संख्यागत संरचना (आकार र उमेर समूह), प्रजनन्/वृद्धि/पूनरूत्पादन दर) : (०) जानकारी उपलब्ध नरहेको, (१ = न्यू. दोस्रो वर्षदेखि) संकलक वा परामर्शदाताहरूको ज्ञानमा आधारित भई मोटामोटी अन्दाज गरिएको, (२) आधारभूत स्रोतहरूको मूल्यांकन आफै संकलित तथ्यांक वा अध्ययन अनुसन्धानमा आधारित रहेको, (३) संकलन क्षेत्रमा रहेको लक्षित प्रजातिहरू | ३<br>१.=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | र यसको संख्या सम्बन्धी आधारभूत जानकारीहरूमा सुधार गर्नका लागि स्रोतको मूल्यांकन गर्ने र अनुगमन गर्ने प्रणालीको विकास गरिएको ।<br>उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.३ ग (भाग २ हेर्नुहोस्) | | |
| १.३ घ | प्रत्येक लक्षित प्रजातिहरूको निमित्त अधिकतम अनुमति प्राप्त परिमाणहरू निर्धारण गर्न गुणस्तरयुक्त तथ्यांकहरू उपयोग गरिएको : (०) अधिकतम परिमाण उचित नरहेको, दीर्घकालिन रूपमा संकलन गर्दै आएको अभ्याससँग कुनै सन्दर्भ नजोडेको, (१ . न्यू.) अधिकतम परिमाणको अनुमान गर्दा निकै अन्दाजका भरमा गरेको (जस्तै : कुनै क्षेत्रमा लामो समयदेखि संकलन गर्दै आएको भरमा वा स्थान विशेषलाई वा प्रजाति विशेषलाई ध्यान नदिई समान्य अनुमान (सामान्य आन्दाजी नियम) का भरमा), (२) स्थान विशेष वा प्रजाति विशेष अनुसारको स्रोत मूल्यांकन र अनुगमनबाट प्राप्त जानकारीका साथसाथै संकलकको ज्ञान समेतका आधार मा संकलन गर्ने सीमाहरूलाई पुष्टि गरिएको, (३) संकलन गर्ने उच्चतम् परिमाण निर्धारण र स्रोत अनुगमनका लागि राम्रो प्रणाली विकास गरिएको ।<br>उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.३ घ (भाग २ हेर्नुहोस्) | ३<br>१=न्यू. | |
| १.३ ङ | लक्षित प्रजातिहरू र संकलन गरिएका भागहरूको लागि अधिकतम अनुमति प्राप्त संकलन परिमाणको दिगोपना : (०) जानकारी उपलब्ध नरहेको (लक्षित प्रजातिहरूको अलग अलग प्रजाति वा संख्यामा संकलनबाट परेको प्रभावहरूको अवलोकन वा अनुभव वा तथ्यांक सम्बन्धी सन्दर्भ सामग्रीहरू), (१ = न्यू. पहिलो वर्षदेखि) संकलन क्षेत्रमा विद्यमान वा विशेष किसिमको अधिकतम संकलन परिमाणका कारण स्रोतको उपलब्धता र गुणस्तरमा कमी आएको छ भन्ने कुराको कुनै संकेत नरहेको, (२) संकलन गरिदै आएको परिमाण भन्दा धेरै हुने गरी व्यवस्थापन योजनामा अधिकतम | ३<br>१=न्यू.<br>पहिलो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | संकलन परिमाण उल्लेख गरिएको भएमा उक्त कुरा पर्याप्त मात्रामा गरिएको स्रोत सर्वेक्षण, स्रोतको प्राप्ति र पूनरूत्पादन आंकलनबाट पुष्टि गरिएको; संकलनबाट प्राप्त गरिएको मात्रा, पूनरूत्पादन र संकलन प्रभावको आवधिक अनुगमन अनुसार अधिकतम संकलन परिमाणहरू समायोजन गरिएको, (३) अधिकतम संकलन परिमाणहरूलाई लक्षित अनुसन्धानबाट सहयोग र समर्थन मिलेको ।<br>उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.३ ङ (भाग २ हेर्नुहोस्) | | |
| १.३ च | संकलन निर्देशनहरूमा पूर्वनिर्धारण गरिए अनुसार संकलन आवृतिको दिगोपना : (०) दिगो रूपमा संकलन गर्ने भनी निर्धारण गरिएको दर स्पष्ट रूपमा नाघेको, (१ . न्यू. दोस्रो वर्षदेखि) अत्यन्त आधारभूत रूपमा अनुगमन तथ्यांक उपलब्ध रहेको तर वनस्पतिको संख्यामा ह्रास आएको कुराको कुनै संकेत नदेखिएको, (२) संकलन गर्दा संकलन क्षेत्रमा लक्षित प्रजातिको संकलन गरिएको वनस्पतिको भागहरू वा वयस्क वनस्पतिहरूको प्रतिस्थापन दर ननाघेको, (३) प्रतिस्थापन (पुरानोको ठाउँमा नयाँ वनस्पति उत्पादन) दर भन्दा संकलन आवृति (पटक) निकै कम रहेको ।<br>उच्च जोखिममा रहेका प्रजातिको हकमा कृपया अतिरिक्त सूचक नं. १.३ च (भाग २ हेर्नुहोस्) | ३<br>१=न्यू. दोस्रो वर्षदेखि | |
| १.३ छ | संकलनका लागि अनुमति प्राप्त अवधिहरू : (०) स्पष्ट व्यवस्था नगरिएको वा संकलन समयहरू संकलनको हिसावले दिगो नहुने किसिमको रहेको, (१) पूनरूत्पादन चक्रलाई स्पष्ट रूपमा ध्यान नै नदिई परम्परागत रूपमा संकलन गर्ने समयहरूको उपयोग भएको तर संकलित वनस्पतिहरूको संख्यामा ह्रास आएको संकेत नदेखिएको, (२) उपयुक्त र व्यावहारिक सूचकहरूको उपयोग गरी संकलन अनुमति दिने समयहरू निर्धारण गरिएको (जस्तै : मौसम, वर्षा चक्र र फूल फूल्ने, फल लाग्ने समय) र यी कुराहरू लक्षित प्रजातिहरूको प्रजनन् चक्रहरूको बारेमा उपलब्ध जानकारीहरूमा आधारित रहेर निर्धारण गरेको, (३) स्रोत | ३ | |

| | | | |
|---|---|---|---|
| | मूल्यांकनको परिणामलाई उपयोग गर्दै र बैज्ञानिक आधार मा संकलन अनुमति प्रदान गर्ने समय निर्धारण गरिएको । | | |
| १.३ ज | संकलित परिमाण सम्बन्धी एकतृत अभिलेखहरू (प्रति क्षेत्र र प्रति वर्षको परिमाणहरू) : (०) अभिलेख र तथ्यांकहरू उपलब्ध नरहेको, (१) सामान्य खरिद अभिलेखहरूको आधारमा संकलित परिमाणहरूको मोटामोटी विवरण राखेको, (२ . न्यू. तेस्रो वर्षदेखि) प्रयाप्त मात्रामा एकतृत तथ्यांकहरू अभिलेखित गरिएको, दीर्घकालिन दिगोपना जाँच गर्नको लागि सान्दर्भिक जानकारीहरू समावेश गरेको (जस्तै : यदी उच्च रूपमा सान्दर्भिक रहेमा संकलित प्रजातिको उमेर, आकार वर्ग आदि), एकतृत तथ्यांक र खरिद दस्तावेजहरू धेरै राम्रोगरी विश्वासनीय अवस्थामा रहेको ।<br>पहिलो प्रमाणीकरणको लागि – अभिलेखित प्रणाली प्रस्तुत गर्नुपर्ने जुन भविष्यमा पनि लागु हुन्छ । | ३ (२=न्यू. तेस्रो वर्षदेखि | |
| १.३ झ | संकलनको वास्तविक अवधीहरू र आवृत (पटक) सम्बन्धी एकतृत अभिलेखहरू : (०) जानकारी उपलब्ध नहेको, (२) खरिदका अभिलेखहरूमा सामान्य विवरणहरू उपलब्ध रहेको तर एकतृत नरहेको, (२) वास्तविक संकलन अवधी सम्बन्धी पूर्ण जानकारी उपलब्ध रहेको र संकलनको पटक सम्बन्धी विवरण उपलब्ध रहेको, पालना गर्नुपर्ने नियमहरू सम्बन्धी जानकारी र संकलन निर्देशनहरू बीच तालमेल खाएको, (३) संकलन अभ्यासहरूको निकै राम्रोसँग अवलोकन गर्न मिल्ने गरी राखिएको ।<br>पहिलो प्रमाणीकरण – (२) यदी भविष्यमा सोचविचार गर्नका लागि सान्दर्भिक तथ्यांकहरू संकलन गरिएको छ भने । | ३ | |
| १.३ ञ | संकलकले संकलन गरेको वस्तुहरू फेयरवाइल्ड कार्यक्रममा संलग्न नरहेको कुनै अर्को खरिदकर्ताहरूलाई विक्री गरेको : (०) प्रमाणीकरण भई संकलनसम्बन्धी व्यवस्थापन कार्यहरू गरेकामा संकलन क्षेत्रमा जम्मा संकलन परिमाणहरूको बारेमा कुनै संकेत नगरेको, (१) अन्य कम्पनीहरूले संकलन गरेको परिमाणहरूको मोटमोटी आकंलन उपलब्ध रहेको, (२) विक्री गरिएको सम्पूर्ण परिमाणहरूलाई संकलकले विक्री गर्ने | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | दर्ता किताबमा अभिलेखित गरेको र यस्तो अभिलेखलाई एकतृत संकलन परिमाणको अभिलेख वा दस्तावेजीकरणमा समावेश गरिएको वा यसको विकल्पको रूपमा संकलक कम्पनीहरूले सँगसँगै काम गरेको र संकलन क्षेत्रमा जम्मा संकलित परिमाणहरूको अभिलेख स्थापना गर्न उनीहरूले आफै तथ्यांक संकलन गरेको, (३) विभिन्न संकलक कम्पनीहरूका बीचमा राम्रो किसिमको सहयोग रहेको । (यदी सान्दर्भिक नभएमा - (२) | | | |
| १.३ ट | संकलनसम्बन्धी एकतृत तथ्यांकले पालना गर्नुपर्ने कुराहरू पालना गरेको छ भन्ने निश्चित् गरेको : (०) अभिलेखहरू तथा तथ्यांकहरू उपलब्ध नरहेको, वा संकलन गरिएको परि माणहरू हेर्दा दिगो संकलनका लागि बनाइएका संकलन निर्देशनहरू स्पष्ट रूपमा उल्लंघन गरेको देखिएको (कृपया विस्तृत रूपमा खुलाउनु होस्), (१) समान्य किसिमको अभिले ख राखेको हुनाले उक्त कुरालाई संकलन नियमहरूसँग भिडाएर हेरिएको तर अधिक संकलन भएको कुराको संके त नमिलेको, (२) संकलित तथ्यांकहरू संकलन नियमसँग मिल्ने गरी परिपालना भएको (अधिकतम अनुमति प्राप्त परि माणहरू, आकार वर्गीकरण आदि समेत), (३) संकलन गर्न पाउने अधिक परिमाण भन्दा संकलित अभिलेखमा उल्लेखित विवरण पर्याप्त मात्रामा कमी रहेको | | ३ | |
| | उच्च जोखिममा रहेका प्रजातिहरू (कृपया अतिरिक्त सूचक १.३ भ (भाग २) हेनुहोस्) | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **३३** | **२२** | |

## सिद्दान्त २ : नकारात्मक वातावरणीय प्रभावको रोकथाम

वनस्पति संकलनसम्बन्धी क्रियाकपालका कारण वन जंगलमा रहेका अन्य जंगली तथा प्राकृतिक प्रजातिहरू, संकलन क्षेत्र र छरछिमेकमा रहेका क्षेत्रहरूमा पर्ने नकारात्मक प्रभावहरूलाई रोकिएको हुन्छ ।

## २.१ संबेदनशील वनस्पति, जीवजन्तुहरूको समूह र यिनीहरूको बासस्थान

लक्षित वनस्पति प्रजातीहरूको व्यवस्थापन र संकलनका कारण प्रभावित हुन सक्ने प्रवल सम्भावना भएका दुर्लभ, लोपोन्मूख र संकटापन्न प्रजातिहरू र यी प्रजाति रहेका स्थानहरूको पहिचान र संरक्षण गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : २.१ संबेदनशील वनस्पति, जीवजन्तुहरूको समूह र यिनीहरूको बासस्थान | अधिक नं. | स्कोर |
|---|---|---|---|
| २.१ क | लक्षित प्रजातिहरूको संकलनका कारण प्रभावित हुने सम्भावना रहेका दुर्लभ, लोपोन्मूख र संकटापन्न प्रजाति र तिनीका बासस्थानहरूको जानकारी : (०) संकलन क्षेत्रमा संबेदनशील वनस्पतिहरू रहेको बारेमा र यीनका बासस्थानहरू बारेमा जानकारी नरहेको र छानवीनको लागि कुनै प्रयास नगरेको, (१ = न्यू. दोस्रो वर्षदेखि) स्थानीय र संकलकको ज्ञान सहित जानकारीहरूको प्रारम्भिक खोजविन र संकलनका कारण संबेदनशील प्रजाति र तिनीका बासस्थानहरूमा प्रभाव पर्ने सम्भावना रहेको छैन भनी गरिने समग्र मूल्यांकनलाई सहयोग गरेको, (२) सम्बन्धित विज्ञहरू र स्रोत व्यवस्थापन अधिकारीहरूसँग परामर्श गरिएको र व्यवस्थापन योजनामा वास्तविक जानकारीहरू समावेश गरेको, संकलन क्षेत्रमा रहेका संबेदनशील प्रजाति र तिनका बासस्थानहरूमा पर्ने नकारात्मक प्रभावहरू हटाउनको लागि व्यवस्थापन योजनामा सान्दर्भिक व्यवस्थापकीय आवश्यकताहरू प्रतिबिम्वित गरिएको, (३) संकलन क्षेत्रमा संबेदनशील प्रजातिहरू र तिनका बासस्थानहरूमाथि लक्षित प्रजातिहरूको संकलनका कारण परेको प्रभावहरूका बारेमा स्रोत मूल्यांकन अनुगमन योजनाहरूका माध्यमबाट अग्रीम रूपमा सक्रिय भई जानकारीहरू संकलन र अभिलेखित गरिएको । | ३<br>१=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | | |
|---|---|---|---|---|
| २.१ ख | स्वयंसेवी प्रतिवद्धताका लागि अतिरिक्त नियन्त्रण अंक (न्यूनतम आवश्यकताको रूपमा नरहेको) : लक्षित प्रजातिहरूको विशेष पारिस्थितिकीय कार्यहरू : (१) विशेष पारिस्थितिकीय कार्यहरूका सम्बन्धमा जानकारी संकलनका लागि प्रारम्भिक खोजी कार्य गरेको, (२) सम्बन्धित विज्ञहरू र स्रोत व्यवस्थापन अधिकारीहरूसँग परामर्श गरिएको र व्यवस्थापन योजनामा वास्तविक जानकारीहरू समावेश गरेको, संवेदनशील प्रजातिहरूको विशेष पारिस्थितिकीय कार्यहरूमा पर्ने नकारात्मक प्रभावहरू हटाउनको लागि व्यवस्थापन योजनामा सान्दर्भिक व्यवस्थापकीय आवश्यकताहरू प्रतिबिम्वित गरिएको, (३) संबेदनशील प्रजातिहरूको विशेष पारिस्थितिकीय कार्यहरूका बारेमा स्रोत मूल्यांकन र अनुगमनका माध्यमबाट अग्रीम रूपमा सक्रिय भई जानकारीहरू संकलन र अभिलेखित गरिएको । | | ३ | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | ६ | २ | |

## २.२ भूदृष्य तहमा रहेका वनस्पतिहरूको बासस्थानको व्यवस्थापन

लक्षित जंगली प्रजातिहरूको संकलनलाई सघाउने व्यवस्थापकीय क्रियाकलापहरूबाट पारिस्थितिकीय प्रणाली विविधता र प्रक्रियाहरू र कार्यहरूमा नकारात्मक प्रभाव परेको हुनु हुँदैन ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : २.२ भूदृष्य तहमा रहेका वनस्पतिहरूको बासस्थानको व्यवस्थापन | अधिक नं. | स्कोर |
|---|---|---|---|
| २.२ क | संकलन क्षेत्रमा विद्यमान वनस्पतिको कुनै पनि बासस्थान व्यवस्थापन अभ्यासमा निम्न कुरा लागु हुन्छन् : (०) जानकारी नरहेको, (१) सामान्य रूपमा जानकारीमा रहेको तर लिखित रूपमा व्याख्या नगरिएको, (२) व्यावस्थापन योजनामा व्याख्या गरिएको, (३) लक्षित प्रजाति व्यवस्थापन योजनासँग क्रियाकलापहरूलाई समन्वय गराइएको । | ३ | |

| | | | |
|---|---|---|---|
| २.२ ख | संकलन क्षेत्रमा संकलन अभ्यास र व्यवस्थापन क्रियाकलापहरूको नकारात्मक प्रभावहरूको पहिचान र अनुगमन गरिएको (जस्तै : संकलन विधिका कारण भएको क्षति, पारिस्थितिकीय संरचना, कार्य र सेवामा आएको परिवर्तन आदि) : (०) अनुगमन नगरिएको, विद्यमान वा सम्भावित नकारात्मक प्रभावहरूका बारेमा चेतनाको कमी रहेको, (१) विस्तृत व्याख्या नगरिएको वा अनुगमन नगरिएको तर संकलकहरूद्वारा कुनै प्रतिकूल प्रभाव नपारेको वा निकै न्यून प्रतिकूल प्रभाव पारेको, (२) अनुगमन गरेको र व्यवस्थापन योजनामा व्याख्या गरेको, (३) निकै राम्रोसँग अनुगमन गरेको र व्यवस्थापन योजनामा व्याख्या गरेको । | ३ | |
| २.२ ग | व्यवहारमा प्रयोग गरिएका संकलन विधि र संकलक औजारहरू उपयुक्त रहेका : (०) संकलनका कार्यहरूबाट वनस्पतिको बासस्थान तहमा क्षति भएको कुरा देखिएको, (१) क्षति कम गर्ने उपायहरू पहिचान गरिएको तर कार्यान्वयन नभएको, (२ . न्यू. तेस्रो वर्षदेखि) वनस्पतिको बासस्थान तहमा क्षति नदेखिएको अथवा संकलन विधिका कारण बासस्थान तहमा भएको क्षति रोक्ने उपायहरू वा रणनीतिहरू व्यवस्थापन योजनामा पहिचान गरी संकलन क्षेत्रमा उक्त रणनीतिहरू लागु गरिएको, (३) नियमित अनुगमनका आधारमा संकलनका कारण वनस्पतिको बासस्थान तहमा भएको क्षति रोक्नका लागि अवलम्बन गरिएका उपायहरू उपयुक्त छन् भन्ने कुराको संकेत गरेको । | ३<br>२=न्यू. तेस्रो वर्षदे खि | |
| २.२ घ | सान्दर्भिक जैविक मापदण्डहरूद्वारा प्रतिबन्धित आगतहरू (इन्पुट्) को उपयोग (जस्तै : बनावटी रासायनिक मल) : (०) विभिन्न संकलन स्थानहरूमा विगत ३ वर्षदेखि प्रतिबन्धित आगतहरू (इन्पुट्) को उपयोग हुँदै आएको, (१) केही सानो तहमा यस्ता आगतहरू प्रयोग भएको हुन सक्छ र संकलनका क्रममा यीनलाई हटाउनको लागि केही सामान्य प्रणालीको विकास गरिएको, (२ . न्यू.) प्रतिबन्धित आगतहरू (इन्पुट्) को उपयोग नभएको अथवा जानकारी हुनेगरी निश्चित् ठाउँमा मात्र प्रतिबन्धित आगतहरू (इन्पुट्) | ३<br>२=न्यू. | |

| | | | | |
|---|---|---|---|---|
| | को उपयोग भएको र संकलनका क्रममा सो बाट प्रभावित क्षेत्रलाई प्रभावकारी रूपमा बाहिर पारिएको, (३) प्रतिबन्धित आगतहरू (इन्पुट) को उपयोग नगरी व्यवस्थापन गरिएको अवधीलाई स्पष्ट रूपमा अभिलेखित गरिएको र उक्त अवधी सान्दर्भिक जैविक मापदण्ड पुरा गर्न प्रयाप्त रहेको । | | | |
| २.२ ङ | संबेदनशील प्रजातिहरू, पारिस्थितिकीय संरचना र कार्यहरूमा भूदृष्य तहमा र लक्षित प्रजाति व्यवस्थापनका लागि अवलम्बन गरिएको गहन किसिमको अभ्यासका कारण परेको प्रभावहरू (जस्तै : लक्षित प्रजातिहरूको वृद्धि प्रवर्द्धन, वा लक्षित प्रजातिहरूको व्यवस्थापन अभ्यासहरू बीचमा कम प्रतिष्पर्धा वा वृक्षारोपण सम्वर्द्धन आदि) : (०) यस्ता प्रभाव पार्ने किसिमका व्यवस्थापन अभ्यासहरू देखिएका तर प्रभावको अनुगमन नगरिएको, (१ = न्यू.) व्यवस्थापन योजनाद्वारा परेको प्रभावको अनुगमनका माध्यमबाट यस्ता अभ्यासहरू भएको देखिएको, (२) संकलन क्षेत्रमा यस्ता अभ्यासहरूबाट संबेदनशील प्रजातीहरू वा पारिस्थितिकीय संरचना, विविधता र कार्यहरूमा नकारात्मक प्रभाव परेको छैन भन्ने कुराको अनुगमनबाट प्राप्त प्रमाणहरू अभिलेखित गरिएको, (३) विद्यमान व्यवस्थापन अभ्यासहरू सुधारको लागि विशेष प्रयासहरू भएको ।<br>यदी सान्दर्भिक नभएमा - (२) | | २<br>२=न्यू. | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **१५** | **१०** | |

## सिद्वान्त ३ : प्रचलित कानून, नियम र सम्झौताहरूको परिपालना

वनस्पति व्यवस्थापन र संकलनका क्रियाकलापहरू बैधानिक पूर्णअधिकार सम्बन्धी व्यवस्थाहरू अन्तर्गत रही गर्नु पर्दछ, सम्बन्धित कानूनहरू, नियमहरू र सम्झौताहरूको परिपालना गरि एको हुनु पर्दछ ।

### ३.१ स्रोतमाथिको पूर्णअधिकार, व्यवस्थापकीय अधिकार र उपयोगको अधिकार

संकलन र व्यवस्थापकहरूसँग लक्षित स्रोतको उपयोग र व्यवस्थापन गर्ने स्पष्ट रूपमा मान्यता प्रदान गरिएको अधिकार रहेको हुन्छ ।

| नियन्त्रण अंक नं. | **नियन्त्रण अंक : ३.१ ३.१ स्रोतमाथिको पूर्णअधिकार, व्यवस्थापकीय अधिकार र उपयोगको अधिकार** | **अधिक नं.** | **स्कोर** |
|---|---|---|---|
| ३.१ क | संकलन क्षेत्र (हरू) स्पष्ट रूपमा परिभाषित गरिएको : (०) परिभाषित (स्पष्ट) नगरिएको, (१) कम मात्रामा स्पष्ट पारिएको, (२ . न्यू. दोस्रो वर्षदेखि) सिमानाको स्थापना सहित क्षेत्रहरू स्पष्ट रूपमा देखाइएको र त्यस्तो क्षेत्र र संकलकले बुझ्ने गरेको संकलन क्षेत्रका बीच राम्रोसँग मेल खाने गरेको, (३) संकलन क्षेत्रका सम्बन्धमा धेरै राम्रो प्रणाली विकास गरेको (यदी सान्दर्भिक नभएमा - (२) | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ३.१ ख | संकलन क्षेत्रको स्वामित्व, पूर्णअधिकार र उपयोगको अधिकारका बारेमा निम्न कुराहरू विस्तृतमा खुलाइएको : (०) थाहा नभएको, (१) संकलन सम्बन्धी सम्झौता अस्पष्ट र अनौपचारिक रहेको, (२) विस्तृत रूपमा थाहा भएको र तोकिएको स्रोत व्यवस्थापन उद्देश्यहरू पुरा गर्न लामो समयको अन्तरालसम्म प्रयाप्त रहेको, (३) संकलन अनुमति प्रणाली अनुसार स्रोतको एउटा मात्र उपभोक्ता कार्यरत रहेको । | ३ | |
| ३.१ ग | स्वामित्ववालाको वा अनुमतिप्राप्त अन्य कुनै उपभोक्ताहरूको विभिन्न क्रियाकलापहरूका कारण प्रमाणीकरण अन्तर्गतको संकलनलाई खतरा उत्पन्न गर्ने छैनन् भन्ने कुरालाई स्वामित्व, पूर्णअधिकार र उपभोगको अधिकारसम्बन्धी समग्र प्रणालीका माध्यमबाट सुनिश्चित् गरिएको : (०) विभिन्न महत्वपूर्ण विवादहरू विद्यमान रहेको, (१) स्रोतसँग सम्बन्धित अन्य उपभोक्ताहरूसँग केही सम्भावित विवादका जोखिमहरू रहको, समन्वयतर्फ बढ्नका लागि केही प्रारम्भिक प्रयास भएको, (२) विवाद नरहेको वा बहु-उपभोक्ता रहेको अवस्थामा पनि दिगो संकलन भइरहेको कुरा सुनिश्चित् गर्ने प्रयासहरूको प्रदर्शन गरिएको र व्यवस्थापन योजनामा संकलनसम्बन्धी कार्यको व्यवस्थापन गर्ने क्रियाकलापहरूमा अन्य क्षेत्रका उपभोक्ताहरू पनि संलग्न भइरहेका हुन्छन् भन्ने व्यवस्था रहेको, (३) बहु-उपभोक्ता प्रणालीलाई दिगो बनाउनको लागि उत्कृष्ट प्रयासहरू गरेको । | ३ | |

| | | | | |
|---|---|---|---|---|
| ३.१ घ | संकलन व्यवस्थापन गरिएको क्षेत्रलाई संरक्षण गरी अनधिकृत क्रियाकलापहरूबाट रोक्नका लागि क्रियाशिल नियमनकारी प्रणाली अवलम्बन गरिएको : (०) गैरकानूनी क्रियाकलापहरू भइरहेको कुरा स्पष्ट रूपमा देखिएको, (१) नियमनकारी प्रणालीले काम गर्न नसकीरहेको तर संकलनका कार्यहरूमा कुनै विवाद नदेखिएको र कुनै चुनौति नरहेको, (२) नियमनकारी प्रणालीले काम गरिरहेको वा संकलन क्षेत्रको अखण्डता/पूर्णताको सुनिश्चितताका लागि संकलन व्यवस्थापनसम्बन्धी कार्यहरूको सञ्चालनले प्रयाप्त किसिमको नियमनकारी प्रणाली सरह काम गरेको छ भन्ने कुरा प्रदर्शन गरेको, (३) संकलनका कार्यहरू गर्दा नियमनकारी प्रणालीसँग नजिकको समन्वय र सहयोग रहेको । | | ३ | |
| ३.१ ङ | संकलन अनुमति/स्पष्ट सम्झौता/संकलन क्षेत्रको उपयोग सम्बन्धी शर्तहरू : (०) अनुमतिपत्र आवश्यक पर्ने भएपनि अनुमति पत्र नलिएको, (१) निकै अनौपचारिक किसिमको उपयोग प्रणाली, (२ . न्यू.) संकलनको कार्य सञ्चालन गर्नेले सबै संकलित वनस्पतिहरूको निमित्त बैध किसिमको संकलन अनुमति लिएको वा सम्झौता गरेको, यदी संकलन अनुमति दिने व्यवस्था छैन भने संकलन व्यवस्थापनसम्बन्धी कार्य सञ्चालन गर्नेसँग संकलित स्रोतहरू उपयोग र व्यवस्थापन गर्ने अधिकार छ भन्ने कुराको पुष्टि गरेको (जस्तै : राम्रोसँग स्थापित भएको परम्परागत उपयोग प्रणाली) । | | २<br>२=न्यू. | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **१४** | **१०** | |

## ३.२ कानून, नियम र प्रशासकीय आवश्यकताहरू

लक्षित वनस्पति स्रोतहरूको व्यवस्थापन र संकलन गर्ने कार्य गर्दा सबै किसिमका अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरू, र संरक्षित प्रजातिहरू र क्षेत्र सम्वन्धित नियम कानूनहरू सहित राष्ट्रिय तथा स्थानीय नीति, कानून र प्रशासकीय मापदण्डहरूको परिपालना गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ३.२ कानून, नियम र प्रशासकीय मापदण्डहरू | | अधिक नं. | स्कोर |
|---|---|---|---|---|
| ३.२ क | जैविक खोज तथा अध्ययन अनुसन्धान र व्यापारका लागि समेत संकलन र निर्यात सम्बन्धी सम्बन्धित कानूनी, नियमनकारी र प्रशासकीय आवश्यकताहरूको बारेमा ज्ञान भएको : (०) विल्कुलै कानूनी ज्ञान नभएको, (१) केही आधारभूत बुझाई रहेको, (२) संकलनका कार्यहरू गर्दा पालना गर्नुपर्ने नियमका बारेमा जानकारी र बुझाइ रहेको, (३) राम्रो ज्ञान र अनुभवहरू भएका कर्मचारीहरू रहेको । | | ३ | |
| ३.२ ख | निर्यातमा प्रतिबन्धित लगाइएका प्रजातीहरूको निर्यात अनुमति पत्रहरू लगायत संकलन व्यवस्थापन र निर्यातका सम्बन्धमा बनाइएका व्यवस्थापन योजना, कार्यविधिहरू, कार्यसञ्चालन निर्देशनहरू र सम्झौताहरू सम्बन्धित कानूनी, नियमनकारी र प्रशासनिक आवश्यकताहरूसँग तालमेल खाने किसिमको रहेको (०) यी कुराहरू पालना नगरिएको भन्ने कुरा स्पष्ट रूपमा देखिएको र कर्मचारीहरूमा नियमनकारी व्यवस्थाहरूको बारेमा ज्ञान नरहेको, (२. = न्यू. तेस्रो वर्षदेखि) यी आवश्यकताहरू पुरा गरेको, (३) पुरा गर्नुपर्ने आवश्यकताहरू भन्दा अधिक नियमहरू पालना गरेको । | | ३<br>२=न्यू.<br>तेस्रो<br>वर्षदेखि | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | ६ | ४ | |

## सिद्दान्त ४ : प्रथाजनित अधिकारको सम्मान र लाभको बाँडफाँड

वनस्पति संकलन क्षेत्र र वन जंगलबाट संकलित लक्षित वनस्पतिहरूको व्यवस्थापन र उपयोग गर्न पाउने आदिवासी जनजाति र स्थानीय समुदायको प्रथाजनित अधिकारको सम्मान, संरक्षण र मान्यता प्रदान गरिएको हुनु पर्दछ ।

## ४.१ परम्परागत उपयोग र अभ्यास, पहुँचको अधिकार र सांस्कृतिक सम्पदा

वनस्पति संकलनका कार्यहरू गर्दा आफ्नो अधिकार, परम्परागत ज्ञान र स्रोतमाथिको आफ्नो अधिकार रक्षा गर्न आवश्यक भएको हदसम्म आदिवासी जनजाति र स्थानीय समुदायले आफ्नो कानूनी र प्रथाजनित पूर्णअधिकार तथा उपयोगको अधिकार कायम राख्न सक्दछन् ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ४.१ परम्परागत उपयोग र अभ्यास, पहुँचको अधिकार र सांस्कृतिक सम्पदा | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ४.१ क | लक्षित प्रजातिहरू, अन्य प्रजातिहरू र तिनीहरूका बासस्थानहरूको सांस्कृतिक र आध्यात्मिक महत्व, प्रथाजनित उपयोगहरू तथा अभ्यासहरू र कानूनी तथा प्रथाजनित अधिकारहरूको बारेमा ज्ञान रहेको : (०) यी विषयमा विल्कुलै ज्ञान नरहेको, (१) केही सामान्य जानकारी उपलब्ध रहेको, (२) संकलन कार्यहरू सञ्चालन गर्नेसँग यी विषयमा उचित किसिमको ज्ञान रहेको, (३) संकलनका कार्यहरू सञ्चालन गर्नेसँग यी विषयमा राम्रो ज्ञान रहेको र उपयुक्त किसिमको परामर्श प्रक्रिया सहित कानूनी र प्रथाजनित कानूनहरूको सम्बन्धमा अध्ययनहरू गरेको । | ३ | |
| ४.१ ख | प्रथाजनित पहुँचको अधिकार र विभिन्न परम्परागत उपयोग र अभ्यासहरू (लक्षित प्रजातिहरूको सांस्कृतिक र आध्यात्मिक महत्व र लाभको बाँडफाँड समेत) : (०) व्यवस्थापन योजनामा यी विषयहरू नसमेटिएको र ध्यान नदिइएको, (१) केही हदसम्म यी कुराहरूमा अनौपचारिक रूपमा ध्यान दिइएको तर व्यवस्थापन योजनमा स्पष्ट रूपमा उल्लेख नगरिएको, (२ = न्यू. तेस्रो वर्षदेखि) यी विषयहरू स्रोतको मूल्यांकन वा व्यवस्थापन योजनामा समावेश गरिएको, (३) यी विषयहरूका बारेमा अध्ययन अनुसन्धान गरी पहिचान गरिएको र व्यापक समर्थन प्रदान गरिएको (जस्तै : स्थानीय औषधालय स्थापनाका लागि प्रवर्द्धन, बैद्य तथा औषधी व्यावसायीहरूलाई तालिम प्रदान, परम्परागत उपयोगको अभिलेखीकरण एवं दर्ता र वनस्पतिहरूको सांस्कृतिक तथा आध्यात्मिक उपयोगको प्रवर्द्धन, सहयोग र सम्वर्द्धन गर्ने कार्यहरूमा उत्कृष्ट प्रयासहरू गरेको), यदी सान्दर्भिक नभएमा - (२) | ३<br>२.=न्यू. तेस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| ४.१ ग | संकलन क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरू र परम्परागत उपयोग तथा अभ्यासहरू र पहुँचको अधिकार हरूमा लक्षित प्रजाति संकलनसम्बन्धी क्रियाकलापका कारण पर्ने सम्भावित प्रभावहरू : (०) यी विषयमा ध्यान नदिइएको र विद्यमान प्रभावहरूको बारेमा स्पष्ट रूपमा ज्ञान नरहेको, (२) प्रभावहरूको विश्लेषण र वर्णन गरिएको (कैयौंको संख्यामा आउने संकलकहरूका कारण परेको प्रभाव समेत) (३) यस्ता क्रियाकलापहरूबाट पर्ने समाजिक अवरोधहरू लगायतका कुनै पनि नकारात्मक प्रभावहरू हटाउनको लागि सबै किसिमका उपयुक्त उपायहरू अवलम्बन गरिएको र परम्परागत उपयोग तथा अभ्यासहरू र प्रथाजनित अधिकारहरूलाई मध्यनजर र विश्लेषण गर्न गहन प्रयासहरू गरिएको । यदी सान्दर्भिक नभएमा - (२) | ३ | |
| ४.१ घ | स्थानीय समुदाय र आदिवासी जनजातीहरूको जीविको पार्जन वा स्वास्थ्य सुरक्षा, स्रोतहरू, प्रथाजनित र कानूनी अधिकारहरूमा प्रभाव परी हुन जाने हानी नोक्सानीहरू रोक्नको लागि विभिन्न उपायहरू अवलम्बन गरिएको : (०) संकलनका क्रियाकलापहरूका कारण स्थानीय समुदायमा गम्भीर नकारात्मक असर परेको कुरा स्पष्ट रूपमा देखिएको, (१) हानी नोक्सानी घटाउनको लागि केही प्रयासहरू भएको, (२ . न्यू.) लक्षित प्रजातिहरूको संकलन र व्यावसायिक उपयोग गर्दा कानूनी र प्रथाजनित अधिकार र अभ्यासहरूलाई बेवास्ता गरिएको छैन वा उल्लंघन गरिएको छैन भन्ने कुराको सुनिश्चितताको लागि उपयुक्त उपायहरू अवलम्बन गरिएको छ भन्ने कुरा देखिएको, (३) प्रथाजनित अधिकार र परम्परागत ज्ञानको प्रवर्द्धन गरिएको (जस्तै : सामुदायिक र स्थानीय तहमा) यदी सान्दर्भिक नभएका - (२) | ३<br>२=न्यू. | |
| ४.१ ङ | स्थानीय समुदायलाई भएको अधिक हानी नोक्सानी वापत न्यायोचित क्षतिपूर्ति उपलब्ध गराउने र गुनासा सुनुवाई गर्ने व्यवस्था : (०) यी कुराहरूलाई स्पष्ट रूपमा अनादर गरिएको वा पर्याप्त हानी नोक्सानी भएको, (१) क्षतिपूर्तिको बारेमा जानकारीहरू प्रवाह गरिएको र केही प्रयासहरू | ३<br>२=न्यू.<br>तेस्रो<br>वर्षदेखि | |

| | | | | |
|---|---|---|---|---|
| | भएको, (२ = न्यू. तेस्रो वर्षदेखि) हानी नेक्सानी भएको अवस्थामा न्यायोचित क्षतिपूर्ति उपलब्ध गराइएको, संकलनको कार्य निलम्बन गर्नेदेखि लिएर गुनासा सुनुवाई गर्ने सम्मका उपयुक्त किसिमका प्रभावकारी संयन्त्रहरू रहेको । (३) मौद्रिक तथा गैरमौद्रिक लाभहरूको व्यापक विस्तार, लाभको बाँडफाँडका लागि उपयुक्त किसिमका सम्झौताहरू र अन्य संयन्त्रहरूका साथै क्षति न्यूनीकरण र निकै राम्रो किसिमको क्षतिपूर्ति उपलब्ध गराइएको । (यदी सान्दर्भिक नभएमा-(२) | | | |
| ४.१ च | स्थानीय र परम्परागत उपयोगको लागि लक्षित प्रजातिहरू (जस्तै औषधीजन्य जडीबुटी आदि) को गुणस्तर र पहुँच एवं उपलब्धता : (१) महत्वपूर्ण वनस्पति स्रोतहरूमा स्थानीय उपयोगका लागि स्वामित्व सहित संकलनमा पहुँच नभएको, (१ = न्यू.) केही प्रतिवन्धहरू कायम रहेको तर समग्र रूपमा स्रोतको उपलब्धता प्रयाप्त रहेको, (२) व्यावासायिक संकलनका कारण स्रोतलाई बेवास्ता नगरिएको वा कमी नरहेको, (३) स्थानीय तथा परम्परागत जडीबुटीजन्य चिकित्सा परम्पराका प्रतिनिधिहरूका लागि लक्षित प्रजातिको स्थानीय उपयोग वा संकलन गर्न पाउने अधिकारलाई सहयोग र प्रवर्द्धन गरिएको । | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | १८ | १२ | |

## ४.२ लाभको बाँडफाँड

आदिवासी जनजाति र स्थानीय समुदायसँग गरिने सम्झौताहरू लक्षित प्रजातिमाथिको पूर्णअधिकार, पहुँचको अधिकार, व्यवस्थापन मापदण्ड र स्रोतको महत्वका विषयमा उपयुक्त र पर्याप्त ज्ञान रहेको छ भन्ने आधारमा गरिएको हुन्छ । यस्तो सम्झौताले सबै संलग्न पक्षहरूका बीच लाभको स्वच्छ र न्यायोचित बाँडफाँडको सुनिश्चितता गरेको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ४.२ लाभको बाँडफाँड | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ४.२ क | आदिवासी र स्थानीय समुदायसँग स्रोतमा पहुँच र लाभको बाँडफाँड गर्ने सम्झौताहरू : (०) स्रोतमा पहुँच र लाभका | | |

| | | | |
|---|---|---|---|
| | बाँडफाँड गर्ने सम्झौताहरू नभएको, (२ = न्यू. तेस्रो वर्षदेखि) स्रोतहरू र सोसँग सम्बन्धित परम्परागत ज्ञानको उपयोग सम्बन्धी लिखित र आपसमा मञ्जुर गरिएका स्वच्छ र न्यायोचित सम्झौताहरू उपलब्ध रहेको, कम्तिमा पहुँच र लाभको बाँडफाँडसम्बन्धी पूर्ण किसिमका सम्झौताहरू प्रस्तुत गरिएको, (३) लाभको बाँडफाँडसम्बन्धी पूर्ण किसिमका सम्झौताहरू उपलब्ध रहेको र सबै पक्षहरूले स्वीकार गरेको, आफ्ना आवश्यकताहरू र खास अवस्थाहरू सहित स्थानीय समुदायका प्रतिनिधिहरू र प्रथाजनित ज्ञानका धनीहरूले स्वतन्त्र रूपमा व्यक्त गरेका चाहनाहरूलाई मध्यनजर गर्दै बनाइएको लाभको बाँडफाँडसम्बन्धी पूर्ण किसिमका सम्झौताहरू विद्यमान रहेको र सबैले स्वीकार गरेको, पहुँच र लाभको बाँडफाँडसम्बन्धी पूर्ण किसिमका सम्झौताहरूमा सहभागी नभएको भएता पनि यस्ता परम्परागत ज्ञानका धनीहरूको बैधानिक चाहनाहरूलाई सम्झौताहरूमा मध्यनजर गरिएको । यदी सान्दर्भिक नभएमा - (२) (कृपया परीक्षकहरूको मार्गदर्शनमा उल्लेखित नोट हेर्नुहोस्) | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ४.२ ख | सम्झौताहरू : (०) सम्झौताहरू विल्कुलै नगरिएको, (१) सम्झौताहरू पूर्ण नरहेका, (२ . न्यू.) पहुँच र लाभको बाँडफाँडसँग सम्बन्धित हुनुको साथसाथै परम्परागत ज्ञानको संरक्षणसँग सम्बन्धित सान्दर्भिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानून र नियमहरूको परिपालना भएको, (३) मान्यता प्राप्त असल अभ्यासहरूको अवलम्बनका साथै कानूनी अवश्यकताहरू भन्दा धेरै थप कुराहरू पालना गरेको देखिएको । यदी सान्दर्भिक नभएमा - (२) | ३<br>२=न्यू. | |
| ४.२ ग | स्रोतमा पहुँच, लाभको बाँडफाँड र परम्परागत ज्ञानको उपयोग सम्बन्धी सम्झौताहरू : (०) आदिवासी जनजाति र स्थानीय समुदायहरू स्पष्ट रूपमा असहमत रहेको वा दस्तखत गर्नुभन्दा पहिला राम्रोसँग जानकार थिएनन् भन्ने कुरा देखिएको, (१) स्थानीय समुदायले केही सामान्य जानकारीहरू मात्र प्राप्त गरेको, (२ = न्यू. तेस्रो वर्षदेखि) परम्परागत ज्ञानमा पहुँच र यसको उपयोगबाट प्राप्त लाभको समन्यायिक वितरणका लागि स्रोतमाथि स्वामित्व भएका | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | समुदाय र परम्परागत ज्ञानका धनीहरूले पूर्वसूचित सहमति दिएको र आपसमा मञ्जुर गरिएका शर्तहरूसम्बन्धी सम्झौतामा पुगेको (हाल नयाँ उपयोगका लागि पनि पूर्वसूचित सहमति आवश्यक पर्ने), (३) यो प्रक्रियामा संलग्न पक्षहरूको कानूनी सीप रहेको र विभिन्न किसिमले सौदावाजी गर्न सक्ने क्षमता भएको कुरालाई ध्यानमा राख्दै एउटा सहभागितामूलक समावेशी प्रक्रियाको विकास गरेको । यदी सान्दर्भिक नभएमा - (२) | | |
| ४.२ घ | स्रोतको महत्वलाई ध्यानमा राख्दै सम्झौतामा ज्ञान र जानकारीहरूको बैज्ञानिक, स्थानीय, औद्योगिक र अन्य सान्दर्भिक स्रोतहरू प्रतिविम्बित गरिएको : (०) समुदायबाट जानकारी लिने कुरामा रोक लगाइएको (नलिइएको), (१) सामान्य अध्ययन गरिएको वा सम्बन्धित क्षेत्रको बारेमा थोरै ज्ञान रहेको, (२ = न्यू. तेस्रो वर्षदेखि) सम्झौतामा अद्यावधिक गरिएका जानकारीहरू समावेश गरिएको, स्रोतको महत्वलाई ध्यानमा राख्दै सम्बन्धित जानकारीहरू स्वतन्त्र र खुल्ला रूपमा आदान प्रदान गरिएको, (३) धेरै नै पारदर्शी सम्झौताहरू गरिएको जसमा सूचनाका सबै स्रोतहरूलाई पूर्णरूपमा ध्यान दिइएको । यदी सान्दर्भिक नभएमा - (२) | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ४.२ ङ | सम्झौताहरूलाई ग्रहण गरिएको : (०) अनुचित सम्झौताको रूपमा लिइएको, (२) न्यायोचित सम्झौताको रूपमा लिइएको, (३) लाभग्राहीहरूद्वारा निकै न्यायोचित रूपमा लिइएको । यदी सान्दर्भिक नभएमा - (२) | ३ | |
| ४.२ च | संकलनसम्बन्धी कार्यहरूबाट स्थानीय समुदायमा सकारात्मक प्रभाव परेको : (०) कुनै सकारात्मक प्रभाव नरहेको र नकारात्मक असर समेत परेको (जस्तै : परम्परागत उपयोगमा बाधा उत्पन्न भएको, पवित्र मूल्यमान्यताहरूको उल्लंघन भएको), (१) स्थानीय स्तरमा केही सकारात्मक प्रभाव परेको, (२) स्थानीय अर्थतन्त्रलाई विविधीकरण र बलियो बनाउने किसिमले वन जंगलका वस्तुहरूको संकलन र प्रशोधन गरिएको (जस्तै : स्थानीय रोजगारी, स्वामित्व र लगानी आदि), (३) स्थानीय प्रभाव निकै सकारात्मक रहेको । | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | १८ | १२ | |

## सिद्धान्त ५ : संकलकहरू र खरिदकर्ताहरू बीच स्वच्छ सम्झौताजन्य सम्बन्ध विकासका लागि प्रवर्द्धन

संकलकहरूलाई आफ्नो हितको प्रतिनिधित्व गर्न र फेयरवाइल्डबाट प्राप्त हुने अतिरिक्त लाभ (प्रिमियम) सम्बन्धी निर्णय प्रक्रियामा सहभागी हुनका लागि आवश्यक पर्ने सूचनामा पहुँच र संयन्त्र स्थापित भएको हुनु पर्दछ । संकलकहरूलाई अलग्गै विशेष समूहको रूपमा लिई उनीहरू विरूद्व कुनै पनि किसिमको भेदभाव गरिने छैन ।

### ५.१ स्वच्छ सम्झौतामा आधारित सम्बन्ध

संकलकहरू र कम्पनीका बीचमा हुने आर्थिक सम्बन्ध स्वच्छ र पारदर्शी रहेको हुन्छ र प्रिमियमको उपयोग तथा मूल्य निर्धारणसम्बन्धी सम्झौताहरू लगायतका महत्वपूर्ण विषयमा गरिने निर्णय प्रक्रियाहरूमा संकलकहरूलाई सहभागी हुने अनुमति रहेको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ५.१ स्वच्छ सम्झौतामा आधारित सम्बन्ध | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ५.१ क | संकलन कार्यक्रम सञ्चालकलाई विक्री गर्न सकिने परिमाणहरू सम्बन्धी जानकारी : संकलकहरूले प्राप्त गरेको : (०) यस बारेमा कुनै जानकारी उपलब्ध नरहेको, (२) अन्दाजी परिमाणबारे आधारभूत जानकारी उपलब्ध रहेको, (३) परिमाणहरूको बारेमा संकलन कार्यक्रम सञ्चालकबाट संकलकहरूसम्म राम्रो गरी सूचना प्रवाह गरिएको । | ३ | |
| ५.१ ख | संकलन कार्यक्रम सञ्चालक र संकलकहरूका बीचको सम्बन्ध : संकलकहरूको महसुस गराई : (०) दुरूपयोग भएको (सम्झौतामा आधारित सम्बन्ध राम्रो नरहेको तर स्वीकार्य रहेको), (२) सम्झौतामा आधारित सम्बन्धमा राम्रै तरिकाले व्यवहार गरिएको, (३) धेरै राम्रो व्यवहार गरिएको । | ३ | |
| ५.१ ग | संकलन सम्बन्धी कार्यक्रमहरूको लक्ष्य संकलकहरू सँग दीर्घकालीन रूपमा संकलन सम्झौता गर्नु रहेको : संकलकहरूसँग भएको सम्झौताका सन्दर्भमा निम्न व्यवहारहरू गरिएको : (०) बारम्बार सम्झौता खारेज गर्ने गरिएको, (२) कारण सहित (जस्तै : गुणस्तर कम भएको, मूल्य घट्दै गएको) लिखित रूपमा मात्र सम्झौता खारेज | ३ | |

| | | | |
|---|---|---|---|
| | गर्ने गरेको र यस्तो अवस्थामा संकलकहरूलाई अग्रिम रूपमा नै प्रयाप्त सूचना दिएको, (३) संकलन कार्यक्रम सञ्चालकको संकलकहरूसँग घनिष्ठ सम्बन्ध रहेको र धेरै जसो संकलकहरूले लामो समयदेखि काम गर्दै आएको । | | |
| ५.१ घ | संकलकको कार्य छोड्ने अधिकार : संकलकहरूले (०) काम छोड्न नपाउने, (१) काम छोड्न पाउने आधिकारिक व्यवस्था रहेको तर यसका लागि धेरै झमेलाहरू व्यहोर्नु पर्ने अवस्था रहेको, (२) एउटा उपयुक्त र न्यायोचित समयभित्र संकलनसम्बन्धी कामबाट राजिनामा दिन पाउने व्यवस्था रहेको । | २ | |
| ५.१ ङ | संकलकहरूको चाहनाहरू बारे विचार गरिएको र सूचनाहरू आदान प्रदान गरिएको : संकलन कार्यक्रमले संकलकहरूलाई (०) निर्णय प्रक्रियामा संकलकहरूलाई संलग्न गराउनका लागि कुनै प्रयासहरू गरेको कुरा नदेखिएको र संकलकहरूसँग कुनै वार्ताहरू गरेको नदेखिएको, (१) संकलित वस्तुहरूको मूल्य निर्धारणका बारेमा कहिले काँही वार्ताहरू आयोजना गर्ने गरेको (यदी सान्दर्भिक भएमा) र केही संकलकहरूसँग फेयरलाइल्ड कार्यक्रमको विकास गर्ने चाहनाका बारेमा छलफल गरेको, (२ = न्यू. दोस्रो वर्षदेखि) फेयरवाइल्डका सान्दर्भिक अवधारणाहरूको बारेमा संकलकहरूसँग खुल्ला छलफलहरूको आयोजना गर्ने गरेको (जस्तै : संकलकहरूलाई तालिम प्रदान गर्ने समयमा) र संकलकहरूलाई आफ्नो प्रतिनिधि सदस्य छनौट गर्नका लागि उत्प्रेरित गर्ने गरेको, जसले उनीहरूको बीचमा र संकलकहरूको तर्फबाट फेयरवाइल्डका आधारभूत विषयहरूको बारेमा छलफल चलाउन सक्दछः (जस्तै : वस्तुको मूल्य, प्रिमियमको सदुपयोग, संकलकहरूको सचेतना विकासको लागि महत्वपूर्ण व्यावसायिक विकास आदि), (३) संकलकहरूसँग निकटमा रहेर र नियमित रूपमा जानकारीहरूको आदान प्रदान गरिएको र संकलकहरूको औपचारिक संगठनको परिचालन गरिएको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |

| | | | | |
|---|---|---|---|---|
| ५.१ च | संकलनसम्बन्धी कार्य सञ्चालन सम्बन्धमा र फेयर वाइल्ड प्रिमियम कोषको निर्णयहरूमा सहभागिताका लागि संकलकहरूको हित र चाहनाको प्रतिनिधित्व गर्नेगरी एउटा प्रयाप्त किसिमको संरचनाको विद्यमानता रहेको : (०) कुनैपनि लोकतान्त्रिक संरचना नरहेको, कुनै पनि किसिमको सहभागिता नरहेको, (२) संकलकहरूलाई आफ्नो प्रतिनिधि छनौटका लागि मतदान गर्ने अधिकार रहेको र त्यस्तो प्रतिनिधिले संकलकहरूको तर्फबाट प्रतिनिधि सदस्यको रूपमा संकलक कम्पनीसँग संकलकहरूका मुख्य सरोकारहरू (जस्तै : वस्तुको मूल्य) का विषयहरूमा छलफल गर्ने अवस्था रहेको र फेयरवाइल्ड प्रिमियमको उपयोग सम्बन्धी निर्णयहरूमा आफ्नो कुरा भन्न सक्ने अवस्था रहेको, (३) संकलनहरूको संगठन निकै राम्रो र सक्रिय रहेको | | ३ | |
| | **जम्मा** | **अधिक नं** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **१७** | **१२** | |

## ५.२ संकलकहरू विरूद्ध भेदभाव गर्न निषेध

जातजाति, वर्ण, जातीय उत्पत्ति, धर्म, लिंग वा राजनीतिक आस्थाका आधारमा संकलकहरू विरूद्ध कुनै विभेद गरिदैन र महिलाहरूलाई संकलकको रूपमा दर्ता हुन अभिप्रेरित गरिन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ५.२ संकलकहरू विरूद्ध भेदभाव गर्न निषेध | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ५.२ क | कम्पनीका नीति तथा कानूनहरू (समान किसिमले प्रभावकारी रूपमा प्रयोग गरिने मार्गदर्शनहरू) : (०) स्पष्ट रूपमा प्रतिवन्ध लगाउने किसिमका रहेका, (१) केही हदसम्म कम प्रतिबन्ध लगाउने किसिमका रहेको, (२ = न्यू.) जातजाति, वर्ण, धर्म, लिंग, राजनीतिक आस्था, राष्ट्रिय उत्पत्ति र सामाजिक मूलका आधारमा संकलक समूहहरूलाई पहुँचमा रोक नलगाइएको, (३) संकलकको रूपमा काम गर्नका लागि सिमान्तकृत तथा बञ्चितीकरणमा परेका समूहलाई सक्रिय रूपमा अभिप्रेरित गरिएको । | ३<br>२=न्यू. | |

| | | | |
|---|---|---|---|
| ५.२ ख | सिमान्तकृत तथा बञ्चितीकरणमा परेका समूह (महिला बाहेक) लाई : (०) योजनावद्ध रूपमा नै समावेश नगराइएको, (२) उपस्थित नभए पनि दर्ता भएका संकलकहरूलाई योजनावद्ध रूपमा ननिकालिएको, (३) संकलक हुनका लागि सक्रिय रूपमा अभिप्रेरित गरेको र समूहमा समेत सक्रिय रहेको (प्रतिनिधिमूलक संगठनमा र फेयरवाइल्ड प्रिमियम समितिमा) | ३ | |
| ५.२ ग | सामाजिक हैसियत, लैङ्गिक हैसियत तथा जातजातिगत रूपमा फरक फरक हैसियत भए पनि सम्झौता, तालिम, मूल्य भुक्तानी आदिका दृष्टिकोणले संकलकहरूको समान हैसियत रहेको : (०) सम्झौताका शर्तहरूमा निकै भिन्नता रहेको, (१) सम्झौताका शर्तहरूमा केही समान्य भिन्नताहरू रहेको तर योजनावद्ध रूपमा नै भेदभाव गरिएको कुरा नदेखिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) सबै शर्तहरू समान रहेका : (३) सिमान्तकृत तथा बञ्चितीकरणमा परेका समूहलाई समेत राम्रो हैसियत प्रदान गर्नको लागि विशेष पहलहरू गरेको अथवा स्थानीय सन्दर्भमा संकलकहरूका लागि समग्रमा राम्रो हैसियत रहेको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ५.२ घ | महिलाहरूलाई : (०) बञ्चितीकरण गरेको, (१) बञ्चितीकरण पनि नगरेको उपस्थिति पनि नगराएको, (२) संकलकको रूपमा दर्ता हुनबाट बञ्चित् नगरेको र संकलकको रूपमा कतिपय महिलाहरू रहेको, दर्ता रहेको संकलकका श्रीमतिहरू पनि बैठक र तालिमहरूमा सहभागी हुन सक्ने, (३) महिलाहरूलाई समूहमा सहभागी हुन र समूहको पूर्ण सदस्य हुनका लागि सक्रिय रूपमा अभिप्रेरित गरिएको अथवा धेरै महिलाहरू दर्ता भएका संकलकको रूपमा रहेको । | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| | **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | **१२** | **८** | |

## सिद्दान्त ६ : जंगली वनस्पति संकलनसम्बन्धी क्रियाकलापमा बालवालिकाको सहभागिता न्यूनीकरण

संकलन र प्रशोधनसम्बन्धी कार्य गर्दा संकलकहरूले आधारभूत कामहरू समेत बालवालिकाको योगदानविना नै गर्नु पर्नेछ ।

### ६.१ बालबालिका र युवा संकलक

बालवालिकालाई संकलकको रूपमा सम्भौता गरिने छैन । युवा संकलकहरूलाई कहिल्यै पनि कुनै जोखिमजन्य कार्यहरूमा लगाईदैन ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ६.१ बालबालिका र युवा संकलक . | | अधिक नं | स्कोर |
|---|---|---|---|---|
| ६.१ क | संकलक कम्पनीहरूले: (०) बालबालिकाहरूलाई काममा लगाउने गरी केही सम्भौताहरू गरेको, (२ = न्यू.) १५ वर्षभन्दा कम उमेरका युवाहरूलाई संकलकको रूपमा काममा लगाउने गरी सम्भौताहरू नगरिएको, यदी यस्तो गरिएको भए - कसरी विद्यमान संकलकको रूपमा रहेका बालश्रमिकहरूलाई जिम्मेवार किसिमले एक वर्षभित्रमा चरणवद्ध रूपमा हटाउने भन्ने बारेमा योजना प्रस्तुत गरिएको, बालश्रमिकहरूले गर्दै आएका कामहरूबाट उनीहरूलाई कुनै पनि समयमा उनीहरूको स्वास्थ्य र सुरक्षामा खतरा उत्पन्न हुँदैन भन्ने कुराको कसरी सुनिश्चितता गरिएको छ भन्ने कुरा देखाएको र उनीहरूको विकासलाई खतरामा नपारिएको । | | २<br>२=न्यू. | |
| ६.१ ख | यदी संकलक कम्पनीले १५-१८ वर्ष उमेर समूहका युवाहरूसँग सम्भौताहरू गरेको भए : (०) यस्ता युवा संकलकहरूलाई जोखिमपूर्ण काममा लगाइएको र सोको अनुगमन नगरिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) संकलन सम्बन्धी कार्यहरूबाट युवा संकलकहरूको स्वास्थ्य र सुरक्षाका साथै उनीहरूको विकासमा खतरा उत्पन्न भएको छैन भन्ने कुराको निकै सावधानीपूर्वक अनुगमन गरिएको । | | २<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/पूर्णाङ्क/स्कोर** | | १२ | ८ | |

## ६.२ संकलन कार्यका लागि बालवालिकासँग संकलन सम्झौता

संकलन र प्रशोधनमा सघाउनका लागि संकलकहरूले बालवालिकालाई श्रमिकको रूपमा लिने गरी सम्झौता गर्न पाउँदैनन् ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ६.२ संकलन कार्यका लागि संकलकले बालवालिकासँग सम्झौता नगर्ने | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ६.२ क | संकलकहरूद्वारा १२ वर्षभन्दा कम उमेरका बालवालिकासँग श्रमिक वा सहयोगीको रूपमा काम गराउन सम्भौता गरेको: (संकलनका कार्यहरूमा आफ्नै अभिभावकहरूलाई सहयोग गर्नेगरी बालवालिकाहरूलाई काममा लगाउन नहुने (६.३ हेर्नुहोस्) : (०) कतिपय समयमा १२ वर्षभन्दा कम उमेरका बालवालिकासँग उनीहरूलाई श्रमिकको रूपमा काममा लगाउन सम्झौताहरू गरेको, (२ = न्यू.) संकलकहरूले उनीहरूको संकलन तथा प्रशोधनसम्बन्धी क्रियाकलापहरूमा सहयोग लिनका लागि १२ वर्षभन्दा कम उमेरका बालवालिकाहरूसँग सम्झौता नगरेको, यदी अझैपनि सम्झौता गरी काममा लगाइएका केही बालश्रमिकहरू छन् भने संकलन कार्यक्रम सञ्चालकले जिम्मेवारपूर्ण रूपमा बालश्रमिक घटाउने र चरणवद्ध रूपमा हटाउने योजना प्रस्तुत गरेको । वालवालिकाहरूले गैरखतरनाक काम मात्र गर्दै आएको । | २<br>२=न्यू. | |
| ६.२ ख | संकलकहरूद्वारा १२-१५ वर्ष उमेर समूहका बालवालिकाहरूलाई कामदार वा सहयोगीको रूपमा काममा लगाउनका लागि सम्झौता गरेको : यस उमेर समूहका बालवालिकाहरू : (०) अधिक धेरै कामहरू गर्दछन्, (२= न्यू. दोस्रो वर्षदेखि) यदी बालवालिकाहरूले खाजाखर्चका लागि कुनै कुनै समयमा काम गर्ने गरेका छन् भने खासगरी स्कूल सञ्चालन भएको समयमा बाहेक हल्का किसिमका र गैरखतरनाक कामहरू मात्र गर्ने गरेको र यस्तो कार्य एक दिनमा लगभग दुई घण्टा मात्र गर्ने गरेको, यदी यो उमेर समूहका बालवालिकाहरूले खतरनाक कामहरू गर्दै आएका छन् भने यस्तो खतरनाक अवस्थामा सुधार गरिएको र यस्ता खतरनाक काममा निरन्तर रूपमा संलग्न नभएको, (३) कामदारहरूद्वारा बालवालिकाहरूसँग सम्झौता नगरेको । | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदखि | |

| | | | | |
|---|---|---|---|---|
| ६.२ ग | संकलकहरूद्वारा युवा कामदारहरू (१५-१८ वर्षका) लाई कामदार वा सहयोगीको रूपमा काममा लगाउनका लागि सम्झौता गरेको : (०) गरेको, (२= न्यू.) युवा कामदारहरूको स्वास्थ्य र सुरक्षाका साथै उनीहरूको विकासमा खतरा उत्पन्न हुने काममा संलग्न नभएको अथवा यस्ता कार्यहरू नहुने गरेको र यदी हुने गरेको भए आवश्यक सुधारका कार्यहरू गर्ने योजना बनाएको । | | २<br>२=न्यू. | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/पूर्णाङ्क/स्कोर** | | **७** | **६** | |

## ६.३ संकलनका लागि बालवालिकाद्वारा अभिभावकलाई सहयोग

संकलनका लागि बालवालिकाहरूले केवल कसैको निरीक्षण अन्तर्गत रही सामान्य सक्ने जति मात्र काम गर्दछन् ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ६.३ संकलनका लागि बालवालिकाद्वारा अभिभावकलाई सहयोग | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ६.३ क | १२ वर्षभन्दा कम उमेरका बालवालिकाद्वारा संकलन वा घरमा प्रशोधनका लागि उनीहको अभिभावकहरूलाई सघाएको : १२ वर्षभन्दा कम उमेरका बालवालिकाहरूले : (०) धेरै नै कार्यहरू गर्ने गरेको (१) प्रतिदिन दुई घण्टाभन्दा बढी समयसम्म केही बढी नै काम गर्ने गरेको, (२= न्यू. दोस्रो वर्षदेखि) संकलनसम्बन्धी हल्का किसिमका थोरै काम र गैरखतरनाक काम मात्र गर्ने गरेको : नियमित रूपमा प्रतिदिन लभगभ दुई घण्टा भन्दा कम समय काम गर्ने गरेको, अभिभावकहरूको निगरानीमा काम गर्ने गरेको, काममा संलग्न भएको कारणले स्कूल जानलाई कुनै जोखिम सिर्जना नगरेको, (३) १२ वर्षभन्दा कम उमेरका कुनैपनि बालवालिकाहरू संकलनसम्बन्धी कार्यहरूमा संलग्न नरहेको, शिक्षाको आवश्यकताको निमित्त र बालश्रमको सरोकारका विषयमा उच्च सचेतना रहेको ।<br>यदी अझैपनि १२ वर्षभन्दा कम उमेरका बालवालिकाहरूले धेरै मात्रामा वा खतरनाक कामहरू गर्दै आएका छन् भने | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | प्रत्येक बालवालिकाको अवस्थाका बारेमा मूल्यांकन गर्नुपर्ने हुन्छ र यस्तो अवस्थामा - सबै किसिमका खतर नाक क्रियाकलापहरू रोक्ने, बालश्रम क्रमशः घटाउँदै जाने/उन्मूलन गर्ने र स्कूलमा उपस्थित हुने कुरामा सुधार गर्ने कार्यका लागि संकलकहरू सँगसँगै एउटा प्रयाप्त किसिमको योजनाको विकास गरिएको हुनुपर्ने र प्रत्येक वर्ष यससम्बन्धी प्रगति प्रदर्शन गरिएको हुनुपर्ने । | | |
| ६.३ ख | १२-१५ वर्षका बालवालिकाहरूले आफ्ना अभिभावकहरूलाई सघाउने गरेको : (०) यो कुरा सामान्य रूपमा रहेको र बालवालिकाहरूले प्रतिदिन कैयौं घण्टासम्म काम गर्ने गरेको, (१) केही मात्रामा संकलनका कार्यहरू गर्नको लागि कहिलेकाँही काम गर्ने गरेको, (२= न्यू. दोस्रो वर्षदेखि) स्कूल समयमा धेरै काम गर्ने नगरेको (प्रतिदिन तीन घण्टाभन्दा कम समय) अथवा स्कूल विदा भएको समयमा लगभग सात घण्टा काम गर्ने गरेको, कामको प्रकृति गैरखतरनाक रहेको र उमेर अनुसार उपयुक्त रहेको, (३) १२-१५ वर्ष उमेर समूहका बालवालिकाहरू नियमित रूपमा संकलन र प्रशोधनका कार्यहरूमा विल्कुलै संलग्न नभएको (तर तालिम सम्बन्धी केही निश्चित् क्रियाकलापहरूमा सँगसँगै रहन सक्छन्), शिक्षाको आवश्यकताको निमित्त र बालश्रमको सरोकारका विषयमा उच्च सचेतना रहेको । यदी यी उमेर समूहका बालवालिकाहरू अत्यधिक कार्यहरू गर्दछन् वा खतरनाक कार्यहरू गर्दछन् भने कृपया ६.३ क मा रहेको टिप्पणी हेर्नुहोस् । | ३<br>२=.न्यू. दोस्रो वर्षदेखि | |
| ६.३ ग | युवाहरू (१५-१७ वर्ष उमेर समूहका) ले संकलन तथा प्रशोधनका कार्यहरूमा उनीहरूका परिवारहरूलाई सघाउने गरेको : (०) संलग्न हुने गरेको, (२) युवाहरूको स्वास्थ्य र सुरक्षाका साथै उनीहरूको विकासमा खतरा उत्पन्न हुने काममा संलग्न नभएको अथवा उनीहरूका अभिभावकहरूलाई सघाउने कार्यमा संलग्न नभएको । | २ | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | ८ | ६ | |

## सिद्दान्त ७ : संकलक र उनीहरूको समुदायका लागि लाभको सुनिश्चितता

व्यापारका मध्यस्तकर्ताहरू न्यून गरिएको हुनु पर्दछ, संकलकहरूले संकलन गरेको वस्तुको उचित मूल्यको सुनिश्चितता गरिएको हुनु पर्दछ र फेयरवाइल्ड प्रिमियम कोषको माध्यमबाट सामाजिक किसिमका सामुदायिक विकासमा सहयोग गरिएको हुनु पर्दछ ।

### ७.१ संकलकलाई न्यायोचित मूल्य र भुक्तानी

व्यापारका मूल्य श्रृंखलाहरू छोटो गराइएको हुन्छ, संकलनहरूलाई समयमा नै भुक्तानीको सुनिश्चितता गरिएको हुन्छ, संकलकहरूलाई मूल्य निर्धारण प्रक्रियामा संलग्न गराइएको हुन्छ र समग्र संकलन प्रक्रियामा पारदर्शी रूपमा मूल्य निर्धारण गरी संकलकहरूलाई दीर्घकालिन रूपमा न्यायोचित मूल्य भुक्तानीको सुनिश्चितता गरिदै आएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ७.१ संकलकलाई न्यायोचित मूल्यको भुक्तानी | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ७.१ क | लागत गणना गर्ने संयन्त्र : संकलनसम्बन्धी कार्यमा सञ्चालकले : (०) लागत गणना गर्ने नगरेको (१) हालसम्म स्पष्ट रूपमा लागत गणना गर्ने नगरेको तर लागत गणनासम्बन्धी आधारभूत अवधारणा समावेश रहेको, (२= न्यू. तेस्रो वर्षदेखि) कम से कम एक लागत गणना गर्ने संयन्त्र रहेको । यस लागत गणना अन्तर्गत संकलनको लागत, संकलकहरूलाई भुक्तानी गरेको मूल्यहरू, खरिद तथा प्रशोधन खर्चहरू, ओभरहेड र मूनाफाहरूका साथसाथै विक्री मूल्यहरू, स्रोतको मूल्यांकन र सोतको दिगो व्यवस्थापन तथा अनुगमन क्रियाकलापहरू, (३) राम्रोसँग लागत विश्लेषण गरिएको । | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ७.१ ख | लागत गणनामा पारदर्शिता र मूल्य निर्धारण संयन्त्र : कम्पनीले दिने गरेको : (०) केही पनि नदिने गरेको, (१) निकै कम दिने गरेको, (२) प्रयाप्त आधारहरू दिने गरेको, (३) संकलकहरूलाई भुक्तानी गरेको मूल्यका बारेमा खुल्ला छलफल गर्नका लागि आफ्नो लागत गणना र मूल्य निर्धारण संयन्त्रका बारेमा विस्तृत जानकारी (जस्तै : संकलकहरूको प्रतिनिधिमूलक संस्थालाई) दिने गरेको । | ३ | |

| | | | |
|---|---|---|---|
| ७.१ ग | संकलकलाई भुक्तानी गरिएको : (०) कहिलेकाँही नदिने/दिए पनि धेरै ढिला दिने गरेको वा कहिलेकाँही वस्तुहरू दिने गरेको (जस्तै : किम्मती तथा अतिरञ्जित मूल्यका लागि रासायनिक मल दिने गरेको), (१) केही हदसम्म अनियमित र समयमा नदिने गरेको, (२ = न्यू.) सहमति भए बमोजिम समयमा नै सही मूल्य दिने गरेको, (३) अग्रिम भुक्तानी (२० प्रतिशत भन्दा बढी) र समयमा नै बैंकमा भुक्तानी ।<br>प्रथम प्रमाणीकरणमा - यदी भविष्यमा समयमा नै भुक्तानी गर्ने सम्झौता वा स्पष्ट योजना छ भने सबै कुरा सही भएको मान्न सकिन्छ । | ३<br>२=न्यू. | |
| ७.१ घ | फेयरवाइल्ड प्रमाणीकरण भएर वस्तुहरू विक्री भए पश्चात् संकलकहरूले फेयरवाइल्ड प्रमाणीकरण भएका वस्तुहरू विक्री गर्दा उच्च मूल्य प्राप्त गर्छन् (परम्परागत रूपमा संकलित वस्तुहरूको आधारभूत मूल्य भन्दा फेयरवाइल्ड प्रमाणीकरण पश्चात्को अंकित मूल्य वढि हुन्छ) : (०) कहिलेकाँही स्थानीय विशिष्ठ मूल्य भन्दा पनि कम हुने गरेको, (१) एकै किसिमको मूल्य हुने गरेको (२ = न्यू. दोस्रो वर्षदेखि) वा फेयरवाइल्ड प्रमाणीकरण पश्चात् विक्री गरेपछि छिटोभन्दा छिटो) संकलकहरूको अतिरिक्त प्रयासहरू वापत क्षतिपूर्तिको रूपमा प्रयाप्त हुनेगरी उच्च मूल्य भुक्तानी गरिएको र यस्तो मूल्य सम्बन्धित क्षेत्रमा परम्परागत रूपमा संकलित वस्तुहरूलाई भुक्तानी हुने गरेको मूल्य बरावर भन्दा समान्यतया लभगभ ५ प्रतिशत बढी हुने गरेको, (३) सामान्य मूल्य भन्दा लगभग १० प्रतिशत भन्दा बढी मूल्य पाउने गरेको ।<br>प्रथम प्रमाणीकरण - (२) यदी यस्तो मूल्य योजना अनुसार नै छ भने । फेयरवाइल्ड प्रमाणीकरण पश्चात् विक्री गर्न शुरू गरेको पहिलो ३ वर्षमा यी वस्तुहरूको समान रूपमा सबै संकलकहरूलाई वास्तविक फेयरवाइल्ड प्रमाणीकरण भएका वस्तु विक्री वितरण गरेको अधारमा फेयरवाइल्ड प्रमाणीकरण गरिएका वस्तुहरूको संकलकले ५ प्रतिशत | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | भन्दा उच्च खरिद मूल्य हुनेगरी भूतलक्षी (पूर्वप्रभावी) रूपमा मूल्य गणना गर्न सक्दछ । यदी फेयरवाइल्ड प्रमाणीकरण भएका वस्तु विक्री नभएमा - (२) | | |
| ७.१ ङ | संकलककलाई भुक्तानी गरिएको मुल्य : (०) भुक्तानी गरिएको रकम वस्तुको वास्तविक मूल्यसँग स्पष्ट रूपमा मेल नखाएको, संकलकहरू स्थानीय स्तरमा गरिवीको रेखामुनी रहेका, (२ = न्यू. तेस्रो वर्षदेखि) उपलब्ध गराइएको मूल्यले संकलकहरूको परिवारको आधारभूत आवश्यकताहरू पुरा गर्नको लागि प्रयाप्त आम्दानीको रूपमा रहेको । यदी संकलनको कार्य आंशिक समयका लागि मात्र गर्ने गरिएको छ भने संकलनका लागि उपयोग भएको समयको भागका अधारमा मूल्यांकन गर्न सकिन्छ । तीन वर्षपछि पनि यो कुरा पुरा नभएमा संकलकको आम्दानीमा क्रमशः सुधार गर्नको लागि कम्पनीले आफ्नो फेयरवाइल्ड प्रमाणीकरण भएका वस्तु विक्रीका लागि क्रेताहरूसँग सँगसँगै काम गर्नुपर्ने हुन्छ, (३) न्यूनतम ज्यालाबाट हुने आम्दानी भन्दा धेरै मूल्य प्रदान गरिएको वा त्यस्तो क्षेत्रमा आम्दानी प्रदान गरिएको जहाँ संकलन कार्यक्रम सञ्चालन गर्ने एउटा मात्र परियोजना नै आम्दानीको एक मात्र स्रोतको रूपमा रहेको । | ३<br>२=न्यू. तेस्रो वर्षदे खि) | |
| ७.१ च | यदी संकलक एउटा मात्र उत्पादनमा निर्भरता रहेको छ भने (अथवा निकै कम मात्र उत्पादक समूह रहेको) यो एउटा गंभिर आर्थिक समस्या हो र यस्तो अवस्थामा कम्पनीले उत्पादन विविधीकरण प्रवर्द्धनका लागि : (०) केही पनि प्रयास नगरेको, (१) केही प्रयास गरेको, (२) उपयुक्त प्रयासहरू गरेको, (३) असाधारण प्रयासहरू गरे को । यदी सान्दर्भिक नभएमा - (३) | ३ | |
| ७.१ छ | संकलन प्रणालीमा (वास्तवमा एउटा व्यक्ति वा परिवारले संकलन गरिरहेको ) संलग्नता : (०) अनावश्यक रूपमा अति धेरै मध्यस्थकर्ता (विचौलीया) हरू रहेको, (१) असक्षम | २ | |

| | | | | |
|---|---|---|---|---|
| | मध्यस्थकर्ताहरू रहेको, (२) केही सक्षम मध्यस्थकर्ताहरू मात्र रहेको । | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | २० | १४ | |

## ७.२ फेयरवाइल्ड प्रिमियमको उपयोग र प्रशासन

फेयरवाइल्ड प्रिमियम प्राप्त गरी सकेपछि यसको यथासक्य छिटो प्रिमियम कोषको रूपमा पारदर्शी रूपमा परिचालन गरिएको हुन्छ र संकलकका संगठनहरू, संकलकहरूको प्रतिनिधिमूलक समिति वा विभिन्न सरोकारवालाहरू संलग्न रहेको अधिकार प्राप्त फेयरवाइल्ड प्रिमियम कोषको सञ्चालक समितिले प्रिमियम कोष र यसको उपयोग सम्बन्धी निर्णयहरू गर्दा जवाफदेहीपूर्ण रूपमा गरेका हुन्छन् ।

## फेयरवाइल्ड प्रिमियम कोष सञ्चालन मार्गदर्शन

वनस्पतिहरूको दिगोसंकलन, उत्पादन र तिनीवाट उत्पादित अन्तिम वस्तुको विक्री गर्दा सम्म आपूर्ति श्रृंखलामा जोडिएका संकलक तथा अन्य सबै सरोकारवालाहरूबाट गरिएका प्रयासहरूलाई प्रतिविम्बित गर्दै संकलक तथा संकलकहरूको संस्थालाई एउटा फेयरवाइल्ड प्रिमियमको भुक्तानी गरिएको हुन्छ । प्रत्येक संकलकको विक्री मूल्यमा थप हुनेगरी सञ्चालकले १० प्रतिशत प्रिमियम लिएको हुन्छ, जसको भुक्तानी आपूर्ति श्रृंखलामा रहेको अर्को खरिदकर्ता (संकलन केन्द्र, व्यापारी र कम्पनी) ले गर्दछ ।

यदी न्यून प्रिमियम लिनेगरी वार्ता गरिएको छ भने यस्तो किसिमको फेयरवाइल्ड प्रिमियमको पर्याप्त सामाजिक प्रभावको प्रदर्शन तथा एउटा लिखित पुष्ट्याई तयार गरिएको हुनु पर्दछ, उदाहरणका लागि विगत पाँच वर्षको औसत मूल्य भन्दा यदी अहिलेको मूल्य बढी छ भने अथवा उच्च मूल्यको वस्तु उत्पादन गरिएको छ भने संकलकलाई स्वभाविक रूपमा समग्र हिसावले बढी आम्दानी उपलब्ध गराइ सकिएको हुन्छ ।

यो फेयरवाइल्ड प्रिमियम रकमले संकलकहरूको समुदायमा सामाजिक विकास परियोजनाहरू सञ्चालन गर्न चाहेको हुन्छ । (यस प्रयोजनका लागि संकलक समूह वा समूहहरूले व्यवस्थापन गरेको सामाजिक विकास कोषमा संकलकहरूको प्रिमियम रकमलाई पनि जोडिनु पर्दछ) । प्रमाणीकरणको पहिलो पाँच वर्षमा प्रिमियम रकमलाई दिगो संकलनमा सुधार गर्नका लागि पनि उपयोग गर्न सकिन्छ ।
संकलकलाई भुक्तानी गरिएको प्रिमियमलाई विक्री सम्फौताहरूमा वा रसिदहरूमा उल्लेख गरिएको हुनु पर्दछ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ७.२ फेयरवाइल्ड प्रिमियमको उपयोग र प्रशासन | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ७.२ क | फेयरवाइल्ड प्रिमियम उपयोग गर्ने निर्णय गरिएको हुन्छ : (०) निर्णय स्पष्ट नरहेको र लोकतान्त्रिक निर्णय गर्ने प्रक्रिया नरहेको, (१) निर्णयहरूको व्यवस्थापन गर्ने काम संकलन कार्यक्रम सञ्चालन गर्नेले गर्दै आएको, (२= न्यू. दोस्रो वर्षदेखि) निर्णय गर्ने कार्यहरू संकलकहरूको साधारण सभाबाट गरिएको हुन्छ । | २<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ७.२ ख | संकलकहरूलाई प्रिमियमको उपयोग सम्बन्धमा जानकारी उपलब्ध गराउने व्यवस्था : यदी संकलकहरूले प्रत्यक्ष रूपमा निर्णय लिएका छैनन् भने : (०) संकलकहरूले जानकारी उपलब्ध गराउन माग गरेको भएपनि जानकारीहरू उपलब्ध नगराएको, (१) केही संकलकहरूलाई जानकारी उपलब्ध गराइएको, (२) विगत वर्षहरूको प्रिमियम कोष उपयोग सम्बन्धमा सबै संकलकहरूलाई जानकारी रहेको (जस्तै : खरिद केन्द्रहरूमा सूचना पाटीमा सूचना रहेको) र संकलकहरूले आफ्ना सवालहरूलाई उजागर गर्ने अवसरहरू पाएको र यस्ता सवालहरूलाई प्रिमियम कोषको उपयोगका क्रममा अर्को पटक आयोजना गरिने निर्णय प्रक्रियामा ध्यान दिइने गरेको, (३) कोषको भावी प्रयोगको बारेमा संकलकहरूले नै निर्णय गर्ने व्यवस्था भएको । | ३ | |
| ७.२ ग | फेयरवाइल्ड प्रिमियमको प्रशासन सञ्चालन : प्राप्त भएको सबै प्रिमियम रकमहरू : (०) वास्तविक प्रशासनिक व्यवस्था नगरी लिइएको र उपयोगका बारेमा अभिलेख नभएको, (१) केही प्रशासनिक व्यवस्था गरिएको तर अभिलेखहरू अपूर्ण रहेको, (२=न्यू.) जवाफदेही रूपमा प्रशासन सञ्चालन गरेको र उपयोगको बारेमा राम्रोगरी अभिलेखित गरिएको, (३) उत्कृष्ट किसिमले कोषको प्रशासन र सञ्चालन गरेको । | ३<br>२=न्यू. | |
| ७.२ घ | प्रिमियम कोष समिति वा संकलन कार्यक्रमको सञ्चालकले प्रतिवेदन तयारः (०) प्रतिवेदन तयार नगरेको, (१) केही क्रियाकलापहरू गरेको बारेमा प्रतिवेदन तयार गरको तर अपूर्ण रहेको, (२) कोषको रकम खर्च गरी सञ्चालन गरेका | ३ | |

| | | | |
|---|---|---|---|
| | सबै क्रियाकलापहरूको बारेमा प्रत्येक वर्ष संक्षिप्त प्रतिवेदन तयार गर्ने गरेको (सम्पूर्ण खर्च विवरण सहित) (३) कोषको रकम खर्च गरी सञ्चालन गरेका सबै क्रियाकलापहरूका कारण परेको सामाजिक र पर्यावरणीय प्रभावहरूको बारेमा विस्तृत समीक्षा गरी प्रतिवेदन तयार गरेको । | | |
| ७.२ ङ | कोषबाट भुक्तानी गरिए अनुरूप उपयोग भएको खर्चको अभिलेखहरू : (०) विल्कुलै खर्चको अभिलेख नराखिएको, (१) केही कमी कमजोरी सहित अभिलेख राखिएको, (२) खर्च गरिएको विवरण सन्तोषजनक रहेको र कोषको वार्षिक प्रतिवेदनमा क्रियाकलापहरूको बारेमा उल्लेख गरिएको, (३) धेरै राम्रो अभिलेखहरू राखेको र खर्चको विवरण पछ्याउन सजिलो रहेको । | ३ | |
| ७.२ च | फेयरवाइल्ड प्रिमियमको उपयोगः (०) व्यक्तिगत दुरूपयोग तथा पैसा चोरी आदि, (१=न्यू. पहिलो र दोस्रो वर्षदेखि) मुख्य रूपमा दिगो संकलनसम्बन्धी कार्यक्रम सञ्चालन गर्न, व्यावसायिक एकतृतकरण र लगानी गर्न, (२ = न्यू. तेस्रो वर्षदेखि) सामाजिक परियोजनाको लागि अथवा (पहिलो पाँच वर्षसम्म) प्रिमियम समितिद्वारा सहमति गरिए बमोजिम दिगो संकलनलाई अभिवृद्धि गर्न र संरक्षण परियोजनाहरू सञ्चालन गर्न, (३) सामाजिक परियोजना सञ्चालनका लागि मात्र । | ३<br>१=न्यू. पहिलो र दोस्रो वर्ष<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ७.२ छ | फेयरवाइल्ड प्रिमियम उपयोगको सामाजिक प्रभाव : (०) प्रिमियम प्राप्त गरेको भएपनि कुनै खास सामाजिक प्रभाव नपरेको, (२) राम्रो सामाजिक प्रभाव (रकम प्राप्त गरेको अनुपातमा अपेक्षा गरे अनुसार), (३) धेरै नै उच्च किसिमको सामाजिक प्रभाव परेको । | ३ | |
| ७.२ ज | समुदायको सहभागिता - स्वयंसेवी प्रतिवद्धताका लागि अतिरिक्त अंकहरू : प्रिमियम कोषको उपयोगका अतिरिक्त संकलन कार्यक्रम सञ्चालकद्वारा सामुदायिक परियोजनाहरू कार्यान्वयन गरेको वा सहयोग उपलब्ध गराएको अथवा सामाजिक रूपमा स्थानीय समुदायको सहभागिता रहेको - यसका लागि प्रतिवद्धता अनुसार (०) देखि (३) सम्मको अंक | | |

| | | | | |
|---|---|---|---|---|
| | दिन सकिने । कृपया यस बारेमा तल टिप्पणी लेख्नुहोस् । यो अंक न्यूनतम आवश्यकताको रूपमा नरहेको । | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | २० | १४ | |

## सिद्धान्त ८ : वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनमा संलग्न सबै श्रमिकहरूका लागि न्यायोचित किसिमको काम गर्ने वातावरणको सुनिश्चितता

वन जंगलका प्राकृतिक वनस्पतिहरूको संकलनका लागि सबै संकलकहरूलाई संकलनसम्बन्धी काम गर्ने क्रममा काम गर्ने राम्रो अवस्थाको सुनिश्चितता गरिएको हुनु पर्दछ ।

तल उल्लेखित आधार (मापदण्ड) र सूचकहरू जंगलवाट संकलन कार्यमा संलग्न स्थलगत प्रचार प्रसार तथा निरीक्षणमा खटिएका कर्मचारीहरू सहित सबै कर्मचारीहरू, खरिदमा संलग्न कर्मचारीहरू र प्रशोधन तथा प्याकिङ्ग एकाईमा काम गर्ने कर्मचारीहरू साथै पेटी ठेकदारको रूपमा रहेका फेयरवाइल्ड खरिद केन्द्रहरू समेतलाई लागु हुन्छ ।

### ८.१ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको आधारभूत श्रम अधिकार

वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले कामको शिलशिलामा सबै श्रमिकहरूको आधारभूत मानवीय मूल्य मान्यता र मौलिक हकहरूको सम्मान गर्दछन् ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ८.१ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको आधारभूत श्रम अधिकार | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ८.१ क | बधुवा (बाँधा) मजदुर : (०) बधुवा मजदुरको प्रमाण भेटिएको, (२=न्यू.) बधुवा मजदुर राखेको संकेत नदेखिएको, कम्पनीले रोजगारीमा रहेका व्यक्तिहरूको परिचय पत्र राख्ने वा जम्मा गर्ने नगरेको र उचित सूचना दिएपछि कामबाट फिर्ता जानमा रोक नलगाइएको, (३) कामदारहरू प्रभावकारी रूपमा संगठित भएका र समुहिक रूपमा सौदावाजी गर्ने गरेका । | २<br>२=न्यू. | |
| ८.१ ख | संगठित क्रियाकलाप र कामदारहरूको सामुहिक सौदावाजी : (०) यसमा स्पष्ट रूपमा रोक लगाइएको, (२ = न्यू. दोस्रो वर्षदेखि) कामदारहरूको संगठन खोल्न र संगठित हुन | | |

| | | | |
|---|---|---|---|
| | अनुमति प्रदान गरिएको, संगठित भएका कामदारहरू विरूद्ध कुनै भेदभाव नगरिएको, (३) कामदारहरू प्रभावकारी रूपमा संगठित भएका र सामूहिक रूपमा सौदावाजी गर्न सक्षम भएका । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.१ ग | १५ वर्षभन्दा कम उमेरका बाल श्रमिकहरू कामदारको रूपमा रहेका वा सम्झौता गरिएको : यिनीहरू (०) कतिपय बालवालिकाको रूपमा रहेका, (२ . न्यू.) १५ वर्षभन्दा कम उमेरका बालवालिकाहरू कामदारको रूपमा राख्ने सम्झौता नगरिएको । यदी अझैपनि बाल श्रमिकहरू छन भने - हाल काम गरीरहेका बालवालिकाहरूको सुरक्षा गर्न र जवाफदेही रूपमा बालश्रमिक क्रमशः हटाउने आवश्यकता पुरा गर्ने सम्बन्धमा फेयरवाइल्ड फेयरट्रेड निर्देशक दिग्दर्शन हेर्नुहोस् । | २<br>२=न्यू. | |
| ८.१ घ | कामदारका बालवालिकाहरूले उनीहरूका अभिभावकलाई सघाउने गरेको : (०) बालवालिकाको सहयोग धेरै नै रहेको, (२ = न्यू. दोस्रो वर्षदेखि) बालवालिकाहरूले कामदारहरूलाई उनीहरूको काममा नसघाएको, यदी बालवालिकाहरूले अझैपनि उनीहरूका अभिभावकहरूलाई सघाईरहेका छन् भने यसबाट उनीहरूको स्वास्थ्य र सम्पन्नतामा कुनै खतरा नभएको हुनुपर्ने र एक वर्ष भित्रमा यो अवस्थामा कसरी सुधार ल्याउने भन्ने बारेमा एउटा योजना प्रस्तुत गरिएको, (३) कामदारका बालवालिकाहरूलाई सहयोग र हेरचाहका सुविधाहरू भएको । यदी सान्दर्भिक नभएमा - (२) | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.१ ङ | १५-१८ वर्ष उमेर समूहका युवा कामदारहरू : (०) रहेको, (२ = न्यू. दोस्रो वर्षदेखि) उनीहरूको स्वास्थ्य, सुरक्षा र विकासमा खतरा उत्पन्न हुने काममा संलग्न नभएको, स्कूल समय र आवत जावत गर्ने समय सहित काम गर्ने समय १० घण्टा भन्दा बढी नभएको र आराम गर्नका लागि प्रयाप्त समय उपलब्ध रहेको । यदी सान्दर्भिक नभएमा - (२) | २<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.१ च | लिङ्ग, वर्ण, जातजाति, उत्पत्ति, धर्म आदिका आधारमा न्यूनतम ज्यालामा विभेद (विभेद, बहिस्करण वा बरियता) : (०) भेदभावका प्रमाणहरू भेटिएको, (२ . न्यू. दोस्रो वर्षदेखि) | | |

| | | | | |
|---|---|---|---|---|
| | पारिश्रमिकको सन्दर्भमा कामदारहरू बीच जानीजानी भेदभाव गरिएको कुराको संकेत नदेखिएको, (३) कामदारहरू बीच आपसी सम्मान र मेलमिलाप प्रवर्द्धनका लागि कामदारहरू सक्रिय रहेको अथवा कम्पनीको नीतिनै भेदभावको विरूद्धमा रहेको । | | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.१ छ | अवशरहरू (काममा राख्ने, तालिम प्रदान गर्ने, बढुवा गर्ने) मा भेदभाव : (०) भेदभावका प्रमाणहरू भेटिएको, (२) अवशरहरूको सन्दर्भमा कामदारहरू बीच जानीजानी भेदभाव गरिएको कुराको संकेत नदेखिएको, गर्भवती महिलाहरूलाई कामबाट निकाल्ने काम नगरिएको, (३) अवशरबाट बञ्चित समुदायका लागि रोजगारीका विशेष अवशरहरू प्रदान गरिएको अथवा कम्पनीको राम्रो पदहरूमा भेदभावमा परेका समूहका मानिहरूको उच्च संख्या रहेको । | | ३ | |
| ८.१ ज | भेदभाव र बलपूर्वकको व्यवहार : (०) यस कुराको स्पष्ट प्रमाणहरू भेटिएको, (१) यस कुराको केही प्रमाणहरू भेटिएको, (२) इशारा, भाषा, यौनहिंसाजन्य व्यवहार हुने गरी भौतिक सम्पर्क, धम्क्याहट, दुरूपयोग र शोषण जस्ता भेदभावजन्य व्यवहारहरू भएको संकेत नदेखिएको, (३) कम्पनीमा यस्ता गलत व्यवहारहरूको अनुगमन गर्ने र सोको स्पष्ट रूपमा निन्दा गर्ने किसिमको नीति रहेको । | | ३ | |
| ८.१ झ | अनुशासनात्मक अभ्यासहरू : (०) मानवको आत्मसम्मानको उल्लंघन र पारदर्शिताको कमी रहेको, (२) मानवको आत्मसम्मानको उल्लंघन नभएको, मानवीय व्यवहारहरू न्यायोचित र पारदर्शी रहेको, शारिरिक यातना नदिइएको, कामदारसँग सम्झौता नगरी ज्याला कटौति नगरिएको, (३) कामदार र रोजगारदाता बीच धेरै राम्रो सकारात्मक सम्बन्ध रहेको र कुनै ठूलो अनुशासनात्मक कारवाही गर्नुपर्ने आवश्यकता नरहेको । | | ३ | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | २४ | १८ | |

## ८.२ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको लागि सुरक्षित कार्यस्थल र वातावरण

उद्योगको विद्यमान अवस्थाको ज्ञानलाई ध्यानमा राख्दै र कुनै जोखिम भएमा सोको समेत मध्यनजर गर्दै श्रमीकहरूलाई सुरक्षित र स्वस्थ्य कार्यस्थलको वातावरण प्रदान गरिएको हुन्छ ।

सुरक्षित रूपमा काम गर्ने वातावरणको लागि पर्याप्त उपायहरूको अवलम्बन गरिएको छ वा छैन भन्ने बारेमा अनुगमन गरी जोखिम न्यूनीकरणमा आधारित अवधारणा अवलम्बन गरिएको हुन्छ, जस्तै : साना तथा कम जोखिम हुने कार्यहरूमा भन्दा धेरै कामदारहरू सहित र खास किसिमका खतरनाक प्रशोधन विधिहरू भएका ठूला उद्योगहरूमा सुरक्षाका उपायहरू र राम्रो गरी विकशित गरिएको कार्यविधिहरू हुनेछन् भन्ने अपेक्षा गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ८.२ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीको लागि सुरक्षित कार्यस्थल र वातावरण | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ८.२ क | प्रशोधन यन्त्रहरू र उपकरण : (०) धेरै असुरक्षित र जोखिमपूर्ण अवस्थामा रहेका, (१) खतरनाक नरहेका तर आंशिक रूपमा असुरक्षित रहेका, (२ . न्यू.) कामदारहरूको लागि प्रयाप्त मात्रामा सुरक्षा रहेको : कार्यस्थलमा कुनै महत्वपूर्ण दुर्घटना नभएको । यदी सुरक्षाको विषय एउटा महत्वपूर्ण समस्या हो भने - सुधार योजना बनाएको, (३) धेरै सुरक्षित र कार्यस्थललाई बढी भन्दा बढी सुरक्षित बनाउनको लागि विशेष प्रयासहरू गरिएको । | ३<br>२=न्यू. | |
| ८.२ ख | रसायन, ध्वनी, धूलो र प्रकाशबाट प्रयाप्त मात्रामा व्यक्तिगत सुरक्षा : (०) यी कुराहरू आवश्यक भएपनि सुरक्षा उपलब्ध नभएको, (१ . न्यू. दोस्रो वर्षदेखि) स्वीकार्य अवस्था हुने गरी यी सुविधा उपलब्ध गराइएको र कामदारका लागि उपयोग गर्ने तालिम दिइएको, (२) सुविधा उपलब्ध गराइएको, कायम राखिएको र प्रभावकारी रूपमा कार्यान्वयन गरिएको, (३) उच्च संरक्षण प्रयासहरू भइरहेको अथवा विल्कुलै जोखिम नरहेको । | ३<br>१=न्यू.<br>दोस्रो वर्षदेखि | |
| ८.२ ग | प्रयाप्त प्रकाश र हावादार स्थानः (०) निकै कमजोर, (२) स्थानीय मापदण्ड अनुसारको बनाएको भएपनि प्रयाप्त रहेको, (३) धेरै राम्रो अवस्थामा रहेको । | ३ | |

| | | | |
|---|---|---|---|
| ८.२ घ | स्थानीय मापदण्ड अनुसारको पिउने पानीमा पहुँच र पर्याप्त शौचालय सुविधा : (०) सहज पहुँच नरहेको, (१) पहुँच प्रदान गरिएको तर पिउने पानीको लागि पैसा तिर्नुपर्ने, (२) सुविधाजनक पहुँच रहेको र निशुल्क रूपमा उपलब्ध रहेको, (३) अन्य पेय पदार्थहरू (चीया, कफी आदि) निशुल्क रूपमा उपलब्ध रहेको । | ३ | |
| ८.२ ङ | मुख्य सुरक्षा खतराहरू र काम गर्दा अपनाउनु पर्ने सुरक्षित अभ्यासहरूको बारेमा कामदारहरूलाई जानकारी गराइन्छ : (०) जानकारी नगराइएको, (१) सतही रूपमा मात्र विद्यमान खतराको बारेमा सचेतना रहेको, (२) कामदार हरूलाई प्रयाप्त तालिमहरू दिइएको र सुरक्षा खतरा नरहेको, (३) कामदारहरूलाई राम्रोसँग जानकारी गराइएको र स्वास्थ्य र सुरक्षाका विषयमा तालिमहरू प्रदान गरिएको | ३ | |
| ८.२ च | गर्भवती र उपचाररत महिला र खतरामा रहेका अन्य समूहहरू : (०) सम्भावित खतरनाक काममा संलग्न रहेका, (२ = न्यू.) सम्भावित खतरनाक काममा संलग्न नगराइएको । यदि यो कुरा अझै पुरा नगरिएको भए ६ महिना भित्रमा यो अवस्थामा सुधार गर्ने घोषणा प्रतिको प्रतिवद्धता । | २<br>२=न्यू. | |
| ८.२ छ | आपतकालिन विधिहरू : (०) यस्ता विधिहरू नरहेको र विल्कुलै थाहा नभएको, (२) सबै कर्मचारीहरूलाई अवगत रहेको (यद्यपि लिखित रूपमा नरहेको भएपनि), (३) निकै राम्रोसँग लिखित सुरक्षा उपायहरू र चिन्हहरू समेत राखिएको । | ३ | |
| ८.२ ज | आपतकालिन निकासहरू : (०) आपतकालमा खाली गराउने सम्भावना नरहेको, (२ = न्यू.) निकास हुने ठाउँहरूमा अवरोध नरहेको र प्रयाप्त रहेको, जुनसुकै समयमा पनि आपतकालिन अवस्थामा तत्काल र सुरक्षित रूपमा खाली गराउन सकिने अवस्था रहेको, (३) धेरै राम्रोसँग सुरक्षा तालिम र सचेतना प्रदान गरिएको । यदि यो कुरा हालसम्म पुरा नभएको भए ६ महिना भित्रमा यो अवस्थामा सुधार गर्ने घोषणा प्रतिको प्रतिवद्धता । | २<br>२=न्यू. | |

| | | | |
|---|---|---|---|
| ८.२ झ | आगलागी नियन्त्रण गर्ने उपकरण : (०) उपलब्ध नरहेको, (१) निकै दुरावस्थामा रहेको र पहुँचयोग्य नभएको, (२ = न्यू. दोस्रो वर्षदेखि) प्रयाप्त र काम गर्न सक्ने अवस्थामा रहेको, सञ्चालनको लागि उपयुक्त अकारमा रहेको, (३) साधनहरूलाई नियमित रूपमा परीक्षण गर्ने गरेको र नियमित रूपमा आगो निभाउने अभ्यास गरेको । | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ८.२ ञ | प्राथमिक उपचारका उपकरणहरू : (०) उपलब्ध नरहेको, (१) उपकरणहरू प्रयाप्त नरहेको, (२) आधारभूत प्राथमिक उपचारका निमित्त आवश्यक उपकरणहरू पर्याप्त मात्रामा रहेका, (काम गर्दा हुन सक्ने सम्भावित दुर्घटनाको लागि आवश्यक हुनेसम्म) (३) राम्रो किसिमका प्राथमिक उपचारका साधनहरू र आपतकालिन चिकित्सा हेरचाहको व्यवस्था रहेको । | ३ | |
| ८.२ ट | वास्तविक सुरक्षा अवस्था र काम गर्दा हुने दुर्घटना : (०) धेरै दुर्घटनाहरू भएको र गएको २ वर्षमा कुनै गंभिर दुर्घटना भएको, (१ . न्यू.) स-साना दुर्घटना मात्र भएको र कहिलेकाँही मात्र चोटपटक लाग्ने गरेको र यसमा नियमित रूपमा ध्यान दिने गरेको र सुधारका कार्यहरू गरेको, (२) काम गर्दा कुनै ठूलो दुर्घटना नभएको र कामसँग सम्बन्धित स्वास्थ्य समस्या नरहेको, (३) सुरक्षात्मक उपाय र सुरक्षामा उच्च रूपमा ध्यान दिइएको । यदी न्यूनतम शर्तहरू पुरा नभएको अवस्था रहेमा - सुधार योजना । | ३<br>१=न्यू. | |
| ८.२ ठ | काम गर्दा हुन गएका दुर्घटना र कामसँग सम्बन्धित बिरामी : (०) यस्ता विषयमा अभिलेख राख्ने नगरिएको, (१) आधारभूत र अपुरो अभिलेख राख्ने गरिएको, (२) पूर्ण अभिलेख राख्ने गरिएको, (३) पूर्ण विवरण र सोको विश्लेषण गरी सुधारका कार्यहरू गर्दै आएको अथवा गएको तीन वर्षको अवधीमा कुनै पनि दुर्घटना र विमारी नभएको । | ३ | |
| ८.२ ड | यदि कामदारहरूलाई खाने बस्ने व्यवस्था उपलब्ध गराइएको भए : (०) अस्वीकार्य र धेरै नराम्रो अवस्थामा रहेको, (१ = न्यू.) स्वीकार्य भएपनि निकै कम गुणस्तरको रहेको, (२) स्थानीय मापदण्ड अनुसार प्रयाप्त र सुरक्षित | ३<br>१=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | रहेको र उचित मूल्यमा उपलब्ध रहेको, (३) सामान्य र छुट सहितको दरमा निकै राम्रो खाने बस्ने व्यवस्था रहेको । यदि सान्दर्भिक छैन भने - (२) | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **३७** | **२६** | |

## ८.३ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीलाई न्यायोचित किसिमको रोजगारीको अवस्था

वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले सामाजिक रूपमा जिम्मेवारपूर्ण रोजगारदाताको रूपमा कार्य गर्दै राम्रो किसिमको रोजगारीको अवस्था प्रदान गर्दछन् ।

| **नियन्त्रण अंक नं.** | **नियन्त्रण अंक : ८.३ वन जंगलका वनस्पतिहरूको संकलन कार्यमा संलग्न कर्मचारीलाई न्यायोचित किसिमको रोजगारीका शर्तहरू** | **अधिक नं.** | **स्कोर** |
|---|---|---|---|
| ८.३ क | स्थायी कर्मचारीहरूको रोजगारीको शर्तहरू निर्धारण गरिएको : काम गर्ने पद, ज्याला, लाभहरू (यदी भएमा), काम गर्ने समयहरू, विदाको सुविधा, आवास सुविधा (यदी भएमा) आदि : (०) रोजगारीका शर्तहरू बारे कुनै कुरा नखुलाइएको र मौखिक रूपमा समेत अवगत नगराइएको, (१ = न्यू. दोस्रो वर्षदेखि) रोजगारीका शर्तहरू स्पष्ट रूपमा खुलाइएको र कामदारहरूलाई सो बारेमा स्पष्ट रहेको (लिखित रूपमा नभएपनि),(२) कामदारहरूलाई उनीहरूको रोजगारीका शर्तहरू बारेमा रोजगारी दिग्दर्शन वा कामदारहरूको आधिकारिक दर्ता वा सम्झौताहरूको माध्यमबाट जानकारी भएको, (३) राम्रो किसिमको सम्झौता प्रणाली रहेको । यदि स्थायी कामदार (प्रतिवर्ष आठ महिना भन्दा बढी समय काम गर्ने) नभएमा - (२) | ३<br>१=न्यू. दोस्रो वर्षदेखि | |
| ८.३ ख | आकस्मिक/अस्थायी कर्मचारीहरूको रोजगारीका शर्तहरूको निर्धारण : (०) रोजगारीका शर्तहरू बारे कुनै कुरा नखुलाइएको र मौखिक रूपमा समेत अवगत नगराइएको, (१ = न्यू. दोस्रो वर्षदेखि) ज्याला र काम गर्ने समयअवधीका बारेमा स्पष्ट | ३<br>१=न्यू. दोस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | पारिएको र कामदारहरूलाई सो कुरा अवगत रहेको (लिखित रूपमा नभएपनि), (२) कामदारहरूलाई उनीहरूको ज्याला र कार्य समयका बारेमा कामदारहरूको आधिकारिक दर्ता वा सम्झौताहरू वा अन्य दस्तावेजहरूको माध्यमबाट जानकारी भएको, (३) राम्रो किसिमको सम्झौताहरू भएको । | | |
| ८.३ ग | स्थायी कामदारहरूको पारिश्रमिक : (०) स्थानीय औसत ज्याला भन्दा कम रहेको, (२ = न्यू.) कम्तिमा उपयुक्त न्यूनतम ज्याला अथवा खास किसिमको स्थानीय दर (यदी न्यूनतम ज्याला निर्धारण नगरिएको भएमा) : यदी यी कुराहरू नभएको अवस्थामा यसको लागि सुधार योजना, (३) स्थानीय स्तरको औसत दर भन्दा धेरै तलव भुक्तानी गरिएको (अन्य लाभहरू समेत, यदि भएमा) । यदि सान्दर्भिक नभएमा - (२) | ३<br>२=न्यू. | |
| ८.३ घ | आकस्मिक तथा मौसमी श्रमिकहरूको ज्याला : (०) स्थानीय स्तरको औसत ज्याला भन्दा कम, (१) स्थानीय स्तरको औसत ज्याला बरावर, (२ = न्यू. दोस्रो वर्षदेखि) न्यूनतम ज्यालादर लागु हुने अथवा (यदी स्पष्ट गरिएको भए) सामान्य ज्याला दर : यदी यी कुराहरू नभएको अवस्थामा यसको लागि सुधार योजना, स्थानीय स्तरको औसत दर भन्दा धेरै ज्याला भुक्तानी गरिएको (अन्य लाभहरू समेत, यदि भएमा), यदि कुनै वस्तु उत्पादन गर्ने क्रममा प्रतिवस्तु भुक्तानी गर्ने व्यवस्था भएमा अधिक समय काम गरेको अवधीलाई कटाएर प्रतिदिन उत्पादन गरेको वस्तुको आधारमा प्रतिदिनको औसत आम्दानी निकाल्ने । यदि आकस्मिक तथा मौसमी श्रमिकहरू नभएको भए - (३) | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ८.३ ङ | भुक्तानी गरिएको ज्यालाले श्रमिकहरू र उनीहरूको परिवार को अधारभूत आवश्यकता पुरा भएको : (०) यसका लागि प्रयाप्त नरहेको, (१) लगभग/पुग नपुग प्रयाप्त (२ = न्यू. दोस्रो वर्षदेखि) आधारभूत आवश्यकता पुरा गर्न प्रयाप्त रहेको, तीनवर्ष पश्चात पनि आधारभूत आवश्यकता पुरा गर्न प्रयाप्त छैन भने यो अवस्थामा सुधार ल्याउनका लागि फेयरवाइल्ड प्रमाणीकरण भएका वस्तु खरिदकर्ताहरूसँग काम गरेर प्रगति गरेको कुरा देखाउनु पर्ने, (३) तुलनात्मक रूपमा उच्च | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | (रोजगारदाताद्वारा गरिएको सामाजिक लाभ सम्बन्धी योगदान र औसत लाभांश समेत) र स्थानीय सन्दर्भमा राम्रो जीवनस्तर को सुनिश्चितता | | |
| ८.३ च | तालिममा सहभागिता, औजारमा खरावीको कारण भएको समय नोक्सानी र कामदारको नियन्त्रण भन्दा बाहिरको परिस्थितीका घटनाहरूमा : (०) सो समयको भुक्तानी नदिइएको, (२) समान्य दरमा भुक्तानी गरिएको, (३) कामदारको नियन्त्रण भन्दा बाहिरको परिस्थिति सिर्जना भई खर्च भएको अनुत्पादक समय वापत भुक्तानी गर्ने धेरै उदार अभ्यास रहेको । | ३ | |
| ८.३ छ | सबै कामदारहरूको समयमा नै पारिश्रमिक भुक्तानी : (०) समयमा भुक्तानी नगरिएको वा धेरै नै ढिलागरी भुक्तानी गरिएको, (१ = न्यू. दोस्रो वर्षदेखि) सामान्यतया समयमा नै भुक्तानी गरिएको तर कहिलेकाँही मात्र केही सामान्य ढिलाई गरिएको, (२) सहमती गरिएको दिनमा नियमित भुक्तानी गरिएको, (३) स्थानीय स्तरको समान्य ज्यालादर भन्दा बढी हुनेगरी सधै समयमा नै भुक्तानी गरिएको । | ३<br>१=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ८.३ ज | सबै भुक्तानीहरूलाई अभिलेखित गरिएको : (०) भुक्तानीलाई अभिलेखित नगरिएको, (१) भुक्तानीको अभिलेख निकै कमजोर रहेको, (२= न्यू. दोस्रो वर्षदेखि) भुक्तानी गरिएको विवरण निकै राम्रोसँग अभिलेख गरिएको र तलव भुक्तान गरिएको खास अवधी समेत खुलाईएको संकेत गर्नेगरी भुक्तानी रसिद समेत दिने गरेको, (३) धेरै राम्रोसँग अभिलेखित गरिएको । यदी न्यूनतम शर्त पुरा नभएको भए - सुधार गर्ने प्रतिवद्वताको घोषणा र नयाँ नमूना दस्तावेजको व्यवस्था | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ८.३ झ | स्थायी कामदारहरूका लागि साप्ताहिक कार्य समय र आराम गर्ने दिनहरू : राष्ट्रिय श्रम कानूनसँग मिल्ने किसिमको अथवा स्वीकार्य अभ्यासको रूपमा रहेको जुन सामान्यतया : (०) अति नै धेरै कार्य समयको रूपमा रहेको, (१) सामान्य रूपमा केही बढी कार्य समय निर्धारण गरिएको, (२) साप्ताहिक कार्य समय राष्ट्रिय श्रम कानूनसँग मिल्ने किसिमले तय गरिएको, कार्यसमय सम्बन्धी स्वीकार्य मापदण्ड : (साप्ताहिक रूपमा ४८ घण्टाभन्दा कम, सात दिनमा कम्तिमा १ दिन विदा), (३) | ३ | |

| | | | |
|---|---|---|---|
| | साप्ताहिक कार्य समय कानूनी रूपमा गर्नुपर्ने अधिकतम कार्य समय भन्दा कम हुने व्यवस्था गरिएको अथवा साप्ताहिक रूपमा ४२ घण्टाभन्दा कम अथवा कामदार मैत्री उदार कार्य समयहरू निर्धारण गरिएको । | | |
| ८.३ ञ | अधिक समय काम गर्ने : (०) पूर्ण रूपमा रोजगारदाताको स्वविवेकमा छोडिएको र नियमित रूपमा अधिक समय काम गर्नुपर्ने, (१) आवश्यकता अनुसार र वर्षमा ६ हप्ताभन्दा बढी, (२) बाध्यात्मक नरहेको अथवा कामको अत्यधिक चाप भएको समयमा बाध्यात्मक रहेको (वर्षमा ६ हप्ता भन्दा कम), अधिक समय काम गर्न कामदारहरू पहिला नै सहमत रहेको र कामको अवस्थासँग कामदारहरू खुशी रहेको, (३) अधिक समय काम गर्नका लागि कामदारमैत्री वातावरण (उदार अवस्था) रहेको । | ३ | |
| ८.३ ट | प्रति हप्ता अधिकतम कार्य समय (अधिक समय समेत) : (०) एक हप्तामा ६० घण्टा भन्दा कयौं बढी समय, (२ = न्यू. दोस्रो वर्षदेखि) एक हप्तामा ६० घण्टाभन्दा बढी कार्य समय नरहेको, (३) एक हप्तामा ४६ घण्टा भन्दा कम वा सो बरावर । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.३ ठ | अधिक कार्यसमयको भुक्तानी : (०) अतिरिक्त भुक्तानी नदिने गरेको, (२) स्थानीय कानून अनुसार अधिक कार्यसमयको भुक्तानी दिने गरेको, समयको क्षतिपूर्ति दिएको वा कम्तिमा न्यूनतम अतिरिक्त भुक्तानी दिएको, (३) पाइरहेको सुविधामा थप गरी अतिरिक्त भुक्तानी दिने गरेको (यद्यपि कानूनी बाध्यता नभएपनि) - (३) यदी अतिरिक्त दरमा भुक्तानी गरेको भए अथवा थप समय काम गर्नुपर्ने व्यवस्था नभएको | ३ | |
| ८.३ ड | तलवी विदा : (०) तलवी विदा वा विदाहरू नदिइएको, (२) कानूनी व्यवस्था अनुसार तलवी विदाको सुनिश्चितता गरिएको र बैंकहरूमा उपलब्ध हुने सरह औपचारिक तलवी विदाहरू दिइएको, (३) अवकाश पश्चात् पनि बचेको तलवी विदा वापतको भुक्तानी दिने व्यवस्था गरेको र विरामी विदाको पनि भुक्तानी दिने गरेको । | ३ | |

| | | | |
|---|---|---|---|
| ८.३ ढ | कार्य समय र अतिरिक्त कार्यसमयको अभिलेखीकरण : (०) उक्त व्यवस्था विद्यमान नरहेको र रहेपनि विश्वासनीय नरहेको, (१) विद्यमान रहेको तर तुलनात्मक रूपमा निकै अव्यवस्थित रहेको (२) प्रयाप्त मात्रामा अभिलेखित गरिएको, (३) धेरै राम्रोसँग अभिलेखित गरिएको । | ३ | |
| ८.३ ण | सञ्चय कोष र सेवानिवृत्तका लागि आधारभूत व्यवस्था : (०) विल्कुलै व्यवस्था नगरिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) कानूनी आवश्यकता अनुसार गरिएको (तर धेरैजसो अवस्थामा स्थानीय कामदारहरूको लागि मात्र यस्तो व्यवस्था गरिएको) र यदी यस्तो व्यवस्था नगरिएको भए - सुधारका लागि योजना बनाएको, (३) कानूनी आवश्यकता भन्दा पनि राम्रो व्यवस्था गरिएको, अथवा रोजगारदाताबाट सबै कामदारहरूका लागि प्रयाप्त योगदान गरिएको (यद्यपि, कानूनी रूपमा बाध्यात्मक नभएको भएपनि) । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ८.३ त | सुत्केरी भत्ता : (०) विल्कुलै व्यवस्था नगरिएको, (१) केही व्यवस्था गरिएको तर पर्याप्त नरहेको, (२) कानूनी आवश्यकता अनुसार स्थायी कर्मचारीहरूका लागि सुत्केरी भत्ताको न्यूनतम व्यवस्था गरिएको, (३) सबै कामदारहरू वा स्थायी कामदारहरूका लागि कानूनमा निर्धारण गरिए भन्दा बढी सुविधा दिने गरी सुत्केरी भत्ताको व्यवस्था गरिएको अथवा सेवा अवधीभरमा १२ हप्ताका लागि यस्तो व्यवस्था गरिएको | ३ | |
| ८.३ थ | कामदारहरूका लागि स्वास्थ्य बीमा (कानून भन्दा स्वतन्त्र रही) : (०) न त स्वास्थ्य बीमा गरिएको न त रोजगार दाताबाट कामदार विरामी पर्दाका समयमा न्यूनतम सहयोग गर्ने व्यवस्था रहेको, (२) स्थायी कामदारहरूका लागि कम्तिमा न्यूनतम स्वास्थ्य बीमा गरिएको, (३) सबै कामदारका लागि स्वास्थ्य बीमा गरिएको अथवा सामान्य उपचार खर्चभन्दा बढी व्यहोर्ने गरी व्यवस्था गरिएको र रोजगारदाताबाट बीमा खर्चमा योगदान गर्ने व्यवस्था गरिएको । | ३ | |
| ८.३ द | विरामी विदाको भुक्तानी : (०) विरामी विदाको भुक्तानी दावी गर्ने अधिकार नभएको, (१) कुनै कुनै दिनका लागि कानूनी आवश्यकता अनुसार विरामी विदाको भुक्तानी दिने गरिएको तर | ३ | |

| | | | |
|---|---|---|---|
| | उक्त कुरा सुनिश्चित् नगरिएको, (२) स्थानीय कानून अनुसार विरामी परेको दिनको भुक्तानी दिने गरिएको, (३) कानूनमा व्यवस्था गरिए भन्दा धेरै भुक्तानीको सुविधा दिने गरेको र प्रतिवर्ष कम्तिमा १० दिनको विरामी विदाको भुक्तानी पाउने व्यवस्था गरेको । | | |
| ८.३ ध | अतिरिक्त सामाजिक लाभहरू (स्वयंसेवी प्रतिवद्धताका लागि अतिरिक्त अंकहरू) : अतिरिक्त सामाजिक फाइदाहरू जस्तै : निशुल्क शिशु स्याहार केन्द्र, बेरोजगारी सुविधाहरू, जीवन बीमा, निजी निवृत्तिभरण कोषमा सदस्यता, निजी स्वास्थ्य सेवा, शिक्षा कोष आदि । यी अतिरिक्त लाभहरूलाई अंक दिदा (०) देखि (३) सम्म दिन सकिने (तर यी न्यूनतम सामान्य आवश्यकताको रूपमा नरहेका) | ३ | |
| ८.३ न | नियमित कादारहरूका लागि नियमित रोजगारी : (बर्षैभरी काम गर्नेहरूको हकमा) : (०) नियमित कामदारको हैसियत स्थायी कामदारको रूपमा नरहेको, (२) नियमित रूपमा काम गर्ने कामदारहरूले स्थायी कादारहरूले सरह सबै सुविधा पाउने गरी रोजगारी गरिरहेको, जस्तै : नियमित काम गर्न पाउने, सामाजिक सुरक्षाको भुक्तानी, विरामी विदा, तलवी विदाको सुविधा र अन्य सुविधाहरू, दैनिक ज्यालादारी वा तलव सुविधा, (३) अन्य उस्तै प्रकारका कम्पनीहरूको तुलनामा नियमित रोजगारी उपलब्ध गराउन प्रयास गरेको अथवा नियमित र स्थायी कामदाहरू मात्र राख्ने गरेको | ३ | |
| ८.३ प | स्थायी र अस्थायी कामदारहरूका बीचमा ज्यालामा भिन्नता : (०) अति नै भिन्नता, (१) बरावर, (२) समान्य भिन्नता, (३) समान कामका लागि स्थायी र अस्थायी कामदार हरूको बीचमा कुनै भिन्नता नभएको । यदी स्थायी कामदारहरू मात्र रहेको भएमा - (३) | ३ | |
| ८.३ फ | पेटी ठेक्का (उपठेक्का) मा काम लगाइएको भएमा (पेटी ठेक्कावालाहरूले उपलब्ध गराएको काम गर्ने वातावरण) : (०) धेरै नै न्यूनस्तरको, (१) केही हदसम्म न्यूनस्तरको, (२) उस्तै प्रकारको कामको लागि प्रत्यक्ष रोजगारदाता र पेटीठेकदारले उपलब्ध गराएको काम गर्ने वातावरणका बीचमा आधारभूत | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | रूपमा समानता रहेको, (३) सम्झौताका माध्यमबाट समानता र एकरूपता कायम गरिएको र सोको अनुगमन गरिएको । | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | ६६ | ४२ | |

## सिद्दान्त ९ : जिम्मेवारपूर्ण व्यवस्थापन अभ्यासहरूको अवलम्वन

वन जंगलमा रहेका लक्षित प्रजातिहरूको संकलनसम्बन्धी कार्यहरू अनुकूलित, व्यवहारिक, सहभागितमूलक र पारदर्शी व्यवस्थापकीय क्रियाकलापमा आधारित हुनेछन् ।

### ९.१ वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना

वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजनामा अनुकूलित, व्यावहारिक व्यवस्थापन प्रक्रिया र संकलनका असल अभ्यासहरू परिभाषित गरेको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ९.१ वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ९.१ क | फेयरवाइल्ड मापदण्ड अनुसार वन जंगलका वनस्पतिहरूको दिगो संकलनका लागि व्यवस्थापन योजना : (०) लिखित व्यवस्थापन योजना नबनाइएको, (१) धेरैहदसम्म अपूर्ण किसिमको व्यवस्थापन योजना रहेको, (२ = न्यू. तेस्रो वर्षदेखि) संकलन अवस्थाको विशेषतालाई मध्यनजर गर्दै आधारभूत किसिमको लिखित व्यवस्थापन योजना तर्जुमा भएको, (३) पूर्ण रूपमा विकास गरिएको व्यवस्थापन योजना तर्जुमा गरिएको । | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ९.१ ख | संकलन व्यवस्थापक र जिम्मेवारी लिएका कर्मचारीहरूलाई व्यवस्थापन योजनाको बारेमा हुनुपर्ने जानकारी : (०) कर्मचारीहरू व्यवस्थापन योजनाको बारेमा विल्कुलै जानकार नरहेको, (२ = न्यू. तेस्रो वर्षदेखि) व्यवस्थापन योजनाका बारेमा जानकार रहेको, (३) व्यवस्थापन योजना बनाउन सक्रिय रूपमा योगदान गरेको र सोको बारेमा उच्चस्तरको ज्ञान रहेको । | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| ९.१ ग | व्यवस्थापन योजनामा वनस्पतिहरू र तीनका बासस्थान संरक्षण रणनीतिहरूको व्यवस्था (अन्य सान्दर्भिक दस्तावेजहरू समेत): (०) यी विषयहरू विल्कुलै नसमेटिएको, (१) केही सामान्य जानकारीहरू समावेश गरेको, (२) प्रयाप्त मात्रामा यी विषयहरू समेटिएको र संकलन क्षेत्रमा समेत पर्ने वा वरपर रहेका संरक्षित क्षेत्रहरूको बारेमा समेत उल्लेख गरिएको, (३) धेरै राम्रो व्यवस्था गरिएको । | ३ | |
| ९.१ घ | व्यवस्थापन योजनामा आन्तरिक रूपमा उत्पादित वस्तुहरूको गुणस्तर मापदण्ड (अन्य सान्दर्भिक दस्तावेजहरू समेत): (उत्पादनहरूको न्यूनतम गुणस्तर र स्वच्छता कायम) : (०) यी विषयहरूका बारेमा विल्कुलै केही व्यवस्था नगरिएको, (१) आधारभूत जानकारीहरू समावेश रहेको, (२) प्रयाप्त मात्रामा विस्तृत विवरण खुलाइएको, (३) धेरै राम्रोसँग गुणस्तर मापदण्ड बनाइएको । | ३ | |
| ९.१ ङ | फेयरवाइल्ड मापदण्ड अनुसार दिगो संकलनका लागि प्रमुख प्रक्रियाहरूको निर्धारण (स्रोतहरूको अनुगमन, संकलन अभ्यासहरूको प्रभाव विश्लेषण, संकलकहरूबाट खरिद आदि) : (०) यी विषयहरू विल्कुलै नसमेटिएको र थाहा नभएको, (१ = न्यू. पहिलो र दोस्रो वर्षदेखि) आधारभूत जानकारीहरू र प्रक्रियाहरूको बारेमा जानकारी रहेको तर लिखित रूपमा थाहा नभएको, (२ . न्यू. दोस्रो वर्षदेखि) व्यवस्थापन योजना वा सम्बन्धित दस्तावेजहरूमा लिखित प्रक्रियाहरू उल्लेख गरिएको, संकलित वनस्पतिहरूमा पर्न सक्ने जोखिमको तहका बारेमा प्रयाप्त उल्लेख गरिएको, (३) प्रक्रियाहरूको बारेमा धेरै राम्रोसँग उल्लेख गरिएको । | ३<br>१=न्यू. पहिलो र दोस्रो वर्षदेखि,<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ९.१ च | व्यवस्थापन योजनामा फेयरवाइल्ड मापदण्डका सामाजिक तथा स्वच्छ व्यापार अवधारणाहरूको कार्यान्वयन गर्ने आवश्यक मुख्य नीतिहरू र प्रक्रियाहरू समावेश गरिएको (अन्य सान्दर्भिक दस्तावेजहरू समेत) (आवश्यकता अनुसार प्रिमियमको उपयोग सम्बन्धी फेयरवाइल्ड प्रिमियमको प्रशासन र निर्णयहरू, संकलकहरूको सहभागिता, बालश्रमिकको सवालमा संकलकहरूका बीचमा सचेतनाको | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | अभिवृद्धि र आवश्यकता अनुसार काम गर्ने स्वच्छ वातावरणको बारेमा अनुगमन) : (०) यी विषयहरू विल्कुलै नसमेटिएको र थाहा पनि नभएको, (१) आधारभूत जानकारीहरू र प्रक्रियाहरूको बारेमा योजना बनाइएको तर लिखित रूपमा तयार नगरिएको, (२ . न्यू. तेस्रो वर्षदेखि) समुदायमा भोगिएका समस्याहरू र संगठनको आकारका आधारमा तय गरिएका लिखित प्रक्रियाहरू प्रयाप्त रहेको, (२) व्यवस्थापन योजनामा धेरै राम्रोसँग व्यवस्था गरिएको । | | |
| ९.१ छ | व्यवस्थापन योजनामा अन्य उपयुक्त स्रोत व्यवस्थापन निकायहरूले संकलन क्षेत्रका बारेमा तयार गरेका कुनै अन्य व्यवस्थापन योजनाको बारेमा पनि ध्यान दिइएको : (०) त्यस्ता विद्यमान योजनाहरूको बारेमा ध्यान नदिइएको, व्यवस्थापन योजना बनाउँदा अन्य विद्यमान योजनाहरूको बारेमा जानकारी लिई त्यसलाई संक्षेपीकरण गरी सोबाट प्राप्त कुरामा ध्यान दिइएको अथवा यस्ता अन्य व्यवस्थापन योजनाहरू नभएको, (३) स्रोत व्यवस्थापक निकायहरूसँग नजिकको समन्वयका लागि विशिष्ट प्रयासहरू गरेको । यदी सान्दर्भिक नभएमा - (२) | ३ | |
| | उच्च जोखिममा रहेका प्रजातिहरूको हकमा : अतिरिक्त सूचकहरू ९.१ ज र ९.१ झ (भाग २) हेर्नुहोस् । | | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **२१** | **१४** | |

## ९.२ स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन

वन जंगलमा रहेका जंगली वनस्पतिहरूको संकलन व्यवस्थापनको कार्य प्रयाप्त र व्यावहारिक किसिमको स्रोत सर्वेक्षण, मूल्यांकन र संकलन प्रभावको अनुगमनद्वारा सघाइएको हुनु पर्दछ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ९.२ स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ९.२ क | लक्षित प्रजाति र यीनका बासस्थानहरूको बारेमा मूल्यांकन र नियमित अनुगमन गरी त्यसबाट प्राप्त नतिजालाई | | |

| | | | |
|---|---|---|---|
| | अभिलेखित गरी व्यवस्थापन योजनमा समावेश गरिएको : (०) मूल्यांकन नगरिएको र अनुगमन गर्ने योजना पनि नरहेको, (१) अनौपचारिक र समान्य रूपमा मूल्यांकन गरिएको तर यसको लिखित प्रक्रियाहरू नरहेको र विस्तृत रूपमा अभिलेखित पनि नगरिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) अनुगमन प्रक्रियाको बारेमा स्पष्ट गरिएको, पर्याप्त प्रक्रियाहरू बनाइएको र प्राप्त नतिजालाई अभिलेखित गरिएको, (३) उन्नत किसिमको प्रणाली विकास गरिएको । उच्च जोखिममा रहेका प्रजातिहरूको हकमा : अतिरिक्त सूचकहरू ९.२ क (भाग २) हेर्नुहोस् । | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ९.२ ख | पुनरूत्पादन सर्वेमा अभिलेख गरिए अनुसारको वनस्पति संख्याको आकार, वितरण र संरचना (उमेर, आकार वर्गको वितरण) को अवस्था आधारभूत जानकारी लिने क्रममा जस्तो थियो उस्तै रहेको वा सो भन्दा माथिल्लो स्तर मा रहन्छ र त्यसले स्वस्थ वनस्पति संख्याको प्रतिविम्ब गर्दछ : (०) वनस्पपतिको संख्या स्पष्ट रूपमा घटेको देखिएको, (१) तथ्यांकहरू समान्यतया अस्पष्ट रहेको र वनस्पतिको संख्या केहीहदसम्म घटेको हुन सक्ने, (२ = न्यू. दोस्रो वर्षदेखि) वनस्पतिको संख्या स्थिर रहेको, (३) विस्तृत सर्वेक्षण गरिएको । पहिलो प्रमाणीकरण - (२) | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि | |
| ९.२ ग | पुन मापन गर्न सकिने र तुलनात्मक सर्वेक्षण विधिहरू उपयोग गरी व्यवस्थापन क्षेत्रभित्र लक्षित प्रजातिहरूको आवधिक पुनरूत्पादनको सर्वेक्षण गरिएको : (०) यस्तो सर्वेक्षण नगरिएको, (१) केही आधारभूत सर्वेक्षण र अनुगमन गरिएको, (२) सर्वेक्षण गरिएको र नतिजाहरू अभिलेखित गरिएको, (३) विस्तृत सर्वेक्षण गरिएको । पहिलो प्रमाणीकरणका क्रममा यदी योजना गरिएको भए - (२) | ३ | |
| ९.२ घ | व्यवस्थापन क्षेत्रभित्र लक्षित प्रजाति र वनस्पतिको भागहरूको उपलब्धता, सम्भाव्यता र गुणस्तर स्थिर रहेको छ वा वृद्धि भएको छ भन्ने विषयमा पुष्टि गर्नको लागि आवधिक अनुगमन: (०) नकारात्मक प्रभाव परेको भन्ने कुरा स्पष्ट रूपमा देखिएको, (१) तथ्यांकहरू केही हदसम्म अस्पष्ट रहेको | ३<br>२=न्यू.<br>तेस्रो<br>वर्षदेखि | |

| | | | | |
|---|---|---|---|---|
| | र केही हदसम्म अस्थिर रहन सक्ने अवस्था रहेको, (२) स्रोतको उपलब्धता, सम्भाव्यता र गुणस्तर स्थिर रहेको, (३) सकारात्मक रूपमा बढीरहेको । पहिलो प्रमाणीकरण - (२) | | | |
| ९.२ ङ | संकलकहरू र स्थलगत व्यवस्थापकहरूको उचित क्षमता (विद्यमान र उपलब्ध हुन सक्ने) भित्र रहेका साधनहरू र प्रक्रियाहरूको उपयोग गरी स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन गरिएको : (०) अनुगमन नगरिएको अथवा धेरै न्यून क्षमता रहेको, (१) कर्मचारीको सोचाई भन्दा सामान्य रूपमा भिन्न किसिमको विधिहरूको उपयोग गरेको अथवा साधन र विधिहरू आधारभूत किसिमका मात्र रहेका, (२) कार्मचारीहरूलाई व्यावहारिक हुनेगरी पर्याप्त विधिहरू उपयोग गरिएको, (परीक्षकहरूलाई टिप्पणीः कतिपय प्रजातिको हकमा प्रयाप्त किसिमको र राम्रो नतिजाको सुनिश्चितताको लागि प्रयाप्त मात्रामा बाह्य प्राविधिक विशेषज्ञताको आवश्यकता पर्न सक्दछ, त्यसैले तपाईको टिप्पणीमा यस्तो आवश्यकताको बारेमा एउटा मूल्यांकन समावेश गर्नुहोस्), (३) राम्रो गुणस्तरीय विधिहरूको उपयोग भएको । | | ३ | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **१५** | **१०** | |

## ९.३ संकलकहरूद्वारा दिगो संकलनका उपायहरूको कार्यान्वयन

वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले तालिम लिएका र दक्ष संकलकहरूले मात्र लक्षित वनस्पति स्रोतको संकलन गरेका छन् भन्ने कुराको सुनिश्चिता गर्दछन् र संकलकहरूले उपयोगमा आउन सक्ने सम्मका संकलन मार्गदर्शनहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएका छन् भन्ने कुराको अनुगमन गरेका हुन्छन् ।

| **नियन्त्रण अंक नं.** | **नियन्त्रण अंक : ९.३ संकलकहरूद्वारा दिगो संकलनका उपायहरूको कार्यान्वयन** | **अधिक नं.** | **स्कोर** |
|---|---|---|---|
| ९.३ क | सबै संकलकहरू तालिम प्राप्त र संकलनका नियमहरूको बारेमा जानकार छन् भन्ने कुराको पुष्टिका लागि संकलकहरूको दर्ता अभिलेख उपलब्ध रहेको : (०) दर्ता अभिलेख नराखिएको, (१) दर्ता अभिलेख अपूर्ण रहेको, | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |

| | | | |
|---|---|---|---|
| | (२ = न्यू. दोस्रो वर्षदेखि) संकलकको पुरा नाम, संकेत नम्बर, ठेगाना र स्थानको बारेमा पर्याप्त र पूर्णकिसिमको जानकारी सहितको दर्ता विवरण रहेको, (३) संकलन कार्यमा सक्रिय रूपमा सहभागी भइरहने घरधुरीका सदस्यहरूको नाम समेतको विवरण रहने गरी राम्रोसँग दर्ता विवरण रहेको । | | |
| ९.३ ख | दर्ता रहेका र तालिम प्राप्त संकलकहरूबाट वस्तुहरू खरिद गरिएको : (०) कुनै पनि खरिद प्रणाली स्थापना नगरिएको वा स्थापित प्रणाली पनि विल्कुलै कार्यान्वयनमा नआएको, (१) खरिद प्रणाली विकास गर्ने क्रममा रहेको, (२ = न्यू. दोस्रो वर्षदेखि) दर्ता भएका संकलकहरूबाट मात्र वस्तुहरू किनिएको भन्ने कुरा सुनिश्चित् गर्ने खरिद प्रणाली रहेको, (३) संगठित किसिमको धेरै राम्रो खरिद प्रणाली रहेको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ९.३ ग | एउटा दर्ता भएको संकलकको नाम अन्तर्गत संकलन कार्यमा सक्रिय रूपमा संलग्न रहेका उसका खास परिवार सदस्यहरू (एउटै घरमा बस्ने सदस्यहरू) मात्र रहन सक्ने : यस्ता संकलकहरूले गर्ने कामको निरीक्षण गरी ठिक छ भनिएको (परिवारका सबै सदस्यका लागि दर्ता भएको संकलकलाई लागु हुने नियम नै लागु हुने) : (०) संकलकहरूको बारेमा निकै कम जानकारी रहेको वा जानकारी नै नरहेको, (१) नचिनिएका कैयौंको संख्यामा रहेका वास्तविक संकलकहरू कुनै एउटा संकलकको रूपमा दर्ता भएका र यस्तो छाता प्रकृतिको संकलकको निरीक्षण नगरिएको, (२ = न्यू. तेस्रो वर्षदेखि) एउटै घरधुरीका सदस्यहरूले मात्र संकलन गर्ने गरेको र मुख्य संकलकबाट सूचनाहरू पाउने गरेको, संकलक घरधुरीका सदस्यको संख्या थाहा भएको र अभिलेखित भएको, (३) सबै संकलकलाई उनीहरूको नामबाट चिन्न सकिने अवस्था रहेको र संकलन कार्यमा सक्रिय रहेका सबै सदस्यहरूलाई तालिममा सहभागी हुनका लागि अभिप्रेरित गरिएको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ९.३ घ | संकलकहरूलाई संकलन क्षेत्रको सिमानाहरू र संकलन क्षेत्रभन्दा बाहिर पारिएका क्षेत्रहरूका साथसाथै जैविक वस्तुहरू संकलन गर्न नसकिने किसिमले स-सानो | ३<br>१=न्यू. | |

| | | | |
|---|---|---|---|
| | प्रदुषणको स्रोतहरू रहेको क्षेत्र समेतका बारेमा जानकारी गराइएकाः (०) संकलकहरूलाई जानकारी नगराइएको वा यस्तो सिमानाहरूको बारेमा सचेतना नरहेको, (१ = न्यू.) आधारभूत जानकारी रहेको र भित्री सिमानामा प्रदुषणको कारणहरू नरहेको, (२) प्रयाप्त मात्रामा जानकारी गराइएको, (३) संकलकहरूलाई यी विषयमा धेरै ज्ञान रहेको । | | |
| ९.३ ङ | संकलकहरू तल उल्लेखित विषयहरूमा तालिम प्राप्त, ज्ञान भएका र सक्षम रहेका हुन्छन् :<br>❑ संकलन गर्न मिल्ने वनस्पति (यसका भागहरू, न्यूनतम आवश्यक गुणस्तर आदि)<br>❑ दिगो संकलन विधिहरू (आन्तरिक विधिहरू अनुसार)<br>❑ संकलन गरिसकिएका वस्तुहरूको संकलन पश्चात्को व्यवस्थापन<br>(०) आन्तरिक संकलनको बारेमा र सामाग्रीहरू प्रयोग गर्ने बारेमा सचेतना नरहेको, (१ = न्यू. प्रथम वर्षदेखि) आधारभूत जानकारी रहेको, (२ . न्यू. दोस्रो वर्षदेखि) आन्तरिक निर्देशनहरूको कार्यान्वयनका लागि संकलकहरू तालिम प्राप्त, ज्ञान भएका र सक्षम रहेका, (३) संकलकहरूलाई यी विषयमा धेरै ज्ञान रहेको । | ३<br>१=न्यू. प्रथम वर्षदेखि<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ९.३ च | संकलन निर्देशनहरूको पालना : (संकलन विधिहरू र संकलित भागहरू) : (०) कार्यान्वयन नगरिएको, (१ = न्यू. प्रथम र दोस्रो वर्षदेखि) संकलन निर्देशनहरूको आधारभूत रूपमा कार्यान्वयन भएको, (२.न्यू. तेस्रो वर्षदेखि) व्यवस्थापन तहमा प्रयाप्त मात्रामा कार्यान्वयन गरिएको, संकलन निर्देशनहरू अनुसार मात्र संकलकहरूले संकलन गर्ने गरेको, (३) संकलन निर्देशनहरूका बारेमा संकलकहरू राम्रोसँग परिचित् रहेको । | ३<br>१=न्यू. प्रथम र दोस्रो वर्षदेखि<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| ९.३ छ | संकलकहरूसँगको अन्तरवार्ता र स्थलगत भ्रमणका आधारमा संकलन गरिएको पटकबारे प्रमाण संकलन : (०) कतिपय संकलन क्षेत्रहरूमा अति नै धेरै पटक संकलन गरिएको कुरा स्पष्ट रूपमा देखिएको, संकलन गर्न सकिने पटक सम्बन्धी | | |

| | | | |
|---|---|---|---|
| | प्रतिबन्धहरूको बारेमा संकलकहरू सचेत नरहेको र अति धेरै संकलन गरेको कुरा देखिएको, (१ . न्यू. प्रथम र दोस्रो वर्षदेखि) समग्रमा बढी संकलन गरिएको नदेखिएको तर कति पटक संकलन गर्न पाइन्छ भन्ने बारेमा संकलकहरूमा सचेतना नरहेको र कतिपय क्षेत्र वा स्थानहरूमा संकलनका लागि दिइएको निर्देशन भन्दा कहिलेकाँही सामान्यतया बढी संकलन गरेको देखिएको, (२ . न्यू. दोस्रो वर्षदेखि) आधिकारिक रूपमा संकलन गर्न पाउने पटकलाई आधार मानी संकलन गरिएको र उच्च रूपमा धेरैपटक संकलन गरिएको क्षेत्रमा पनि बढी संकलन गरिएको कुरा नदेखिएको, (३) संकलन गतिविधिबाट धेरै न्यून प्रभाव परेको ।<br><br>उच्च जोखिममा रहेका प्रजातिहरूको हकमा : अतिरिक्त सूचकहरू ९.३ मा छ (भाग २) हेर्नुहोस् । | ३<br>१=न्यू. प्रथम र दोस्रो वर्षदेखि<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| ९.३ ज | फेयरवाइल्ड मापदण्डका आवश्यकताहरूसँग परिपालना नहुने गरी संकलकहरूले गुणस्तर र परिमाणका दृष्टिकोणले बाहिरबाट उस्तै खालका उत्पादन संकलन गर्दैनन् (संकलन क्षेत्र भन्दा बाहिर र यस मापदण्डका नियमहरूको विपरित हुनेगरी) : (०) संकलन नियमहरूको पालना नगरी र फरक खरिदकर्ता कम्पनीहरूका लागि समान प्रकृतिको लक्षित प्रजातिको संकलन गरेको, (२) सबै संकलित प्रजातिहरू खासगरी आन्तरिक संकलन निर्देशन अनुरूप संकलन गरिएको, (३) फेयरवाइल्ड व्यवस्थापन योजना अनुसार फेयरवाइल्ड प्रयोजनका लागि मात्र संकलन गरेको । | ३ | |
| ९.३ झ | कुनै पनि पहिचान भएको प्रदुषित क्षेत्रहरू र गहन किसिमको कृषि क्षेत्रहरूलाई संकलन क्षेत्र भन्दा बाहिर पार्नका लागि प्रभावकारी उपायहरू अवलम्बन गरिएको कुराको सुनिश्चितताः (संकलन निर्देशन, संकलकहरूलाई तालिम) : (०) प्रदुषित क्षेत्रबाट संकलन गरिएको, (१) कुनै पनि वास्तविक उपायहरू अवलम्बन नगरिएको तर कुनै पनि प्रदुषित क्षेत्रबाट संकलन नगरिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) प्रदुषण भएको कुनै स्रोत नदेखिएको अथवा प्रदुषित क्षेत्रबाट संकलन नगर्नका लागि प्रभावकारी उपायहरूको | ३<br>२=न्यू. दोस्रो वर्षदेखि) | |

| | | | | |
|---|---|---|---|---|
| | सुनिश्चितता गरिएको ।<br><br>यदि उपयुक्त नभएमा वा यदि जैविक प्रमाणीकरण भएमा - (२) | | | |
| ९.३ ञ | संकलन निर्देशनहरूको कार्यान्वयन: (अधिकतम परिमाणहरू) : (०) कुनै पनि प्रणाली विद्यमान नरहेको, (२ = न्यू.) कार्यान्वयनका लागि प्रयाप्त व्यवस्थापन गरिएको, संकलकहरूले संकलनका नियमहरूलाई कडाइका साथ पालना गरेको र अधिकतम संकलन गर्न पाइने परिमाणहरूको बारेमा जानकारी रहेको, (३) संकलन नियमहरूको बारेमा संकलकहरू बीच सचेतना रहेको र छलफल तथा अनुगमन क्रियाकलापहरूका माध्यमबाट निर्देशन कार्यान्वनका लागि सक्रिय रूपमा योगदान गर्दै आएको । | | ३<br>२=न्यू. | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **३०** | **२०** | |

## ९.४ तालिम र क्षमता विकास

यस मापदण्डमा उल्लेखित आवश्यकताहरू परिपालना गर्न र व्यवस्थापन योजनामा गरिएका व्यवस्थाहरू कार्यान्वयन गर्नका लागि स्रोत व्यवस्थापकहरू र संकलकहरूसँग पर्याप्त क्षमता (तालिम, निरीक्षण र अनुभव) रहेको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ९.४ तालिम र क्षमता विकास | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ९.४ क | दिगोपनाको सवालहरूका बारेमा सबै स्रोत व्यवस्थापनमा संलग्न कर्मचारीहरू तालिम प्राप्त, ज्ञान भएका र सक्षम रहेका छन् र संकलन सम्बन्धी आन्तरिक निर्देशनहरूका बारेमा जानकारी रहेको छ : (०) तालिम नदिइएको, (१) आधारभूत विषयमा जानकारी रहेको, (२) पर्याप्त तालिमहरू दिइएको, (३) उच्चस्तर को तालिम दिई ज्ञान र क्षमता रहेको । | ३ | |
| ९.४ ख | सामाजिक तथा स्वच्छ व्यापारसम्बन्धी विषयहरूका बारेमा सबै स्रोत व्यवस्थापनमा संलग्न कर्मचारीहरू तालिम प्राप्त, ज्ञान | | |

| | | | |
|---|---|---|---|
| | भएका र सक्षम रहेका छन् र सान्दर्भिक आन्तरिक नीति तथा कार्यविधिहरू (संकलनका कार्यमा बालश्रमिकको प्रयोग, भेदभाव विरूद्धको हक, फेयरवाइल्ड प्रिमियमको प्रशासन सञ्चालन र उपयोग, संकलकहरूको सहभागिता आदि) को बारेमा जानकारी रहेको : (०) तालिम नदिइएको, (१) आधारभूत विषयमा जानकारी रहेको, (२) पर्याप्त तालिमहरू दिइएको, (३) उच्चस्तरको तालिम दिई ज्ञान र क्षमता रहेको । | ३ | |
| ९.४ ग | आन्तरिक निगरानी (ह्याण्डलिङ) र गुणस्तर नियमहरूका बारेमा कर्मचारी/खरिदकर्ता कर्मचारी/अस्थायी रूपमा काममा लगाइएका व्यक्तिहरू तालिम प्राप्त, ज्ञान भएका र सक्षम रहेका : (०) तालिम नदिइएको र नियमका बारेमा बुझाई नभएको, (१) औपचारिक तालिम नदिइएको तर न्यायोचित रूपमा जानकारी रहेको, (२) तालिम प्रदान गरिएको र नियमहरू लागु गर्न सक्ने अवस्थामा रहेका, (३) उच्चस्तरको तालिम दिइएको र ज्ञान भएको । | ३ | |
| ९.४ घ | संकलकलाई तालिम प्रदान गर्ने उपयुक्त समाग्रीहरू उपलब्ध रहेको : (०) तालिम दिने नगरिएको वा तालिम सामग्रीहरू उपलब्ध नरहेको, (१) मौखिक तालिम र नियमित रूपमा जानकारी प्रवाह, (२) तालिम सामग्रीहरू प्रयाप्त रहेको, (३) उन्नत किसिमका तालिम सामग्रीहरू र उन्नत अवधारणा रहेको । | ३ | |
| ९.४ ङ | वन जंगलमा रहेका वनस्पतिको दिगो संकलनका विषयमा प्रत्येक संकलकले पूर्ण किसिमको प्रारम्भिक तालिम लिएको हुनुपर्ने : (०) तालिम नलिएको, (१) अभिलेखित नगरिएको र निकै आधारभूत किसिमको छोटो तालिम लिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) सबै संकलकहरू तालिम प्राप्त रहेका र तालिमहरू अभिलेखित गरिएको, (३) धेरै राम्रो तालिमहरू प्रदान गरेको । | ३<br>२=न्यू. दोस्रो वर्ष देखि | |
| ९.४ च | आवश्यकता अनुसार तालिमहरू दोहोऱ्याएर दिइएको : संकलकहरूलाई सबै किसिमका नयाँ प्रजातिको संकलनको विषयमा वा संकलनको दिगोपनाको विषयमा देखिएका विद्यमान समस्याहरूको विषयमा जानकारीहरू प्रवाह गरिएको र दोहोऱ्याएर विस्तृत रूपमा तालिम दिइएको : (०) तालिम | ३<br>२=न्यू. तेस्रो वर्ष देखि | |

| | | | |
|---|---|---|---|
| | नदिइएको, (१) आधारभूत तालिमहरू दिइएको, (२ = न्यू. तेस्रो वर्षदेखि) संकलनका क्रममा देखिएको खतराको तहलाई सम्बोधन गर्न आवश्यकता अनुसार अद्यावधिक गरिएको तालिमहरू दिइएको, (३) धेरै राम्रो किसिमको तालिम प्रणाली रहेको । | | |
| ९.४ छ | सान्दर्भिक भए अनुसार फेयरवाइल्डका निम्न सामाजिक विषयहरूमा सबै संकलकहरूलाई जानकारी प्रवाह गरिएको र तालिम प्रदान गरिएको छ :<br>» फेयरवाइल्ड सञ्चालनका सामाजिक प्रतिवद्वताहरू : भेदभाव निषेध, संकलन कार्यक्रम सञ्चालक र संकलकहरूका बीच स्वच्छ किसिमको सम्बन्ध, निर्णय प्रक्रियाहरूमा संकलकहरूको सहभागिता, समयमा सबै किसिमका भुक्तानी, स्वच्छ किसिमको मूल्य प्रतिको प्रतिवद्धता आदि ।<br>» बालश्रमिकलाई काममा लगाउने विषय र संकलनका क्रियाकलापहरूमा सहयोग लिने विषय ।<br>» निर्णय प्रक्रियाहरू र फेयरवाइल्ड प्रिमियमको उपयोग सम्बन्धी दूरदृष्टि<br>संकलकहरू : (०) फेयरवाइल्ड संकलनका कुनैपनि सामाजिक पक्षहरूका विषयमा सचेत नरहेका, (१ = न्यू. दोस्रो वर्षदेखि) संकलकहरूलाई सान्दर्भिक आधारभूत जानकारीहरूको प्रवाह गरिदै आएको, (२) संकलकहरू तालिम प्राप्त रहेका र सामाजिक र स्वच्छ व्यापारका आधारभूत विषयहरूमा सचेत रहेका, (३) कामदारहरू फेयरवाइल्डका सामाजिक र स्वच्छ व्यापारका विभिन्न विषयहरूको कार्यान्वयन र सुधारका प्रक्रियाहरूमा सक्रिय रूपमा संलग्न हुँदै आएका | ३<br>१=न्यू. दोस्रो वर्ष देखि | |

| | | | | |
|---|---|---|---|---|
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **२१** | **१४** | |

## ९.५ पारदर्शिता र सहभागिता

वन जंगलमा रहेका वनस्पतिहरूको संकलनका कार्यहरूमा सरोकारवालाहरूको संलग्नता गराउँदै अभिलेखीकरण र सूचनाहरूको आदान प्रदान र व्यवस्थापन योजनाको तर्जुमा र कार्यान्वयनको सम्मान गर्दै संकलनका कामहरू पारदर्शी रूपमा गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : ९.५ पारदर्शिता र सहभागिता | अधिक नं. | स्कोर |
|---|---|---|---|
| ९.५ क | लक्षित प्रजातिहरू, संकलन क्षेत्र र सम्भावित प्रभावहरूका विषयमा समूह, संस्थाहरू, उद्यमहरू, व्यक्तिहरू, निकायहरूको सरोकार रहेको छ भन्ने कुराको ज्ञान रहेको : (०) यस्ता समूहहरू विद्यमान रहेपनि अभिलेखित नभएका वा थाहा नभएको, (१) कतिपय समूहहरू र उद्यमहरूको बारेमा योजनामा उल्लेख गरिएको, (२) सबै सरोकारवालाहरूको बारेमा जानकारी रहेको र व्यवस्थापन योजना पहिचान गरिएको, (३) सबै सरोकारवालाहरूका बीच उच्चस्तरको सम्बन्ध कायम रहेको । | ३ | |
| ९.५ ख | स्रोत व्यवस्थापन र संकलनसम्बन्धी कार्यक्रमका कारण प्रत्यक्ष रूपमा प्रभावित भएका मानिस र समूहहरूसँग नियमित रूपमा परामर्श र सञ्चार सम्बन्ध कायम गरिदै आएको : (०) स्पष्ट रूपमा प्रभावित उपभोक्ता समूहहरू रहेका भएपनि यस्तो कार्य नगरिएको, (१ = न्यू.) यस्ता कार्यहरू नगरिएको तर स्रोत उपयोगमा सारभूत रूपमा विवादहरू नरहेको, (२) परामर्श र सञ्चार सम्बन्ध कायम गर्दै आएको, (३) राम्रो सम्बन्ध विकास र कायम गर्नको लागि उत्कृष्ट प्रयासहरू गरिएको कुरा देखिएको । | ३<br>१=न्यू. | |
| ९.५ ग | संकलनका क्रियाकलापहरूका कारण प्रभावित भएका संकलकका संगठनहरू र स्थानीय समुदाय एवं आदिवासी जनताहरू स्रोत व्यवस्थापन सम्बन्धी विकास र कार्यान्वयनमा सक्रिय रूपमा सहभागिता रहेको : (०) इच्छुक भएपनि उनीहरूको संलग्नता नरहेको, (१ = न्यू.), सहभागिताका लागि कम से कम नियमित रूपमा जानकारी प्रवाह गरी आमन्त्रण गर्ने गरेको, (२) सरोकारवालाहरू निकटमा रही | ३<br>१=न्यू. | |

| | | | |
|---|---|---|---|
| | काम गर्ने प्रयास गरेको, (३) सरोकारवालाहरूसँग सहकार्य गर्नको लागि उत्कृष्ट प्रयास गरेको । | | |
| ९.५ घ | सिमाना जोडिएका जग्गावालाहरू वा व्यवस्थापकहरू वा अन्य स्रोत व्यवस्थापकहरूसँग भएका स्रोतसम्बन्धी विवादहरू योजनावद्ध र प्रभावकारी रूपमा समाधान तथा सम्बोधन गरिएको : (०) समाधान हुन नसकेका मुख्य विवादहरू कायमै रहेको, (१) आधारभूत रूपमा वा प्रारम्भिक रूपमा विवाद समाधान, (२) राम्रो गरी विवाद समाधान गरिएको वा विवाद नरहेको, (३) संकलनसम्बन्धी कार्यलाई स्थानीय समुदायले निकै प्रसंशा गरेको र कुनै ठोस (मूलभूत) विवादहरू नरहेको । | ३ | |
| ९.५ ङ | व्यवस्थापन योजनाको मुख्य तत्वहरू सहितको सारसंक्षेप, सम्बन्धित वार्षिक कार्यक्रम सञ्चालन योजना र मूल्यांकन प्रतिवेदनहरू सरोकारवालाहरूलाई उपलब्ध गराइएको : (०) अनुरोध गर्दा पनि उपलब्ध नगराइएको, (१) उपलब्ध गराउने विषयलाई नियमन नगरिएको र यस विषयमा सामान्य अभ्यास नरहेको तर यस्ता दस्तावेज माग पनि नगरिएको, (२) माग गरिएको खण्डमा सारसंक्षेप उपलब्ध गराइने छ भनी स्पष्ट रूपमा घोषणा गरिएको, वा वन जंगलबाट वनस्पति संकलन गर्ने नीतिहरू र क्रियाकलापहरू सम्बन्धी प्रमुख विषयहरू (ओभरभ्यू) उपलब्ध रहेको (जस्तै : वेबसाइटमा), (३) सक्रिय किसिमको सञ्चार नीति रहेको । | ३ | |
| | **जम्मा** — **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | १५ | १० | |

## सिद्दान्त १० : जिम्मेवारपूर्ण व्यवसायजन्य अभ्यासहरूको अवलम्बन

वन जंगलमा रहेका वनस्पतिहरूको संकलन गर्ने कार्य गर्दा स्रोतको दिगोपनमा ह्रास नआउने गरी गुणस्तर, आर्थिक पक्ष र बजारको खोजिनीतिको आवश्यकतालाई सहयोग पुग्ने गरी मात्र गरिन्छ ।

### १०.१ बजार/क्रेताको विशिष्टीकरण (Specifications)

विक्री हुने सम्भावना नभएका वस्तुहरूको संकलन न्यून गर्न वा रोक्नका लागि बजारको

आवश्यकता अनुसार लक्षित वनस्पतिहरूको दिगो संकलन र नियमन गर्ने योजना अनुसार व्यवस्थापन गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक : १०.१ बजार/क्रेताको विशिष्टीकरण (Specifications) | अधिक नं. | स्कोर |
|---|---|---|---|
| १०.१ क | बजारको आवश्यकता पहिचान गरिएको (क्रेताको आदेश, विशिष्टीकरण पत्रहरू) : (०) यी विषयमा ज्ञान नभएको, (१) केही आधारभूत जानकारी रहेको, (२) बजारको आवश्यकताको बारेमा प्रयाप्त जानकारी रहेको, (३) उत्कृष्ट | ३ | |
| १०.१ ख | गुणस्तर आवश्यकता पुरा गर्ने वनस्पतिहरू मात्र संकलन गरिएको : (०) उपयोग नहुने वनस्पतिहरूको पनि संकलन गरिएको कुरा स्पष्ट रूपमा देखिएको, (१) केही स-साना कमजोरीहरू देखिएको तर सिद्दान्ततः सही कार्य गरेको, (२) संकलककलाई उपयुक्त तालिम र राम्रो निर्देशन दिएको, (३) उपयुक्त गुणस्तरको वस्तुहरू मात्र संकलन गरेको कुरा सुनिश्चित् गर्ने किसिमको धेरै राम्रो संकलन व्यवस्थापन पद्धति रहेको । | ३ | |
| १०.१ ग | संकलनको समय शुरू हुनुभन्दा पहिला नै परिमाणहरूको बारेमा क्रेताहरूसँग संकलन व्यवस्थापन गर्नेको सहमति भएको हुन्छ : (०) यस्तो सहमति नगरिएको र संकलन गरिएको धेरै नै वस्तु खेर गएको, (१) वास्तवमा यस्तो सहमति नगरेको तर धेरै वस्तु खेर नगएको अथवा संकलन कार्य सञ्चालन गर्नेले क्रेताहरूसँग उनीहरूले खरिद गर्ने परिमाणको सुनिश्चितता गर्न प्रयास गरेको तर यस्तो सुनिश्चितता नआएको, (२) यस्तो विक्री सुनिश्चितता गरेको, (३) उत्कृष्ट प्रणाली रहेको । | ३ | |
| १०.१ घ | स्रोत व्यवस्थापन योजनाको सन्दर्भमा क्रेताबाट खरिद आदेश लिनुभन्दा पहिला र संकलन कार्य शुरू गर्नुभन्दा पहिला संकलन व्यवस्थापनको कार्य सञ्चालन गर्नेले क्रेताको निर्देशन पुनरावलोकन गर्दछ : (०) यस्तो कार्य नगरेको र संकलककलाई क्रेताले वास्तवमा किन्न सक्ने भनी दिएको मार्गदर्शनलाई स्रोत व्यवस्थापनका क्रममा ध्यान | ३ | |

| | | | |
|---|---|---|---|
| | नदिइएको, (१) कहिलेकाँही ध्यान दिइएको, (२) यस्तो कुरामा प्राय ध्यान दिइएको र उपलब्ध अधिकम् परिमाण भन्दा निकै कम परिमाण संकलन गरेको र दिगो स्रोत व्यवस्थापनका लागि अरू प्रतिवन्धहरू पालना गरेको, (३) धेरै राम्रो आन्तरिक पृष्ठपोषण प्रणाली रहेको । | | |
| १०.१ ङ | आन्तरिक रूपमा ध्यान दिनुपर्ने निर्देशनहरूमा संकलकहरूद्वारा संकलन पश्चात् ध्यान दिई सुधार गर्नुपर्ने कार्यविधिहरू, संकलकबाट खरिद गरिसकेपछि ध्यान दिनु पर्ने कुराहरू र ओसार पसारका क्रममा गुणस्तर घट्न नदिन र प्रदुषण हुनबाट कम गर्नका लागि विभिन्न कुराको ब्याख्या गरेको हुन्छ : (०) यस्तो व्याख्या तथा वर्णनमा स्पष्ट रूपमा कमी रहेको देखिएको, (१) आधारभूत रूपमा मात्र गरिएको, (२) जोखिम अवस्थाको तह र जटिलताको आधार मा प्रयाप्त रहेको, (३) राम्रोगरी विकास गरिएको प्रक्रिया तथा कार्यविधिहरू । | ३ | |
| १०.१ च | संकलकहरूद्वारा प्रशोधन र व्यवस्थापन वा सम्हाल्ने काम गर्ने आन्तरिक व्यवस्थापन कार्यविधिमा प्रयाप्त मात्रामा वर्णन र नियमन गरिएको हुन्छ : (०) स्पष्ट रूपमा नै अप्रयाप्त रहेको देखिएको, (१) निकै नै आधारभूत तहको मात्र रहेको, (२) जोखिम अवस्थाको तह र जटिलताको आधार मा प्रयाप्त रहेको, (३) राम्रोगरी विकास गरिएको प्रक्रिया तथा कार्यविधिहरू । | ३ | |
| १०.१ छ | संकलकद्वारा वस्तुहरू जम्मा गर्दा र प्रशोधन गर्दा प्रदुषित नभएको (जस्तै : संकलन गर्दा किटाणु नियन्त्रण) : (०) मिसावटका कारण प्रदुषित हुने उच्च सम्भावना रहेको, (१ = न्यू. प्रथम वर्षदेखि), मिसावटका कारण प्रदुषित हुने सम्भावना कम रहेको, (२.न्यू. दोस्रो वर्षदेखि) प्रदुषित भएको छैन भन्ने कुराको सुनिश्चितताका लागि स्पष्ट कार्यविधि र तालिमहरू आयोजना गरिएको, (३) संकलकहरूको सचेतनाको तह निकै उच्च रहेको । | ३<br>१=न्यू. प्रथम वर्षदेखि<br>२=न्यू. दोस्रो वर्षदेखि | |

| | | | | |
|---|---|---|---|---|
| १०.१ ज | प्रशोधन र भण्डारण गर्दा वस्तुरू मिसावटका कारण प्रदुषित नभएको : (०) प्रदुषित भएको, (१ = न्यू.) न्यूनस्तरको प्रणाली रहेको तर प्रदुषित हुने खतरा निकै कम रहेको, (२) प्रदुषित हुनबाट प्रभावकारी रूपमा रोक्नका लागि नियन्त्रण प्रणाली रहेको । (३) उच्च गुणस्तरको व्यवस्थित गर्ने प्रणाली राम्रोसँग कार्यान्वयन भइरहेको । | | ३<br>१=न्यू. | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | २४ | १६ | |

## १०.२ अभिलेखिकरण तथा सहज खोज प्रक्रिया

लक्षित वनस्पति स्रोतहरूको भण्डारण र तिनलाई सम्हाल्ने कार्य गर्दा संकलन क्षेत्रदेखि बिक्री केन्द्रसम्मको अभिलेखिकरण तथा सहज खोज प्रक्रियालाई सहयोग पुग्ने गरि व्यवस्थापन गरिएको हुन्छ ।

| **नियन्त्रण अंक नं.** | **नियन्त्रण अंक : १०.२ अभिलेखीकरण तथा सहज खोज प्रक्रिया** | **अधिक नं.** | **स्कोर** |
|---|---|---|---|
| १०.२ क | खरिद अभिलेखमा बिक्री गरी पठाइएका वा खरिद गरिएका वस्तुहरू दर्ता गरिएको हुन्छ र त्यसमा कम्तिमा मिति, संकलकको नाम र संकेत नम्बर, संकलन मिति, संकलन गरिएको ठाउँबाट हिडाइएको परिमाण र उत्पादनको विस्तृत विवरणका साथै फेयरवाइल्ड प्रमाणीकरणको अवस्थाहरू खुलाइएको हुन्छ : (०) यी कुनैपनि विवरण नरहेको वा अति नै अपूर्ण विवरणहरू मात्र रहेको, (१ . न्यू.) कम्तिमा नाम र परिमाणका साथसाथै अनुगमन क्रियाकलापका लागि संकलन क्षेत्र सहितको आधारभूत विवरणहरू रहेको, (२) प्रयाप्त र विश्वासनीय विवरणहरू रहेको, (३) धेरै राम्रो अभिलेख रहेको । | ३<br>१=न्यू. | |
| १०.२ ख | संकलकले जारी गरेको रसिदहरूमा कम्तिमा मिति, संकलकको नाम र संकेत नम्बर, प्रजाति र उत्पादन, हिडाइएको परिमाणहरू र फेयरवाइल्ड प्रमाणीकरणको अवस्थाहरू उल्लेख गरिएको हुन्छ : (०) रसिद नभएको, (१) निकै सामान्य किसिमको रसिद रहेको र यो पूर्ण रूपमा | ३ | |

| | | | |
|---|---|---|---|
| | कार्यान्वयनमा नआएको, (२) रसिदहरू प्रयाप्त मात्रामा जारी गरिएको, (३) धेरै राम्रोसँग अभिलेखित गरिएको खरिद प्रणाली रहेको । | | |
| १०.२ ग | उत्पादन लट (व्याच) पत्ता लगाउने प्रयोजनका लागि मुख्य प्रशोधन प्रक्रिया र प्याकिङ गर्ने क्रियाकलापहरू (प्रशोधन, प्याकिङ डायरी) को बारेमा उपयुक्त किसिमको अभिलेख रहेको हुन्छः (०) यस विषयमा कुनै अभिलेख नरहेको, (१) निकै आधारभूत र धेरै अपूर्ण किसिमको रहेको, (२ = न्यू. दोस्रो वर्षदेखि) प्रयाप्त अभिलेख रहेको, (३) उत्कृष्ट किसिमको अभिलेखीकरण प्रणाली रहेको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| १०.२ घ | प्रत्येक प्रशोधित वस्तु (सफा गरिएको, संग्रह गरिएको, काटिएको, रूप परिवर्तन गरिएको) को प्रशोधन अनुपात (संकलित परिमाणहरू देखि अन्तिम प्रशोधित वस्तुको तौलसम्म) र मिश्रण (बहुकिसिमको वस्तु (अवयवहरू) उत्पादन गरिएको भएमा) को बारेमा थाहा भएको हुन्छ : (०) थाहा नभएको, (१) केही सामान्य कुरा मात्र थाहा भएको, (२) अभिलेखित भएको, (३) धेरै राम्रो प्रशोधन अभिलेखीकरण रहेको । | ३ | |
| १०.२ ङ | संकलन र संकलन पश्चात्को पहिचान, लेवलिङ (चिन्ह लगाउने) र अभिलेख राख्ने कार्यविधिहरूमा वस्तुहरूका प्रत्येक लट (व्याच) को संकलन भएका क्षेत्रहरूको फर्केर सहज खोज (ट्रेस) गर्नका लागि अनुमति प्रदान गरेको हुन्छ : (०) संकलन क्षेत्रमा फर्केर निगरानी (ट्रेस) नगरिएको, (१) केही आधारभूत रूपमा मात्र गरिएको वा हालसम्म पनि नियमित रूपमा कार्यान्वयन नगरिएको, (२ = न्यू. तेस्रो वर्षदेखि) संकलन क्षेत्रको निगरानीको लागि सरल प्रणालीको सुनिश्चितता गरिएको, (३) नियमित रूपमा मिल्ने गरी लगातार प्रत्येक लट (खेप) को नम्बर राख्ने प्रणाली विकास गरिएको । | ३<br>२=न्यू. तेस्रो वर्षदेखि | |
| १०.२ च | फेयरवाइल्ड प्रमाणीकरणको दायरा भन्दा बाहिर एउटै लक्षित प्रजातिको संकलन र खरिद : (०) संकलन कार्यक्रम सञ्चालकले फेयरवाइल्डको दायरा भन्दा बाहिर रहेको एउटै | ३<br>१=न्यू. | |

| | | | |
|---|---|---|---|
| | प्रजाति संकलन गरेको, (१ . न्यू.) अन्य क्षेत्रमा उस्तै उत्पादन संकलन गरेको र उस्तै उत्पादन किनेको, छुट्याउने र चिन्ह लगाउने स्पष्ट प्रक्रियाहरू रहेको, खरिद विक्रीको राम्रो अभिलेखीकरण रहेको, (२) संकलन कार्यक्रम सञ्चालन गर्नेले फेयरवाइल्ड प्रमाणीकरणको दायराभन्दा बाहिरको एउटै प्रजाति संकलन र खरिद गर्ने नगरेको, (३) सम्पूर्ण संकलन कार्यक्रमलाई फेयरवाइल्ड प्रमाणीकरण गरिएको हुन्छ । यदी सान्दर्भिक नभएमा - (३) | | |
| १०.२ छ | संकलनका क्रियाकलापहरू अर्को खरिदकर्तालाई छोड्ने क्रममा उत्पादनहरूलाई राम्रोसँग चिन्ह लगाइएको हुन्छः उत्पादनको फेयरवाइल्ड प्रमाणीकरणको अवस्था, उत्पादनको नाम, खरिद केन्द्रको संकेत वा लट नम्बर : (०) नियमित रूपमा चिन्ह नलगाइएको, (१) केही सुधारहरूको आवश्यकता रहेको, (२) राम्रोसँग चिन्ह लगाएको वा विकल्पको रूपमा यो विवरण सँगसँगै राखिएका कागजातहरूमा दिइएको जसले सम्बन्धित लटलाई स्पष्ट रूपमा जोड्न सक्दछ, (३) राम्रो किसिमको लट नम्बर प्रणाली र धेरै राम्रो किसिमको चिन्ह प्रणाली रहेको । | ३ | |
| १०.२ ज | स्थानीय स्तरमा विक्री गरिएका र सबै निर्यातसँग सम्बन्धित अभिलेखीकरणले वस्तुहरूको प्रवाहको पूर्ण सत्यापन (verification) गर्न अनुमति दिन्छ : (०) विक्री र निर्यात गरिएको दस्तावेजहरू नरहेको, (१) अभिलेखहरू अपूर्ण र कमजोर रहेको, (२) परिमाणहरू, उत्पादनको विस्तृत विवरणहरू, लट नम्बर र यस्तै विवरणसँगै चलानीको विस्तृत विवरण रहेको, (३) अधारभूत तथ्यांक र चलानीको विस्तृत विवरण रहेको । | ३ | |
| १०.२ झ | चलानी र सिपिङ दस्तावेजहरूले उत्पादित वस्तुको फेयरवाइल्ड प्रमाणीकरणको अवस्थाका बारेमा निर्दिष्ट गर्दछ : (०) सन्दर्भ सामग्रीहरू नरहेको, (१ = न्यू.) चलानीमा प्रमाणीकरणको अवस्था जनाइएको, (२) सबै सिपिङ दस्तावेजहरूमा गुणस्तर खुलाइएको, (३) चिन्हको प्रयोग गर्न र वस्तुको निगरानी (ट्रेस) गर्ने धेरै राम्रो प्रणालीको विकास गरिएको । | ३<br>१=न्यू. | |

| | | | | |
|---|---|---|---|---|
| १०.२ ञ | चलानी र विक्री सम्झौतापत्रहरूले फेयरवाइल्ड प्रिमियमको बारेमा निर्दिष्ट गर्दछ : (०) स्पष्टता नरहेको र परिभाषित समेत नगरिएको, (१) सहमती भएपनि दस्तावेजमा स्पष्ट नपारिएको, (२) प्रयाप्त मात्रामा दस्तावेजीकरण गरिएको । | | २ | |
| १०.२ ट | प्रमाणीकरण गर्ने निकायले जारी गरेर प्रमाणीकरण गरी विक्रीमा रहेका वस्तुहरूका लागि विक्री वितरण गर्ने प्रमाणपत्र जारी गर्दछ : (०) उपलब्ध नरहेको, (१) केही वस्तुहरूको विक्रीका लागि मात्र, (२) फेयरवाइल्ड अन्तर्गत विक्रीमा रहेका सबै वस्तुहरूका लागि उपलब्ध रहेको । | | २ | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **३१** | **२२** | |

## १०.३ वित्तीय सम्भाव्यता र जवाफदेहीपूर्ण व्यापार सम्बन्ध

लक्षित वनस्पति स्रोतहरूको दिगो संकलन प्रणालीको वित्तीय सम्भाव्यताको सुनिश्चिता गर्ने संयन्त्रहरूलाई उत्प्रेरित गरिएको हुन्छ ।

| **नियन्त्रण अंक नं.** | **नियन्त्रण अंक : १०.३ वित्तीय सम्भाव्यता र जवाफदेहीपूर्ण व्यापार सम्बन्ध** | **अधिक नं.** | **स्कोर** |
|---|---|---|---|
| १०.३ क | स्रोत व्यवस्थापन, संरक्षण र संकलकलाई अन्तरिक लागतको दृष्टिकोणले न्यायोचित मूल्य भुक्तानी गर्ने लगायत संकलनका कार्यहरू सञ्चालन गर्नका लागि वित्तीय योजना रहेको हुन्छ : (०) योजना नरहेको, (१) आधारभूत तथा सामान्य योजना रहेको, (२) प्रयाप्त योजना रहेको, (३) उन्नत किसिमको योजना रहेको । | ३ | |
| १०.३ ख | फेयरवाइल्ड प्रिमियमको गणना : (०) प्रिमियम गणना नगरिएको र फेयरवाइल्ड विक्री वापत लाभको लागि अनुरोध पनि नगरिएको, (१) केही आधारभूत तथा सामान्य प्रणाली रहेको, (२) क्रेताहरूसँग वार्ता गर्ने आधारको रूपमा अनुमानित रूपमा उपयुक्त फेयरवाइल्ड प्रिमियमको गणना गरिएको, (जस्तै : औसत मूल्यको १० प्रतिशत संकलकलाई तिर्नुपर्ने वा तर्कको अन्य आधार (दीर्घकालिन औसत मूल्यका | ३ | |

| | | | |
|---|---|---|---|
| | आधारमा निश्चित् प्रिमियम र सामाजिक परियोजनाहरूका लागि प्रयाप्त रकम उपलब्ध गराउने लक्ष्यहरू वा न्यून प्रतिशतमा नै भएपनि संकलन कार्यबाट भएको सम्पूर्ण उत्पादनलाई प्रिमियम भुक्तानी गर्ने, जसले गर्दा एउटा राम्रो किसिमको सामाजिक प्रभाव हासिल गर्न सकिन्छ, (३) धेरै राम्रो किसिमले विकास गरिएको प्रिमियम प्रणाली र समग्रमा स्वच्छ व्यापारको अवधारण अवलम्बन भएको । | | |
| १०.३ ग | संकलकले पाउने मूल्यका बारेमा जानकारी पाउनका लागि अनुरोध गरिएमा संकलन कार्यक्रम सञ्चालकले फेयरवाईल्ड खरिदकर्ताहरूलाई सोको जानकारी प्रदान गर्दछ : (०) यस्तो जानकारी उपलब्ध गराउन अस्वीकार गरेको वा स्पष्ट रूपमा गलत जानकारी दिएको, (१) लगभग गलत र अपूर्ण जानकारी दिएको, (२) संकलकहरूलाई भुक्तानी गरेको मूल्यका बारेमा सही र आधारभूत जानकारी उपलब्ध गराएको । | २ | |
| १०.३ घ | संरक्षणका कार्यक्रमहरूमा लगानी गर्न समेत र दीर्घकालिन रूपमा स्रोत व्यवस्थापनका कार्यहरूको लागि लगानी जुटाउन वन जंगलबाट संकलन गरिएका स्रोतहरूको विक्रीबाट प्राप्त रकम प्रयाप्त हुन्छ : (०) संकलनका लागि भएको खर्च अनुसार भुक्तानी नभएको, (२) कम से कम दीर्घकालिन रूपमा अतिरिक्त सहयोग तथा अनुदान प्राप्त हुनेगरी लागत पुरा गर्ने उच्च सम्भावना रहेको, (३) क्रेताहरूसँग राम्रो सम्बन्ध भएको र उनीहरूले लागतलाई समेट्ने गरी मूल्य भुक्तानी गर्न इच्छुक रहेको । | ३ | |
| १०.३ ङ | कम्पनीहरूले वस्तुको गुणस्तर सुधारका लागि निरन्तर रूपमा काम गरेको हुन्छन् : (०) कुनै प्रयास नगरेको, (१) केही सुधार देखिएको, (२) निरन्तर रूपमा गहन प्रयासहरू गरेको, (३) उत्कृष्ट प्रयासहरू गरेको । | ३ | |
| १०.३ च | यदि गुणस्तरमा ठुलै समस्या रहेको छ र गुणस्तरमाथिको दाविका विषयमा विवादहरू छन् भने : (०) यस्तो अवस्थाको सुधारका लागि कुनै कदमहरू नचालिएको, (१) व्यापार साझेदारहरूका बीचमा केही सहमतिहरूको खोजी गरिएको, | ३ | |

| | | | | |
|---|---|---|---|---|
| | तर अझैपनि केही मतभेदहरू विद्यमान रहेको, (२) परिणामहरूको बारेमा साझेदारहरूले केही सहमतिहरू पहिचान गरेको (जस्तै : उत्पादन फिर्ता) र त्यस्तो अवस्थामा सुधार ल्याउनका लागि विभिन्न कदमहरू चलेको, (३) उत्कृष्ट रूपमा सन्तोषजनक अवस्था सिर्जना भएको वा आफै-सक्रिय भएर सम्झौताहरू गरिएको । यदी सान्दर्भिक नभएमा - (२) | | | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **१७** | **१२** | |

## सिद्धान्त ११ : क्रेताको प्रतिवद्धताका निमित्त बढवा दिने वा प्रवर्द्धन गर्ने

जंगली वनस्पतिका क्रेता र निर्यातकहरूले आपूर्तिकर्ताको गुणस्तरीयताका लागि सम्मान, पारदर्शिता र सहयोगका आधारमा वन जंगलबाट प्राकृतिक वनस्पति संकलन गर्ने पक्षसँग आपसी हितमा आधारित दीर्घकालिन व्यापार सम्बन्धको विकास गर्न प्रयास गर्नु पर्दछ ।

स्व-मूल्यांकनका आधारमा र तल उल्लेखित दुइवटा आधारको परिपालना भएको अभिलेखित प्रमाणका आधारमा स्वच्छ व्यापार गर्ने दायित्वका आधारमा फेयरवाइल्ड क्रेताहरू प्रमाणीकरण भएका छन् :

### ११.१ आपसी हितमा आधारित व्यापार सम्बन्ध
### ११.२ न्यायोचित मूल्य र फेयरवाइल्ड लाभ

यस खण्डको लागि कार्यसम्पादन सूचकहरू परिभाषित गरिएका छैनन् ।

## भाग २ : उच्च जोखिममा रहेका प्रजातीहरूको लागि अतिरिक्त फेयरवाइल्ड सूचकहरू

तलका अतिरिक्त कार्यसम्पादन सूचकहरू कुनै एक उच्च जोखिममा रहेको प्रजातीको संकलनका क्रममा सञ्चालन हुने कार्यक्रमका सन्दर्भमा लागु हुन्छन ।

### १.१ लक्षित प्रजातिको संरक्षणको वर्तमान अवस्था

लक्षित प्रजातिको संरक्षणको वर्तमान अवस्था र यिनीहरूको संख्याका बारेमा पूनरावलोकन र नियमित समीक्षा गरिएको हुन्छ ।

| नियन्त्रण अंक नं. | नियन्त्रण अंक भाग २ : उच्च जोखिममा रहेका प्रजातीहरूको लागि अतिरिक्त फेयरवाइल्ड सूचकहरू | अधिक नं. | स्कोर |
|---|---|---|---|
| १.१ क | फेयरवाइल्डका आधार सूचकहरूको प्रयोग गर्दा लक्षित प्रजातिहरूलाई उच्च जोखिममा रहेका वनस्पतिको रूपमा लिईन्छ तर आइयुसीएनको रेडलिष्ट तथ्यांक विवरणमा यस विषयमा तथ्यांकको पूर्णता नरहेको अथवा स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा संरक्षणको अवस्था बारेमा मूल्यांकन गरेर जानकारी हासिल नगरिएको (मूल्यांकन नगरिएको) : (०) आगामी दिनमा यस विषयमा थप जानकारी संकलन गर्ने कार्यक्रम नरहेको र योजना पनि नभएको, (२) संकलनका कार्यहरू सञ्चालन गर्दा यसको स्रोत मूल्यांकनमा संरक्षण अवस्था मूल्यांकन गर्नका लागि संरक्षण सम्बन्धी जानकारीहरू र आवश्यक तथ्यांकहरू संकलन गरिएको, (३) संरक्षण सम्बन्धी तथ्यांकहरू संकलनमा पहिलै सक्रिय भएको र संरक्षणको अवस्था बारे मूल्यांकनका लागि आइयुसीएनसँग कार्य गर्दै आएको । यदि उपयुक्त वा सान्दर्भिक नभएमा - (२) | ३ | |

## १.२ ज्ञानमा आधारित संकलन अभ्यासहरू

संकलन र व्यवस्थापन सम्बन्धी अभ्यासहरू लक्षित प्रजातिहरूको प्रयाप्त किसिमले स्रोत पहिचान, नक्शांकन, मूल्यांकन र अनुगमनका साथै यी प्रजातिहरूमा परेको प्रभावमा आधारित छन् ।

| | | |
|---|---|---|
| १.२ ग | संकलन क्षेत्रमा उच्च जोखिममा रहेका लक्षित प्रजातिहरूको संख्याको नक्शांकन : (०) नक्शामा संकेत नगरिएको र लक्षित प्रजातिहरूको संख्या रहेको स्थानको बारेमा राम्रो ज्ञान पनि नभएको, (१) लक्षित प्रजातिहरूको संख्याका बारेमा अति नै अनुमानित संकेत, संकलन क्षेत्रमा रहेको वास्तविक स्थानको बारेमा वास्तवमा जानकारी नभएको वा अति सामान्य नक्शांकन (जस्तै : हातले लेखेको वा इन्टरनेटबाट लिइएको नक्शा) तर संकलन म्यानेजर र संकलकहरूलाई वास्तविक स्थानको बारेमा जानकार रहेको, (२= न्यू. दोस्रो वर्षदेखि) वास्तविक | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि |

| | | |
|---|---|---|
| | स्थान, आकार, संकलन क्षेत्रको विस्तार र लक्षित प्रजातिको संख्या रहेको स्थान (यदी आवश्यक भएमा सम्भवत पूरै संकलन क्षेत्र) पहिचानका लागि उच्च गुणस्तर (जीआइएस वा जीपीएस) उपयोग गरेको, (३) संकलन क्षेत्र र संकलन क्षेत्रभित्र रहेका लक्षित प्रजातिहरूको संख्याका बारेमा धेरै राम्रो ज्ञान र अभिलेखीकरण रहेको । | |
| १.२ झ | खतरामा रहेका लक्षित प्रजातिहरू (आइयुसीएनको रेडलिष्ट वर्गीकरण वा सोही समान रहेका संरक्षण निकायहरूका अनुसार अति संकटापन्न, संकटापन्न, संवेदनशिल अवस्थामा रहेका) : (०) दुर्लभ प्रजातिको रूपमा चिनिएका लक्षित प्रजातिहरूका बारेमा सचेतना नरहेको वा यस्ता प्रजातिहरूको दिगो संरक्षणको सुनिश्चितताका बारेमा प्रयासहरू नगरिएको, (२ =. न्यू.) दुर्लभ प्रजातिको रूपमा नरहेका प्रजाति सरह लक्षित प्रजातिहरूको मूल्यांकन नगरिएको, संकलन कार्यक्रम सञ्चालन गर्दा सचेतना जगाइएको कुरा प्रदर्शन गरिएको र व्यवस्थापन योजनामा पहिचान गरिएका चुनौतिहरू घटाउनका लागि उत्कृष्ट उपायहरू समावेश गरी कार्यान्वयन गरिएको भएमा मात्र लक्षित दुर्लभ प्रजातिहरूको प्रमाणीकरण गरिएको, फेयरवाइल्ड प्रविधिक समितिले मात्र यस्तो प्रमाणीकरण गरिएको कुरा पुष्टि गर्नु पर्दछ, (३) लक्षित दुर्लभ प्रजातिहरूको स्वा-स्थानीय र पर-स्थानीय संरक्षणको सुनिश्चितताको लागि उत्कृष्ट र अतिरिक्त उपायहरू अवलम्बन गरिएको । | ३<br>२=न्यू. |

## १.३ संकलन दरको दिगोपना

लक्षित वनस्पति स्रोतको संकलन दर (तिब्रता र आवृति) उक्त वनस्पतिको दीर्घकालिन रूपमा पूनरउत्पादन हुन सक्ने क्षमता भन्दा बढी नहुने गरी मात्र गरिएको हुन्छ ।

| | | |
|---|---|---|
| १.३ ग | संकलन क्षेत्रमा उच्च जोखिममा रहेका लक्षित प्रजातीसम्बन्धी स्रोत सर्वेक्षण भएको र बेसलाइन (आधार रेखा) जानकारी उपलब्ध रहेको (वनस्पतीहरूको आकार, वितरण, संख्यागत संरचना (आकार र उमेर समूह), प्रजनन्/वृद्धि/पूनरूत्पादन दर) : (०) जानकारी उपलब्ध नरहेको, (१) मोटामोटी अन्दाज (२ = न्यू. दोस्रो वर्षदेखि) | ३<br>२=न्यू.<br>दोस्रो<br>वर्षदेखि |

| | | |
|---|---|---|
| | क्षेत्रगत वा प्रजातिगत तथ्यांक संकलनका माध्यमबाट प्रकाशित सामग्री वा स्थानीय अवलोकन (स्थानीय समुदाय र संकलको ज्ञान समेत) स्थानीय अवलोकन गरिएको कुरा पुष्टि गरेको, (३) संकलन क्षेत्रमा रहेका लक्षित प्रजातिहरू र यसको संख्या सम्बन्धी आधारभूत जानकारीहरूमा सुधार गर्नका लागि स्रोतको मूल्यांकन गर्ने र अनुगमन गर्ने प्रणालीको विकास गरिएको । | |
| १.३ घ | प्रत्येक उच्च जोखिममा रहेका लक्षित प्रजातिहरूको निमित्त अधिकतम संकलन परिमाणहरू निर्धारण गर्न गुणस्तरयुक्त तथ्यांकहरू उपयोग गरिएको हुन्छ : (०) अधिकतम परिमाण उचित नरहेको, दीर्घकालिन रूपमा संकलन गर्दै आएको अभ्याससँग कुनै सन्दर्भ नजोडेको, (१) अधिकतम परिमाणको अनुमान गर्दा निकै अन्दाजका भरमा गरेको, (२ = न्यू.) स्थान विशेषलाई वा प्रजाति विशेष अनुसारको स्रोत मूल्यांकन र अनुगमनबाट प्राप्त जानकारीका साथसाथै संकलकको ज्ञान समेतका आधारमा संकलन गर्ने सीमाहरूलाई पुष्टि गरिएको, (३) संकलन गर्ने उच्चतम् परिमाण निर्धारण र स्रोत अनुगमनका लागि राम्रो प्रणाली विकास गरिएको । | ३<br>१=न्यू. |
| १.३ ङ | उच्च जोखिममा रहेका लक्षित प्रजातिहरू र यिनबाट संकलन गरिएका भागहरूको लागि अधिकतम अनुमति प्राप्त संकलन परिमाणको दिगोपना : (०) जानकारी उपलब्ध नरहेको, (१) संकलन क्षेत्रमा विद्यमान वा विशेष किसिमको अधिकतम संकलन परिमाणका कारण स्रोतको उपलब्धता र गुणस्तरमा कमी आएको छ भन्ने कुराको कुनै संकेत नरहेको, (२ . न्यू.) संकलन गरिदै आएको परिमाण भन्दा निकै धेरै हुने गरी व्यवस्थापन योजनामा अधिकतम संकलन परिमाण उल्लेख गरिएको भएमा उक्त कुरा प्रयाप्त मात्रामा गरिएको स्रोत सर्वेक्षण, स्रोतको प्राप्ति र पूनरूत्पादन आंकलनबाट पुष्टि गरिएको; संकलनबाट प्राप्त गरिएको मात्रा, पूनरूत्पादन र संकलन प्रभावको आवधिक अनुगमन अनुसार अधिकतम संकलन परिमाणहरू समायोजन गरिएको, (३) अधिकतम संकलन परिमाणहरूलाई लक्षित अनुसन्धानबाट सहयोग र समर्थन मिलेको । | ३<br>२=न्यू. |
| १.३ च | संकलन निर्देशनहरूमा पूर्वनिर्धारण गरिए अनुसार उच्च जोखिममा रहेका प्रजातिहरूको संकलन आवृतिको दिगोपना : (०) दिगो रूपमा संकलन गरी प्रतिस्थापन गर्ने भनी निर्धारण गरिएको दर स्पष्ट | ३<br>२=न्यू. |

| | | |
|---|---|---|
| | रूपमा नाघेको, (१) अत्यन्त आधारभूत रूपमा अनुगमन तथ्यांक उपलब्ध रहेको तर वनस्पतिको संख्यामा ह्रास आएको कुराको कुनै संकेत नदेखिएको, (२ = न्यू.) संकलन गर्दा संकलन क्षेत्रमा लक्षित प्रजातिको संकलन गरिएको वनस्पतिको भागहरू वा वयस्क वनस्पतिहरूको प्रतिस्थापन दर ननाघेको, (३) प्रतिस्थापन (पुरानोको ठाउँमा नयाँ वनस्पति उत्पादन) दर भन्दा संकलन आवृति (पटक) निकै कम रहेको । | |
| १.३ ठ | यदी संकलनका कार्यहरूले वनस्पतिको प्रजनन् रोक्छ भने वनस्पति संख्याको घनत्वको अधारभूत तथ्यांक, अधारभूत (प्रारम्भिक) संरचना र आनुवंशिक विविधता कायम राख्न परिपक्वताको अनुपातमा प्रत्येक लक्षित प्रजातिमा प्रजनन् सम्भाव्यता कायमै राखी कति संकलन गर्ने भन्ने कुरा निर्धारण गरिएको : (०) अधारभूत तथ्यांक वा अनुगमन तथ्यांक उपलब्ध नरहेको र स्रोत सर्वेक्षण र अनुगमन गर्ने कुनै योजना नरहेको, (१) स्रोतको मूल्यांकनमा आधारभूत स्रोत सर्वेक्षण समावेश गरिएको, (२ = न्यू. दोस्रो वर्षदेखि) उच्च जोखिममा रहेका लक्षित प्रजातिहरूको सन्दर्भमा व्यवस्थापन योजनामा समावेश गरिएका अधारभूत स्रोत सर्वेक्षण र अनुगमनबाट आएका कुराहरू उपयुक्त रहेको, (३) उत्कृष्ट प्रणाली विद्यमान रहेको । यदी असान्दर्भिक वा लागु नहुने भएमा - (२) | ३<br>२=न्यू. दोस्रो वर्षदेखि |

## ९.१ वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजना

वनस्पतिका प्रजाति र क्षेत्रको व्यवस्थापन योजनामा अनुकूलित, व्यावहारिक व्यवस्थापन प्रक्रिया र संकलनका असल अभ्यासहरू परिभाषित गरेको हुन्छ ।

| | | |
|---|---|---|
| ९.१ ज | व्यवस्थापन योजनामा प्रजातिहरू र यिनका बासस्थानहरूको दिगो पनामा सम्भावित चुनौतिहरूको प्रतिनिधित्व गर्ने क्षेत्रहरूमा हुने क्रियाकलापहरू पहिचान गरिएको हुन्छ (एउटै क्षेत्रमा अन्य धेरै संकलक कम्पनी रहेको) : (०) समावेश नगरिएको, थाहा नभएको, सम्बन्धित जोखिमहरूलाई सम्बोधन गर्ने प्रयासहरू नभएको, (१) केही आधारभूत सामान्य जानकारीहरू समावेश गरेको, सहकार्यका लागि केही प्रयासहरू गरिएको, (२) अन्य सरोकारवालाहरू पहिचान गरिएको र संकलन क्षेत्रमा उनीहरूले गर्दै आएका क्रियाकलापहरू | ३ |

| | | |
|---|---|---|
| | सम्बन्धी आधारभूत जानकारीहरू अभिलेखित गरिएको, (३) अन्य उपभोक्ताहरूसँग राम्रो सहकार्य र सञ्चार आदान प्रदान हुने गरेको । | |
| ९.१ भ | व्यवस्थापन योजनामा संकलनको दिगोपनाका लागि पहिचान भएका चुनौतिहरू घटाउने वा रोक्ने रणनीतिहरू समावेश गरिएको (संकलन क्षेत्रमा बहुउपभोक्ता, स्रोत प्रदुषित आदि) हुन्छ : (०) स्पष्ट रूपमा आवश्यक भएपनि रणनीति तथा योजनाहरू नभएको, (१) जोखिम न्यूनीकरणका लागि केही कार्यहरू गरेको तर यी कार्यहरूलाई औपचारिक रूपमा कार्ययोजनामा समावेश नगरेको, (२ = न्यू. दोस्रो वर्षदेखि) प्रयाप्त रणनीतिहरू अपनाइएको वा पहिचान गरिएका कुनै पनि जोखिम विद्यमान नरहेको, (३) प्रयाप्त प्रयासहरू गरेको । यदी असान्दर्भिक वा लागु नहुने भएमा - (२) | ३<br>२=न्यू. दोस्रो वर्षदेखि |

## ९.२ स्रोत सर्वेक्षण, मूल्यांकन र अनुगमन

वन जंगलमा रहेका जंगली वनस्पतिहरूको संकलन व्यवस्थापनको कार्य प्रयाप्त र व्यावहारिक किसिमको स्रोत सर्वेक्षण, मूल्यांकन र संकलन प्रभावको अनुगमनद्वारा सघाइएको हुनु पर्दछ ।

| | | |
|---|---|---|
| ९.२ क | उच्च जोखिममा रहेका लक्षित प्रजाति र यिनका बासस्थानहरूको बारेमा मूल्यांकन र नियमित अनुगमन गरी त्यसबाट प्राप्त नतिजालाई अभिलेखित गरी व्यवस्थापन योजनामा समावेश गरिएको हुन्छ : (०) मूल्यांकन नगरिएको र अनुगमन गर्ने योजना पनि नरहेको, (१) अनौपचारिक र समान्य रूपमा मूल्यांकन गरिएको तर यसको लिखित प्रक्रियाहरू नरहेको (२ = न्यू. दोस्रो वर्षदेखि) व्यवस्थापन योजनामा स्रोतको मूल्यांकन र आवधिक अनुगमनका लागि प्रयाप्त कार्यविधिहरूका उल्लेख गरिएको र सोको कार्यान्वयन गरिएको, (३) उन्नत किसिमको प्रणाली विकास गरिएको र यस विषयमा धेरै नै ज्ञान रहेका कर्मचारीहरू रहेको । | ३<br>२=न्यू. दोस्रो वर्षदेखि |

## ९.३ संकलकहरूद्वारा दिगो संकलनका उपायहरूको कार्यान्वयन

वन जंगलका वनस्पतिहरूको संकलन कार्य सञ्चालन गर्नेले तालिम लिएका र दक्ष संकलकहरूले मात्र लक्षित वनस्पति स्रोतको संकलन गरेका छन् भन्ने कुराको सुनिश्चिता गर्दछन् र संकलकहरूले उपयोगमा आउन सक्ने सम्मका संकलन मार्गदर्शनहरूलाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याएका छन् भन्ने कुराको अनुगमन गरेका हुन्छन् ।

| | | | | |
|---|---|---|---|---|
| ९.३ छ | संकलकहरूसँगको अन्तरवार्ता र स्थलगत भ्रमणका आधारमा संकलन गरिएको पटकबारे प्रमाण संकलन : उच्च जोखिममा रहेका सबै प्रजातिहरूको हकमा (०) कतिपय संकलन क्षेत्रहरूमा अति नै धेरै पटक संकलन गरिएको कुरा स्पष्ट रूपमा देखिएको, संकलन गर्न सकिने पटक सम्बन्धी प्रतिबन्धहरूको बारेमा संकलकहरू सचेत नरहेको र अति धेरै संकलन गरेको कुरा देखिएको, (१) समग्रमा बढी संकलन गरिएको नदेखिएको तर कति पटक संकलन गर्न पाइन्छ भन्ने बारेमा संकलकहरूमा सचेतना नरहेको र कतिपय क्षेत्र वा स्थानहरूमा संकलनका लागि दिइएको निर्देशन भन्दा कहिलेकाँही सामान्यतया बढी संकलन गरेको देखिएको, (२ = न्यू.) आधिकारिक रूपमा संकलन गर्न पाउने पटकलाई आधार मानी संकलन गरिएको र उच्च रूपमा धेरैपटक संकलन गरिएको क्षेत्रमा पनि बढी संकलन गरिएको कुरा नदेखिएको, (३) संकलन गतिविधिबाट धेरै न्यून प्रभाव परेको ।<br>यदी असान्दर्भिक वा लागु नहुने भएमा - (२) | | ३<br>१=न्यू. प्रथम र दोस्रो वर्षदेखि<br>२=न्यू. दोस्रो वर्षदेखि | |
| | **जम्मा** | **अधिक नं.** | **पूर्णाङ्क** | **स्कोर** |
| **अधिक अंकहरू (नम्बर)/ पूर्णाङ्क/स्कोर** | | **३६** | **२४** | |

## सन्दर्भ सामग्रीहरू


ABABOUCH, L. 2002. Fish trade, safety, quality, and environmental issues. PowerPoint presentation. UNCTAD Workshop on standards and trade. Geneva, 16-17/5/2002.

BIOFOUNDATION. 2008. Fair for Life Certification Programme. Biofoundation, Weinfelden, Switzerland.

http://www.fairforlife.net/logicio/client/fairforlife/file/IMO_SFT_Programme_Version3_Feb08.pdf

BROWN, L., D. ROBINSON, and M. KARMANN. 2000. The Forest Stewardship Council and Non-timber Forest Product Certification: a Discussion Paper. Appendix A. Draft Principle 11. FSC NTFP Working Group, 1997.

COONEY, R. 2004. The Precautionary Principle in Biodiversity Conservation and Natural Resource Management: An issues paper for policy-makers, researchers and practitioners. IUCN, Gland, Switzerland and Cambridge, UK.

CUNNINGHAM, A B. 2001. Applied ethnobotany: people, wild plant use and conservation. Earthscan, London.

EDQM. 2007. The European Pharmacopoeia. 6th edition.

FSC. 2000. Principles and Criteria. Forest Stewardship Council.

FSC. 2006. Chain of Custody Certification. Forest Stewardship Council.

FWF. 2010a. FairWild Standard: Version 2.0. FairWild Foundation, Weinfelden, Switzerland.

FWF. 2010b. FairWild Standard: Version 2.0. Performance Indicators. FairWild Foundation, Weinfelden, Switzerland.

HOLLING, C.S. 1978. Adaptive environmental assessment and management. John Wiley and Sons, New York.

ILO. 1958. C111 Discrimination (Employment and Occupation) Convention. International Labour Organization, Geneva

ISEAL. 2004. ISEAL Code of Good Practice for Setting Social and Environmental Standards. International Social and Environmental Accreditation and Labelling Alliance. P005 Final Public Draft, version 3, January 2004.

IUCN. 2001. IUCN Red List Categories and Criteria: Version 3.1. IUCN Species Survival Commission. IUCN, Gland, Switzerland and Cambridge, UK.

LAMMERTS VAN BUEREN, E.M., AND E.A. BLOM. 1997. Hierarchical Framework for the Formulation of Sustainable Forest Management Standards. The Tropenbos Foundation, Leiden, The Netherlands.

LEAMAN, D. and A.B. CUNNINGHAM. 2008. Resource assessment: a guide to implementing Principle 1: maintaining MAP resources. Guidance for implementing the ISSC-MAP. Draft for review and comment, 08-04-08.

MPSG. 2007. International Standard for Sustainable Wild Collection of Medicinal and Aromatic Plants (ISSC-MAP). Version 1.0. Bonn, Gland, Frankfurt, and Cambridge: Bundesamt für Naturschutz (BfN), MPSG/SSC/IUCN, WWF Germany, and TRAFFIC.(BfN-Skripten 195).

MEINSHAUSEN F, S. WINKLER, R. BÄCHI, F. STAUBLI, and K. DÜRBECK. 2006. FairWild Standards, Version 1 (11/2006). FairWild Foundation, Weinfelden, Switzerland.

PETERS, C.M. 1994. Sustainable Harvest of Non-Timber Plant Resources in Tropical Moist Forest: An Ecological Primer. Biodiversity Support Programme and World Wildlife Fund, Washington, DC

PIERCE, A.R. and S.A. LAIRD. 2003. In search of comprehensive standards for non-timber forest products in the botanicals trade. International Forestry Review 5(2): 138-147.

SAI. 2004. Guidance Document for Social Accountability 8000. Social Accountability International, New York.

SCHROEDER, D. 2007. Benefit sharing: it's time for a definition. Journal of Medical Ethics 33:205-209.

SECO. 2005. A Guide to Using the Working Draft ABS Management Tool. State Secretariat for Economic Affairs. Berne, Switzerland.

SHANLEY, P., A.R. PIERCE, S.A. LAIRD, and A. GUILLEN. 2002. Tapping the Green Market: Certification and Management of Non-timber Forest Products. Earthscan.

UNCTAD. 2008. International Requirements for Organic Certification Bodies. United Nations Conference on Trade and Development (UNCTAD), Food and Agriculture Organization of the United Nations (FAO) and International Federation of Organic Agriculture Movements (IFOAM), Geneva, Rome and Bonn.

http://www.unctad.org/trade_env/itf-organic/meetings/itf8/IROCB_0809%20.pdf

UNEP. 2001. Convention on Biological Diversity: Text and Annexes. United Nations Environment Programme. UNEP/CBD/94/1.

WALTERS, C.J. 1986. Adaptive management of renewable resources. McMillan, New York.

ZABEL, R.W., C.J. HARVEY, S.L. KATZ, T.P. GOOD, and

## अनुसूची १ : शब्दको वर्णन र संक्षिप्त शब्द

| | |
|---|---|
| ABS | Access and benefit-sharing |
| BfN | Bundesamt für Naturschutz / German Federal Agency for Nature Conservation |
| CBD | Convention on Biological Diversity |
| EDQM | European Directorate for the Quality of Medicines and Health-Care |
| FSC | Forest Stewardship Council |
| FWF | FairWild Foundation |
| HR | High Risk |
| ILO | International Labour Organisation |
| IMO | Institute for Marketecology |
| ISSC-MAP | International Standard for Sustainable Wild Collection of Medicinal and Aromatic Plants |
| IUCN | International Union for Conservation of Nature |
| MAT | Mutually Agreed Terms |
| MAP | Medicinal and Aromatic Plant |
| MPSG | Medicinal Plant Specialist Group of the IUCN/SSC |
| NTFP | Non-timber Forest Product |
| PIC | Prior Informed Consent |
| SECO | State Secretariat for Economic Affairs (Switzerland) |
| SSC | Species Survival Commission |
| UNCTAD | United Nations Conference on Trade and Development |
| UNEP | United Nations Environment Programme |

## अनुसूची २ : शब्दावलीहरू

| शब्द/शब्दहरू | परिभाषा | स्रोत |
|---|---|---|
| पहुँच र लाभको बाँडफाँड<br>Access and benefit-sharing (ABS) | अन्तर्राष्ट्रिय कानूनी सन्दर्भमा पहुँच र लाभको बाँडफाँड भन्नाले आनुवंशिक स्रोत प्रदायकलाई आनुवंशिक स्रोतको र परम्परागत ज्ञानको उपयोगबाट प्राप्त लाभ तथा फाइदाको एउटा हिस्सा प्रदान गर्ने कार्यलाई जनाउँछ । यसको व्यापक किसिमको परिभाषा अन्तर्गत जैविक स्रोत, सामुदायिक ज्ञान, प्रविधिहरू, सृजना र अभ्यासहरूको उपयोग गर्ने विषयहरू समेत समेटिएका हुन्छन् । | SCHROEDER 2007 |
| अनुकूलित व्यवस्थापन<br>Adaptive management | अनुकूलित व्यवस्थापन भन्नाले प्राकृतिक स्रोतको उपयोगका क्रममा आइपर्ने अनिश्चितता सामना गर्ने एउटा एकिकृत र बहुआयामिक अवधारणालाई जनाउँछ । मानव हस्तक्षेपका कारण व्यवस्थापन गरिएका स्रोतहरू सधै परिवर्तनशिल हुन्छन्, अनौठा अनुभवहरू अपरिहार्य छन् र यसबाट नयाँ अनिश्चितताहरूको सृजना हुने गर्दछ भन्ने कुरालाई यसले स्वीकार गर्दछ, त्यसले यस्तो व्यवस्थापनलाई अनुकूलित भनिएको हो । सक्रिय सिकाई यस्तो सिकाई हो, जसले अनिश्चितताहरूलाई केलाउने कार्य गर्दछ । अनुकूलित सिकाईले यो कुरा स्वीकार गर्दछ की नीतिहरूले सामाजिक उद्देश्यहरूलाई सन्तुष्ट बनाउनुका साथै अनौठा सिकाईहरूलाई अंगिकार गर्नको लागि नीतिलाई निरन्तर लचक र परिमार्जित हुनु पर्दछ । त्यसैले अनुकूलिकत व्यवस्थापनले नीतिलाई परिकल्पनाको रूपमा देख्दछ, अर्थात अधिकांश नीतिहरू उत्तरको रूपमा मुखरित हुन्छन् र व्यवस्थापनको कार्य एउटा अनुभवजन्य अर्थमा उपचारको रूपमा देखा पर्दछ । | HOLLING 1978; WALTERS 1986 |

| | | |
|---|---|---|
| जैविक विवधता<br>Biological diversity | स्थल, समुद्री र अन्य जलीय पारिस्थितिकीय प्रणाली तथा परिस्थितिकीय परिसर लगायत सबै स्रोतबाट जीवत रूपमा रहेका जीवहरूका बीचको परिवर्तनशीलतालाई जैविक विविधता भनिन्छ, जुन समग्रमा एक हिस्साको रूपमा रहेका हुन्छन् र यस अन्तर्गत प्रजाति भित्रको विविधता, प्रजाति बीचको विविधता र पारिस्थितिकीय प्रणाली बीचको विविधता समेत पर्दछ । | UNEP 2001 |
| संकलन कार्यक्रम सञ्चालक<br>Collection Operation | यो मापदण्डका आवश्यकताहरूको कार्यान्वयनको निमित्त उत्तरदायी रहेको कुनै व्यावसायिक इकाई वा संगठनको समग्रतालाई जनाउन यो शब्दको प्रयोग गरिएको छ र सामान्यतया यस्तो कम्पनी वा संगठन जसले वन जंगलबाट प्राकृतिक वनस्पतिको संकलन गर्ने कार्यहरूका साथै यस्ता संकलित वस्तुहरूको बजारीकरण पनि गर्दछ । | ADAPTED FROM SAI 2004 |
| बालवालिका<br>Child | जवसम्म स्थानीय उमेरसम्बन्धी कानूनले काम वा अनिवार्य रूपमा विद्यालय जानको लागि उच्च उमेर तोक्दैन, तवसम्मको लागि बालवालिका भन्नाले १५ वर्ष भन्दा कम उमेरको बच्चालाई जनाउँछ । यस्तो अवस्थामा जुन उच्च उमेर छ सोही लागु हुन्छ । उमेरसम्बन्धी स्थानीय कानूनमा जेसुकै व्यवस्था भएतापनि आइएलओ १३८ अनुसार विकाशशील देशमा अपवादको रूपमा १४ वर्ष सम्मको उमेर हदको लागि बालवालिका मानिएको छ र यस्तो अवस्थामा उमेरको तल्लो हद लागु हुन्छ । | SAI 2004 |
| आधार<br>Criterion | एक अवस्था वा विचार, जुन सिद्दान्तको पालनाको परिणाम स्वरूप सिर्जना भएको हुन्छ । जुन किसिमले आधारको तयारी गरिएको हुन्छ, सोही वास्तविक स्थितिमा परिपालनाको स्तरका आधारमा यसले एउटा निर्णय प्रदान गर्न पुग्दछ । | LAMMERTS VAN BUEREN and BLOM 1997 |

| | | |
|---|---|---|
| | एउटा यस्तो मापदण्ड जसका आधारमा निर्णय वा न्यायिक निर्णय आधारित रहेको हुन्छ, जुन एउटा पदचिन्ह  वा मार्गदर्शक हो । | ENCYCLO-PAEDIA BRITANNICA 2006 |
| | सिद्दान्तको प्राप्ति भयो वा भएन भनी निर्णय गर्ने एउटा माध्यम । एउटा आधारले सिद्दान्तको अर्थ र क्रियाशिलता थपेको हुन्छ र सो विना आफै कार्यसम्पादनको लागि एउटा सिधा संकेतको रूपमा रहेको हुन्छ । | SHANLEY et al. 2002 |
| | मापदण्डले मापन गर्न खोजेको कुराको संकेत गर्ने कुरा । | ISEAL 2004 |
| | सिद्दान्त प्राप्ति भयो वा भएन भने र जाँच गर्ने एउटा माध्यम । | FSC 2000 |
| समुदायको अधिकार Customary rights | एउटा भौगोलिक तथा समाजशास्त्रीय इकाई भित्र रहेको यस्तो अधिकार जुन लामो चरणसम्म निरन्तर रूपमा दोहोरी रहने आनीवानी वा प्रथाजनित कार्यहरूको परिणाम स्वरूप यस्तो विना कुनै अवरोध निर्वाध चलिरहने कार्यले कानूनी शक्तिको रूप धारण गरेको हुन्छ, जसलाई सामुदायिक अधिकार भनिन्छ । | FSC 2000 |
| भेदभाव Discrimination | जाति, वर्ण, लिंग, धर्म, राजनीतिक आस्था, राष्ट्रिय निष्कर्षण र सामाजिक उत्पत्तिका आधारमा गरिने विभेद, बहिष्करण वा बरियता अन्य कुनै पनि प्रकारका विभेद जसले पेशा, व्यावसाय वा रोजगारीका अवशरहरूमा समानताको कमी वा प्रभाव पर्दछ । | ILO 1958 |
| पारिस्थितिकीय प्रणाली Ecosystem | सम्पुर्ण वनस्पतिहरू र प्राणीहरूका साथै तिनीहरूको भौतिक वातावरण र क्रियाकलापहरू जसले एउटा अन्तरसम्बन्धित इकाईको रूपमा सँगसँगै काम गर्दछन् । | FSC 2000 |
| संकटापन्न प्रजातिहरू Endangered species | कुनै पनि प्रजातीहरू सबै वा यसको दायराको कुनै महत्वपूर्ण भाग लापोन्मूख हुने खतराको अस्थामा रहेको । | FSC 2000 |

| | | |
|---|---|---|
| पर-स्थानीय संरक्षण<br>Ex-situ conservation | कुनै पनि जैविक विविधताको कुनै भागलाई सोको प्राकृतिक बासस्थान भन्दा बाहिर संरक्षण गरिनु । | UNEP 2001 |
| संकलनको क्षेत्र र प्रभाव<br>Extent of collection | विस्तार : कुनै क्षेत्रमा कुनै कुराको विस्तार हुनु, जस्तै : क्षेत्र | ENCYCLO-PAEDIA BRI-TANNICA 2006 |
| | क्षेत्र : कुनै वनस्पतिको उपचार, क्रियाकलाप अथवा प्रभाव विस्तार भएको स्थान, कार्यान्वयन हुने भू-भाग | |
| | सीमा : एक विशिष्ट सापेक्षित आकार, सीमा वा गहनता (जस्तै : क्षेत्रभन्दा ठूलो क्षेत्रमा परियोजना सञ्चालन गरिएको) | |
| | दर : दुई वस्तुहरू बीचको निश्चित् अनुपात, गणनामा दिईने मान, मात्रा राशि, कुनै वस्तुको प्रति इकाई मापन गरेर निकालिएको दर | |
| | गहनता : मात्राको परिमाण (एक शक्तिको रूपमा), प्रति इकाई (क्षेत्रको, मात्राको, समयको) | |
| | पटक : समयको इकाइमा कुनै अवधिक प्रक्रियामा दोहोरिएको नम्बर | |
| | आयतन : तीनवटा आयाम भएको वस्तुले ओगटेको क्षेत्र मापन गर्दा आउने क्षेत्रफल | |
| | परिमाण : निश्चित् वा अनुमानित मात्रा | |
| | तह : परिमाणको एक मात्रा | |
| | संकलन (वार्षिक रूपमा दिगो किसिमले) : एक प्राकृतिक उत्पादनको रूपमा रहेको वस्तु ल्याउनु | |
| फेयरवाइल्ड प्रिमियम<br>FairWild Premium | संकलनबाट खरिद गरिएका फेयरवाइल्ड प्रमाणीकरण भएका सबै वस्तुहरू वापत फेयर वाइल्ड व्यापार मूल्य उपर भुक्तानी गरिने अतिरिक्त रकम । फेयरवाइल्ड प्रिमियमलाई अन्य रकम भन्दा विल्कुलै अलग्गै रूपमा र खासगरी सहमति भएका सामाजिक विकास परियोजनामा लगानी लगाउने र उच्चस्तरको उत्पादनमा भुक्तानी दिने गरी | assurance measures |

| | | |
|---|---|---|
| | सञ्चालन गर्नु पर्दछ । यस्तो लाभलाई पहिलो वर्ष खासगरी पारिस्थितिकीय सुधार गर्न र आश्वासनका मापदण्डहरू जस्तै : स्रोतको मूल्यांकनका कार्यहरू जस्ता कार्यमा उपयोग गर्न सकिन्छ । | |
| बधुवा (बाँधा) मजदुर<br>Forced Labour | कुनै दण्डको रूपमा केही काम वा सेवा जबरजस्ती कुनै व्यक्तिबाट गराउनु नै बधुवा मजदुर को विशेषता हो । यस्तो काम श्रम गर्नेको स्वेच्छाले नभई उसले वा उसको परिवारले लिएको ऋणको भुक्तानी स्वरूप गराइन्छ । | SAI 2004 |
| मार्गदर्शन<br>Guideline | नीति वा आचरणको एक संकेत वा रूपरेखा | ENCYCLO-PAEDIA BRITANNICA 2006 |
| बासस्थमान<br>Habitat | कुनै क्षेत्र वा स्थान जहाँ कुनै जीव वा जनसँख्या प्राकृतिक रूपमा रहेको हुन्छ । | UNEP 2001 |
| सामञ्जस्यता<br>Harmonisation | दुई वा सो भन्दा बढी मापदण्डहरूका विषयवस्तुहरूलाई समरूपतर्फ ल्याउने प्रक्रिया नै सामञ्जस्यता हो । यस अन्तर्गत साझा उद्देश्यहरूको घोषणा गर्ने, मापदण्डहरूको प्रस्तुतीका लागि साझा प्रारूप अवलम्बन गर्ने र अन्तर्राष्ट्रिय रूपमा एउटै मापदण्डको विकास र अवलम्बन गर्ने । | ISEAL 2004 |
| उच्च जोखिम<br>High Risk (HR) | पारिस्थितिकीय क्षेत्रहरू र बजारका कारकहरू केलाउँदै फेयरवाइल्ड प्रतिष्ठानद्वारा दुर्लभ भनी विचार गरिएको वनस्पति नै उच्च जोखिममा रहेको वनस्पति हो । | |
| जडीबुटीजन्य औषधी<br>Herbal drugs | मुख्य रूपमा पूर्ण वा अलग्याइएको वा टुक्रा पारिएको वनस्पतिहरू, वनस्पतिको भागहरू, झ्याउ, ढुसी आदि अप्रशोधित अवस्थामा रहेका र सुकाइएको रूपमा रहेका र कुनै समय शुद्ध कच्चा रूपमा रहेका वनस्पतिजन्य वस्तुहरूलाई जडीबुटीजन्य औषधी भन्ने गरिन्छ । जडीबुटीजन्य | EDQM 2007 |

| | | |
|---|---|---|
| | औषधीलाई द्विपदीय प्रणाली (वंश, प्रजाति, जात र लेखक) का आधारमा वनस्पतिजन्य बैज्ञानिक नामका आधारमा ठिकसँग स्पष्ट गरिएको हुन्छ । | |
| सूचक<br>Indicator | आधारसँग सम्बन्धित रहेर मूल्यांकन गर्न सकिने गुणात्मक र मात्रात्मक परिमिति (प्यारामिटर) लाई सूचक भन्ने गरिन्छ । यसले कुनै परिस्थितिक प्रणाली वा समाजिक प्रणालीका तत्वहरूको उद्देश्यमूलक रूपमा सत्यापन गर्ने तरिकाको व्याख्या गर्दछ । न्यूनतम वा अधिकतम स्वीकार्य सूचकको मूल्य थ्रेसहोल्ड मानको रूपमा चिनिन्छ (जस्तै : मात्रा वा योग्यताको तरिका मापन प्रदर्शन) । सूचकमा कार्यसम्पादन मूल्य समावेश गरिएको मानिन्छ, त्यसैले यसलाई कार्यसम्पादन सूचक भनिन्छ । | SHANLEY et al. 2002 |
| | सूचकहरूलाई विभिन्न किसिमले मापन गरिन्छ । | ISEAL 2004 |
| स्व-स्थानीय संरक्षण<br>In-situ conservation | परिस्थितिकीय प्रणाली र प्राकृतिक बासस्थान तथा प्रजातिहरूको सम्भाव्य संख्याको पूनरस्थापना र कायम गर्ने कार्यहरू उनीहरू कै प्राकृतिक वातावरणमा संरक्षण गर्ने कार्य नै स्व-स्थानीय संरक्षण हो । घरेलुकरण वा खोती गरिएका प्रजातिहरूको सन्दर्भमा उनीहरू कै विशिष्ट गुणहरू रहने गरी वरिपरीको वातावरणमा विकास गरिएको हुन्छ । | UNEP 2001 |
| व्यवस्थापन योजना<br>Management Plan | व्यवस्थापन योजना एउटा लिखित दस्तावेज हो जसमा स्रोत व्यवस्थापक वा व्यवस्थापन समितिले विभिन्न लक्ष्यहरू अवधारणाहरू उल्लेख गरेको हुन्छ, जसको निश्चित समयमा कार्यान्वयन गरिन्छ । फेरवाइल्ड व्यवस्थापन योजनामा फेयरवाइल्ड मापदण्डका सिद्वान्तहरू पूरा गर्नेगरी मापदण्ड र कार्यविधिहरू जिम्मेवारीहरू र आवश्यक पर्ने कार्यहरू समावेश गरिएको हुन्छ । | WINKLER 2008 |

| | | |
|---|---|---|
| आपसमा सहमति गरिएका शर्तहरू Mutually-agreed terms | अन्य विभिन्न कुराहरूका साथै आनुवंशिक स्रोत र परम्परागत ज्ञानमा पहुँच र लाभको बाँडफाँडका लागि निर्धारित शर्त र प्रवधानहरू । यस्ता शर्तहरू निर्धारण गर्दा स्रोत उपभोक्ता र प्रदायकहरूका साथै अन्य सरोकारवालाहरू पनि संलग्न हुन्छन् । | SECO 2005 |
| गैरकाष्ठ वन पैदावार Non-timber forest products | काठ बाहेकका अन्य सबै वन पैदावारहरू, जस अन्तर्गत रूखबाट प्राप्त गरिएका अन्य वन पैदावारहरू जस्तै : पात, खोटो लगायत वनस्पति र प्राणी समेत पर्दछन् । | FSC 2000 |
| | काठ बाहेकका सबै जैविक उत्पादनहरू जसलाई जीविकोपार्जन र व्यापारका लागि संकलन गरिन्छ । गैरकाष्ठ वन पैदावारहरू प्राकृतिक वन, वृक्षरोपण गरिएको वन लगायतका फरेष्ट इष्टे वार्डशीप काउन्सिलले (एफ.एस.सी.) परिभाषित गरेका विभिन्न वनबाट प्राप्त हुन्छन् । | FSC 2000 |
| जैविक कृषि (जैविक र पारिस्थितिकीय कृषि) Organic agriculture (biological agriculture, ecological agriculture) | एउटा समग्र प्रक्रियाको सेटमा आधारित भई पूर्ण प्रणालीगत दृष्टिकोण जसले दिगो पारिस्थितिकीय प्रणाली, सुरक्षित खाना, राम्रो पोषण, पशु कल्याण र सामाजिक न्याय परिणामहरूको सिर्जना गर्दछ । त्यसैले जैविक उत्पादनमा उत्पादन प्रणाली भन्दापनि धेरै कुराहरू समेटिएका हुन्छन्, जसले केही आगत (इन्पुट्स) हरूलाई समावेश गर्दछ र केहीलाई हटाउँदछ । | IFOAM 2004 |
| सञ्चालक Operator | एउटा व्यक्ति तथा व्यावसायिक उद्यम, जुन प्रमाणीकरण आधारित भएको मापदण्डहरूलाई निरन्तर रूपमा पुरा गराउने कुराको सुनिश्चितता गराउने कार्यका लागि जिम्मेवार रहेको हुन्छ । | UNCTAD 2008 |
| पूर्वसावधानीको सिद्दान्त र अवधारणा Precautionary principle; precautionary approach | अनिश्चितता प्रतिको एउटा दृष्टिकोण जसले कुनै हानी हुनु भन्दा पहिला नै बैज्ञानिक सुनिश्चितता आधारमा कुनै अत्यन्त गंभिर र सुधार गर्न नसकिने प्रकृतिको वातावरणीय हानीलाई रोक्ने उपायहरू प्रदान गर्दछ । | COONEY 2004 |

| | | |
|---|---|---|
| सिद्दान्त<br>Principle | तर्क र कार्यको निमित्त आधारको रूपमा सेवा प्रदान गर्ने एउटा आधारभूत नियम । सिद्धान्तहरू लक्ष्यको स्पष्ट तत्वहरू हुन् । | LAM-MERTS VAN BUEREN and BLOM 1997 |
| | एक व्यापक र मौलिक कानून, सिद्दान्त वा धारणा | ENCYCLO-PAEDIA BRITANNICA 2006 |
| | तर्क वा कार्यको आधारको रूपमा मौलिक सत्य वा कानून, एक आवश्यक नियम वा तत्व | SHANLEY et al. 2002 |
| | एक आवश्यक नियम वा तत्व | BROWN et al. 2000 |
| पूर्वसूचित सहमति<br>Prior informed consent | राज्य र अन्य प्रदायकहरूबाट स्रोत उपभोक्ताले प्राप्त गरेको सहमति ।सबै आवश्यक जानकारीहरू पूर्णरूपमा सार्वजनिक गरेपछि आपसमा सहमति गरिएका शर्तहरू अनुसार यस्तो अवस्था हुन सक्छ की यसबाट उनीहरूका आनुवंशिक स्रोतहरू परम्परागत ज्ञानमा पहुँच प्राप्त हुन्छ । | SECO 2005 |
| संरक्षित क्षेत्र<br>Protected area | भौगोलिक रूपमा परिभाषित यस्तो क्षेत्र जसलाई निर्दिष्ट संरक्षण वा नियन्त्रित र विशिष्ट संरक्षण उद्देश्य प्राप्त गर्नको लागि व्यवस्थित गरिएको हुन्छ । | UNEP 2001 |
| मापदण्ड<br>Standard | कुनै निकायद्वारा स्थापित एक निश्चित् नियम, सिद्दान्त वा माप । | ENCYCLO-PAEDIA BRITANNICA 2006 |
| | सिद्धान्त आधार = मापदण्ड | FSC 2000 |
| | अभ्यास गर्ने मापदण्डहरू : मुख्य प्रतिवद्दता (निश्चित् आवश्यकताहरू, सबै लागु हुने अवस्थामा परिणाम वा प्राप्ति हुने शर्तहरू) र मार्गदर्शन (उदार, विशेष परिस्थिति अनुसार अनुसरण गर्नका लागि उपलब्ध हुने र चाहनाको हिसावले सम्मानजनक हुने) तथा अभिलेखित र प्रतिवेदन उपलब्ध गराउने (प्रतिवद्धता र मार्गदर्शन लागु गर्नका लागि पारदर्शिता कायम गर्ने) । | SECO 2005 |

| | | |
|---|---|---|
| | साझा रूपमा र दोहोऱ्याएर प्रयोग गर्नका लागि उत्पादन वा सम्बन्धित प्रशोधन र उत्पादन विधिहरूको नियम, मार्गदर्शन वा विशेषताहरूसँग सम्बन्धित दस्तावेज जुन पालना गर्नका लागि बाध्यात्मक भने छैन । यस दस्तावेजले स्पष्ट रूपमा खासगरी शब्दहरूको अर्थ, प्रतिक, चिन्ह, प्याकिङ र लेवलिङ सम्बन्धी आवश्यकताहरू जुन उत्पादन, प्रशोधन र उत्पादन विधिसँग सम्बन्धित हुन्छन्, यस्ता कुराहरूमा ध्यान दिन्छ । | ISEAL 2004 |
| दिगो उपयोग<br>Sustainable use | जैविक विविधताको दीर्घकालिन रूपमा गिरावट नहुने गरी जैविक विविधताको घटकहरूको उपयोग गर्ने, जसले गर्दा वर्तमान र भावी पुस्ताको आवश्यकता र आकांक्षा पुरा गर्नको लागि यसको सम्भाव्यता कायमै राख्न सकिन्छ । | UNEP 2001 |
| पूर्णअधिकार<br>Tenure | व्यक्ति वा समूहहरूद्वारा आयोजित समाजिक रूपमा परिभाषित सम्झौताहरू जसलाई कानूनी नियम वा प्रथाजनित कानूनद्वारा मान्यता प्रदान गरिएको हुन्छ र अधिकार एवं कर्तव्यको बाटोको सन्दर्भमा यस अन्तर्गत कुनै भूमीको इकाई वा त्यसभित्र रहेका । | FSC 2000 |
| | सम्बन्धित स्रोतहरू (जस्तै : रूख, वनस्पतिका प्रजातीहरू, पानी खानी तथा खनिज पदार्थ) को स्वामित्व, नियन्त्रण, पहुँच र उपयोगलाई समेत जनाउँछ । | |
| दुर्लभ प्रजातिहरू<br>Threatened species | सम्बन्धित उपयुक्त कानून तथा नियमहरू र आईयुसीएनको रेडलिष्ट वर्गीकरणमा दुर्लभ भनी सुचीकृत गरिएका प्राणी र वनस्पतिका प्रजातिहरू । | IUCN 2001 |
| अभिलेखिकरण र सहज खोज प्रक्रिया (Traceability) | अभिलेखित पहिचानको माध्यमबाट इतिहास, प्रयोग वा कुनै इकाईको स्थान पत्ता लगाउने क्षमतालाई अभिलेखिकरण र सहज खोज प्रक्रिया भनिन्छ । | ABABOUCH 2002 |

| | | |
|---|---|---|
| व्यापार मूल्य श्रृंखला<br>Trade chain (chain of custody) | वन जंगलदेखि उपभोक्तासम्म कच्चा पदार्थ र उत्पादनहरूले लिएको बाटो, जस अन्तर्गत अन्य कुराका अतिरिक्त प्रशोधन, ओसार पसार, निर्माण र वितरण सम्मका निरन्तर चरणहरू समावेश भएका हुन्छन् । | FSC 2006 |
| | एउटा ट्र्याकिङ प्रणाली जसले प्रमाणीकरणमा संलग्न पक्षलाई प्रत्येक वन पैदावारको यसको उत्पत्तिदेखि संकलन, प्रशोधन, भण्डारण र विक्री सम्मका सबै चरणहरूका कुराहरू पत्ता लगाउन सक्षम बनाउँछ । | SHANLEY et al. 2002 |
| परम्परागत ज्ञान, सृजना र अभ्यास<br>Traditional knowledge, innovations and practices | जैविक विविधताको संरक्षण र दिगो उपयोगसँग सम्बन्धित र आनुवंशिक स्रोतसँग सम्बन्धित आदिवासी जनता र स्थानीय समुदायको व्यक्तिगत वा सामुहिक प्रकृतिको ज्ञान र अभ्यास । | SECO 2005 |
| उपयोगको अधिकार<br>Use rights | वन स्रोत उपयोगसम्बन्धी त्यस्तो अधिकार जसलाई स्थानीय प्रथा वा आपसी सम्झौताका आधारमा स्पष्ट गर्न वा पहुँचको अधिकार कायम गरेका अन्य निकायद्दारा वयान गर्न सकिन्छ । यी अधिकारहरूले विशेष स्रोतहरूको उपयोगमा कम खपत गर्ने वा विशेष कटाईको प्रविधिमा सिमित गर्दछ । | FSC 2000 |
| सत्यापनकर्ता<br>Verifier | स्थलगत रूपमा सूचकहरूको मापन गरिएको छ भन्ने कुराको तरिका बताउँछ (जस्तै : तथ्यांक विन्दु वा जानकारी जसले सूचकको मूल्याकनलाई सजिलो बनाउँछ वा निर्दिष्टता बढाउँछ । यस प्रक्रियाको चाहना सत्यापन कर्ताहरूको न्यूनतम सेट निर्धारण गर्नु होइन तर उनीहरूलाई यी कुराहरू क्षेत्र, उत्पादन, वर्ग, सञ्चालन आकार आदिका आधारमा विशिष्ट छन् भन्ने कुराको लागि निर्दिष्ट अनुमति दिनु हो । सत्यापनहरूले अर्थ, शुद्धता र सूचकको सामान्यतया स्थान विशेष महत्व पनि थप गर्दछ । विषयवस्तु र क्षेत्रगत आधारमा सत्यापनका लागि संख्यात्मक प्यारामिटरहरू छनौट गर्न सकिन्छ । | SHANLEY et al. 2002 |

| | | |
|---|---|---|
| वनस्पतिको व्यवस्थित संख्या Viable population | वनस्पतिको संख्या जसले दिइएको एक अवधीमा आफुलाई सक्षम राख्न सक्दछ । | |
| वन जंगलबाट प्राकृतिक वनस्पतिको संकलन Wild collection | वनस्पतिहरूको प्राकृतिक बासस्थानबाट खेती नगरिएका मूलवस्तु (प्राकृतिक) र प्राकृतिकीकरण गरिएको स्रोतबाट वस्तु जम्मा गर्ने अभ्यास । | |
| कामदारहरू Workers | स्थायी, मौसमी, अस्थायी, प्रवासी, विदेशी, आकस्मिक र उपअनुबन्धित र्कमचारीहरू सहित कार्यक्रम सञ्चालनमा संलग्न सम्पूर्ण कर्मचारीहरू । | BIO FOUN-DATION 2008 |
| वनस्पति उत्पादन Yield | संकलनयोग्य उपज, फसल योग्य उपज : संकलनका लागि अधिकतम रूपमा उपलब्ध हुन सक्ने परिमाण । | See PETERS 1996 |
| | दिगो उपज : संकलन गरिएको वस्तुको प्रतिस्थापन दर बरावरको उत्पादन, जसलाई वार्षिक उत्पादन दरको रूपमा गणना गरिन्छ । | ZABEL et al. 2003 |
| युवा कामदारहरू Young worker | बालवालिकाको उमेर भन्दा बढी र १८ वर्ष भन्दा कम उमेरका कुनै पनि कमदारहरू । यो मापदण्डमा सरलताको कारण युवा कामदारको उमेरको दायरा १५-१८ वर्षको रूपमा उद्धृत गरिएको छ । | Adapted from SAI 2004 |